ISSN 2822-1664(Print)
2822-1699(Online)

वर्ष ८ अङ्क ३० २०८० साउन

# संसद दर्पण



संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं

**प्रकाशक** : सूचना तथा अभिलेख व्यवस्थापन शाखा, संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौँ।

www.parliament.gov.np

information_section@parliament.gov.np

फोनः ०१-४२००२१०, ०१-४२००१३४, ०१-४२००६०७,

**मुद्रण** : संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौँ।

**प्रकाशन** : **२०८० श्रावण**

# सम्पादकीय

संसदीय अभ्यास र परम्पराको संस्थागत स्मरणलाई सुव्यवस्थित गर्दै यस संघीय संसद सचिवालयले आवधिक तथा नियमित प्रकाशन गर्दै आएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले परिभाषित गरेका सार्वजनिक निकायले हरेक तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी प्रकाशन गर्ने दायित्व रहन्छ। सोही दायित्व अनुरूप सो ऐनको दफा ५ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमका विवरण समावेश गरी २०७२ सालदेखि यस सचिवालयले संसद दर्पण त्रैमासिक रूपमा नियमित प्रकाशन गर्दै आएको छ । सोही बमोजिम मिति २०८० साल बैशाखदेखि असार मसान्तसम्मका गतिविधि समेटी संसद दर्पणको यो अंक प्रकाशन गरिएको छ ।

यस अकंको खण्ड एकमा संघीय संसद अन्तर्गत प्रतिनिधि सभा, राष्ट्रिय सभा, दुवै सभा अन्तर्गतका विषयगत समिति र संयुक्त समिति तथा संघीय संसदका पदाधिकारीका क्रियाकलाप समेटिएका छन् । खण्ड दुईमा संघीय संसद सचिवालयका विभिन्न महाशाखा, शाखा, इकाइ तथा सचिवालयका नियमित गतिविधि र २०८० साल बैशाखदेखि असार मसान्तसम्मका आर्थिक विवरण समावेश गरिएको छ ।

संसद दर्पणलाई संग्रहणीय र पठनीय बनाउन ऐन तथा नियमावलीमा निर्धारित सूचनाका अतिरिक्त सम्भव भएसम्म विशेष सामग्री समावेश गरी प्रकाशन गर्ने जानकारी गराउँदै प्रकाशनका सम्बन्धमा सम्बन्धित सबैको रचनात्मक सुझाव एवम् सहयोगको अपेक्षा गर्दछौं ।

**२०८० श्रावण**

# विषय सूची

## खण्ड - एक

### संघीय संसद


**१.१ संघीय संसदका कामकारबाही........................................................१**

**१.१.१ प्रतिनिधि सभा........................................................................ १**

**१.१.२ राष्ट्रिय सभा........................................................................... १**

**१.२ संसदीय समितिका कामकारबाही....................................................७**

**१.२.१ प्रतिनिधि सभा अन्तर्गतका समितिका गतिविधि ...................................... ८**

१.२.१.१ अर्थ समिति.........................................................................८

१.२.१.२ अन्तर्राष्ट्रिय सम्बन्ध समिति........................................................८

१.२.१.३ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति................. १३

१.२.१.४ कानून, न्याय तथा मानव अधिकार समिति .................................. १३

१.२.१.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति.................................. १९

१.२.१.६ महिला तथा सामाजिक समिति .................................................. २८

१.२.१.७ राज्य व्यवस्था तथा सुशासन समिति .......................................... ३२

१.२.१.८ विकास तथा प्रविधि समिति....................................................... ३४

१.२.१.९ शिक्षा तथा स्वास्थ्य समिति शिक्षा तथा स्वास्थ्य समिति................. ३४

१.२.१.१० सार्वजनिक लेखा समिति........................................................ ३८

**१.२.२ राष्ट्रिय सभा अन्तर्गतका समितिका गतिविधि...................................... ४३**

१.२.२.१ दिगो विकास तथा सुशासन समिति............................................ ४३

१.२.२.२ विधायन व्यवस्थापन समिति..................................................... ४३

१.२.२.३ प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति................. ५१
१.२.२.४ राष्ट्रिय सरोकार तथा समन्वय समिति.......................................... ५७
**१.२.३ संघीय संसद अन्तर्गतका संयुक्त समितिका गतिविधि ............................ ६९**
१.२.३.१ संसदीय सुनुवाई समिति ........................................................... ८१
१.२.३.२ राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति.............................. ८१
**१.३ संघीय संसदका पदाधिकारीका गतिविधि ..................................... ८३**
**१.३.१ प्रतिनिधि सभाका सम्माननीय सभामुख............................................. ८३**
**१.३.२ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष................................................. ८३**

# खण्ड - दुई

## संघीय संसद सचिवालय

**२.१ संघीय संसद सचिवालय अन्तर्गतका गतिविधि.............................. ९३**
**२.१.१ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय महाशाखा.......................................९३**
२.१.१.१ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा .................................... ९३
**२.१.२ कानूनी परामर्श महाशाखा..........................................................९३**
२.१.२.१ कानूनी परामर्श शाखा........................................................१०१
**२.१.३ कार्यव्यवस्था महाशाखा (प्रतिनिधि सभा)..........................................१०१**
२.१.३.१ कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा)...........................................१०१
२.१.३.२ सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा)........................................१०२
२.१.३.३ प्रश्न व्यवस्थापन (प्रतिनिधि सभा).................................................१०२
**२.१.४ कार्यव्यवस्था महाशाखा (राष्ट्रिय सभा) ...........................................१०२**
२.१.४.१ कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) ..............................................१०२

२.१.४.२ सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा)........................................१०२

**२.१.५ प्रविधि व्यवस्थापन महाशाखा.........................................................१०३**

२.१.५.१ विद्युत शाखा.........................................................................१०३

२.१.५.२ मुद्रण तथा प्रकाशन शाखा .......................................................१०३

**२.१.६ प्रशासन महाशाखा.....................................................................१०३**

२.१.६.१ कर्मचारी प्रशासन शाखा..........................................................१०४

२.१.६.२ मर्यादापालन तथा सुरक्षा समन्वय शाखा.....................................१०४

२.१.६.३ आर्थिक प्रशासन शाखा...........................................................१२१

२.१.६.४ सूचना तथा अभिलेख व्यवस्थापन शाखा......................................१०८

**२.१.७ मानव संसाधन विकास महाशाखा.................................................११०**

२.१.७.१ संसदीय प्रशिक्षण शाखा...........................................................११०

२.१.७.२ कर्मचारी प्रशिक्षण शाखा..........................................................१११

**२.१.८ संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा...................................१११**

२.१.८.१ संसदीय अध्ययन तथा अनुसन्धान शाखा......................................११३

२.१.८.२ पुस्तकालय शाखा...................................................................११४

**२.१.९ विधि व्यवस्थापन महाशाखा (प्रतिनिधि सभा)...................................११४**

२.१.९.१ विधेयक शाखा (प्रतिनिधि सभा)................................................११५

**२.१.१० विधि व्यवस्थापन महाशाखा (राष्ट्रिय सभा)....................................११५**

२.१.१०.१ विधेयक शाखा (राष्ट्रिय सभा)..................................................११६

**२.१.११ सांसद सुविधा व्यवस्थापन महाशाखा............................................११६**

२.१.११.१ सांसद सुविधा व्यवस्थापन शाखा..............................................११७

२.१.११.२ संसदीय दल समन्वय शाखा.....................................................११७

## खण्ड - एक

# संघीय संसद

## १.१ संघीय संसदका कामकारबाही

संघीय संसदमा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुईवटा सभा रहेका छन्। उक्त सभाबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म भएका कामकारबाहीलाई निम्न अनुसार प्रस्तुत गरिएको छः-

### १.१.१ प्रतिनिधि सभा

**प्रतिनिधि सभा (पहिलो अधिवेशनका) बाट सम्पन्न भएका कार्यहरुः**

यस अवधिमा मिति २०८० वैशाख १ देखि १५ गतेसम्म प्रतिनिधि सभा, २०७९, पहिलो अधिवेशनका ७ वटा बैठक बस्यो। उक्त बैठकहरुमा निम्नानुसारका कार्यहरु भएका थिए:

- पूर्व सदस्य तेजमान तुम्वाहाम्फेको निधन भएकोमा शोक प्रस्ताव पारित भयो।
- “राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७८/०७९” र “आदिवासी जनजाति आयोगको तेस्रो वार्षिक प्रतिवेदन (आ.व. २०७८/०७९)” पेश भए।
- बैठकहरुमा विभिन्न माननीय सदस्यहरुले आकस्मिक एवं सून्य समयमा समसामयिक विषयमा सरकार एवं सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनु भयो।
- आकस्मिक, शून्य र विशेष समयमा मा. सदस्यहरुले उठाउनु भएको विषयहरुका सम्बन्धमा मा. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रञ्जिता श्रेष्ठ र मा. भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले जवाफ दिनुभयो।
- राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभाका सदस्य डा. ढाका कुमार श्रेष्ठलाई सम्बन्धित संसदीय दलले पार्टीको साधारण सदस्यबाट निष्कासन गरेको र सो निर्णय बमोजिम निजको सांसद पद रिक्त हुने भनी निर्णय सहितको सूचना राजनीतिक दल सम्बन्धी ऐन,

२०७३ को दफा ३४ को उपदफा (१) बमोजिम संघीय संसद सचिवालयमा दिएकाले सोही ऐनको दफा ३५ बमोजिम सभालाई जानकारी गराउनु भयो। साथै राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३६ बमोजिम प्रतिनिधि सभा सदस्यको उक्त स्थान रिक्त भएको व्यहोरा जानकारी गराइएको।

- मा. उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता श्री के.पी. शर्मा ओली झापा हुँदै इलाम जाने क्रममा भएको अभद्र व्यवहारप्रति दुःख प्रक्कट गर्दै अराजक र गैर संवैधानिक गतिविधिलाई सरकारले छुट नदिने, मिटरव्याज पिडितको समस्या समाधान गर्न सरकार दृढ रहेको, नागरिकता समस्या समाधन गर्ने लगायतका विषयमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो।

- सम्मानानीय प्रधानमन्त्री एवं वन तथा वातावरण माननीय, उपप्रधानमन्त्री एवं गृह मन्त्री, माननीय कृषि, तथा पशुपन्छी विकास मन्त्री, माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, माननीय अर्थ मन्त्री, माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, माननीय परराष्ट्र मन्त्री, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री, माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री र माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको तर्फबाट माननीय सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराती, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री शक्ति बहादुर बस्नेतले एवं माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले आफ्नो मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो।

- प्रतिनिधि सभा अन्तर्गतका १० वटा विषयगत समितिहरु गठन भए।

- प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित ४ जना मा. सदस्यहरुको अनुपस्थितिका सूचनाहरु स्वीकृत भयो।

- सभाको पहिलो अधिवेशन २०८० वैशाख १५ गते राती १२:०० बजेबाट स्वतः अन्त्य हुनेगरी अन्त्य भयो।

## प्रतिनिधि सभा (दोस्रो अधिवेशन) बाट सम्पन्न भएका कार्यहरु

यस अवधिमा मिति २०८० वैशाख २४ गतेबाट प्रारम्भ भई २०८० असार ३१ गतेसम्म प्रतिनिधि सभा, २०७९ दोस्रो अधिवेशनको जम्मा ४३ वटा बैठक बस्यो। उक्त बैठकहरुमा निम्नानुसार कार्यहरु भएका थिए:

- मिति २०८० जेठ ५ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भयो। प्रतिनिधि सभाको बैठकले सर्वसम्मतिबाट सम्माननीय राष्ट्रपतिमा धन्यवादको प्रस्ताव पारित गऱ्यो। उक्त नीति तथा कार्यक्रममाथि विभिन्न मितिमा छलफल भई जेठ १३ गते बहुमतबाट पारित भयो।
- मिति २०८० जेठ ४ गते र असार ८ गतेको बैठकमा नियमावली बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम सम्पन्न भयो।
- "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भनी समितिमा रहनुहुने मा. सदस्यहरु सहितको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको थियो। उक्त नियमावली मस्यौदा समितिले संयुक्त बैठकमा पेश गरेको "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८०" बहुमतले पारित भएको थियो।
- बैठकमा पेश भएको आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि छलफल भई अर्थमन्त्रीबाट जवाफ दिने कार्य भएको थियो।
- संयुक्त बैठकमा पेश भएको आ.व. २०८०/०८१ को लागि राजश्व र व्ययको वार्षिक अनुमानमाथि सभामा छलफल पश्चात् मा. अर्थमन्त्रीबाट जवाफ दिने कार्य भयो।
- सभामा प्रस्तुत भएको "विनियोजन विधेयक, २०८०" माथि जेठ ३२ देखि असार १० गतेसम्मका बैठकहरुमा दफावार छलफल भई विभिन्न मितिमा सम्बन्धित मा. मन्त्रीहरुबाट जवाफ दिने कार्य सम्पन्न भएपछि उक्त विधेयक बहुमतबाट पारित भयो।

- "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०" लाई बैठकले स्वीकृत गरेको थियो।
- सभामा ४ वटा विधेयक दर्ता भएकोमा ३ वटा विधेयक दुवै सदनबाट पारित भएका छन् भने एउटा विधेयक सभामा पेश भएको छ। राष्ट्रिय सभाबाट प्राप्त एउटा विधेयक पारित भएको छ र "नेपाल विश्वविद्यालय विधेयक, २०८०" माथि सैद्धान्तिक छलफल समाप्त भएको छ।
- "नेपाल सरकारको वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९" र "महालेखा परीक्षकको साठीऔं वार्षिक प्रतिवेदन, २०७९" पेश भए।
- संसदीय सुनुवाई समितिमा प्रतिनिधि सभातर्फका माननीय सदस्यहरुको नाम मनोनयन गर्ने प्रस्ताव बहुमतबाट स्वीकृत भयो।
- संविधान सभा सदस्य महेश चौधरी, पुरुषोत्तम बस्नेत, श्याम सुन्दर टिवडेवाल र मीना पाण्डे, पूर्व सदस्य लालकाजी गुरुङ एवं सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री पृथ्वीबहादुर सिंहको निधन भएकोमा शोक प्रस्ताव पारित भए।
- विभिन्न बैठकको आकस्मिक, शून्य र विशेष समयहरुमा मा. सदस्यहरुले समसामयिक एवं जिल्लामा घटित विभिन्न घटनाहरुको सम्बन्धमा सरकार एवं सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनु भयो।
- विभिन्न बैठकहरुमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड), माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठ र माननीय अर्थ मन्त्री डा प्रकाश शरण महतले सार्वजनिक महत्वको विषयमा र माननीय उपप्रधान तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठ र माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले आकस्मिक, शून्य एवं विशेष समयमा उठेका प्रश्नको सम्बन्धमा वक्तव्य दिनुभएको थियो।

## १.१.२ राष्ट्रिय सभा

**२०८० साल बैशाखदेखि असारसम्म राष्ट्रिय सभाबाट सम्पादित मुख्य मुख्य कार्यहरूको संक्षिप्त विवरणः**

राष्ट्रिय सभाको तेह्रौं अधिवेशन मिति २०७९ साल पुस २५ गते सुरू भई मिति २०८० बैशाख १५ गते अन्त्य भएको थियो । मिति २०८० बैशाख २४ गतेदेखि हालसम्म राष्ट्रिय सभाको चौधौं अधिवेशन चालु अवस्थामा रहेको छ । यस अवधिमा राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको ४ र चौधौं अधिवेशनको २९ गरी जम्मा ३३ वटा बैठकहरू सम्पन्न भएका छन्।

यस अवधिमा माननीय मदन कुमारी शाह (गरिमा) प्रस्तावक र माननीय अनिता देवकोटा, माननीय खिमलाल देवकोटा, माननीय जयन्ती देवी राई, माननीय जितेन्द्र नारायण देव, माननीय तुल प्रसाद विश्वकर्मा, माननीय दिल कुमारी रावल थापा (पार्वती), माननीय प्रमिला कुमारी, माननीय डा. विमला राई पौड्याल, माननीय शेखर कुमार सिंह र माननीय सुरेश कुमार आले मगर समर्थक भई **"सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने"** भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि सभामा छलफल भएको र छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा माननीय अर्थमन्त्री प्रकाशशरण महतले जवाफ दिनुभएको थियो।

यस अवधिमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ नियम २७ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा राष्ट्रिय सभाबाट देहाय बमोजिमका माननीय सदस्यहरूको नाम मनोनयन गर्नुभएको थियो। प्रस्तावित नामलाई सभाले सहमति जनाएको थियो।

१. माननीय सदस्य प्रमिला कुमारी
२. माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ
३. माननीय सदस्य मदन कुमारी शाह (गरिमा)

यस अवधिमा आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल भएको र छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले जवाफ दिनुभएको थियो।

यस अवधिमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले समसामयिक विषयमा आसन्न भारत भ्रमणको बारेमा सभालाई जानकारी दिनुभएको थियो।

यस अवधिमा आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल भएको र छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा माननीय अर्थमन्त्री प्रकाशशरण महतले जवाफ दिनुभएको थियो।

त्यसैगरी यस अवधिमा राष्ट्रिय सभाका अध्यक्षबाट राष्ट्रिय सभामा देहाय बमोजिकको रुलिङ्ग गर्नु भएको छ।

- माननीय सदस्यले व्यक्त गर्नुभएको बिचारमा नेपाल सरकारको ध्यानाकर्षण गराउँछु। आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको अनुमान माथिको सामान्य छलफल एकैपटक दुवै सदनमा चलिरहेको अवस्थामा व्यवहारिक रुपमा एक जना मन्त्री दुवै सदनमा एकै पटक उपस्थित हुन नसक्ने तर राष्ट्रिय सभा नियमावली बमोजिम सम्बन्धित मन्त्रालयको छलफलमा सम्बन्धित मन्त्रीको उपस्थिति अनिवार्य हुने व्यवस्था रहेपनि विषयको गम्भीरतालाई ध्यान दिदै व्यवहारिक हिसाबमा अर्थ मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल चलिरहेको समयमा अर्थमन्त्रीको सहजताको लागि उपसचिव वा सोभन्दा माथिल्लो स्तरको अधिकृत कर्मचारीले सभामा उपस्थित भई टिपोट गर्न निर्देशन दिन्छु ।
- माननीय सदस्यहरू माननीय सदस्यहरूले उठाउनुभएको विषयमा सभाको ध्यानाकर्षण भएको छ के भएको हो आवश्यक कारबाही गरी सभालाई जानकारी गराउनुहुन सरकारको ध्यानाकर्षण गराउँछु।
- सम्माननीय अध्यक्षले चार दिनदेखि लगातार बैठक अवरुद्ध हुँदै आएको तर्फ ध्यानाकर्षण गराउँदै अवरूद्द बैठक सुचारू गर्नका लागि सत्तापक्ष र प्रतिपक्षका शीर्ष नेताहरूको बैठक राखी आपसी सम्वादको माध्यमबाट निकास निकाल्न आग्रह गर्नुभएको छ।

त्यसैगरी यस अवधिमा संवैधानिक व्यवस्था अनुसार देहाय बमोजिमका संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभा समक्ष पेस भएका थिए:

१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन, २०७८/७९
२. नेपालको संविधानको धारा ५३ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७८/७९
३. महालेखापरीक्षकको साठ्ीऔं वार्षिक प्रतिवेदन, २०७९
४. राष्ट्रिय महिला आयोगको पन्धौं वार्षिक प्रतिवेदन, २०७८/७९
५. राष्ट्रिय दलित आयोगको दोस्रो वार्षिक प्रतिवेदन, २०७८/७९

त्यसैगरी यस अवधिमा सभाले "विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको छ भने देहाय बमोजिमका विधेयकहरू पारित गरी सन्देशसहित प्रतिनिधि सभामा पठाएको छः

१. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०
२. नेपाल विश्वविद्यालय विधेयक, २०८०

त्यसैगरी यस अवधिमा सभाले सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएका देहाय बमोजिमका विधेयकहरू सम्बन्धी सभालाई जानकारी दिनुभएको थियो ।

| .सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
| --- | --- | --- |
| १. | विनियोजन विधेयक, २०८० | २०८०/०३/३१ |
| २. | आर्थिक विधेयक, २०८० | २०८०/०३/३१ |
| ३. | राष्ट्र ऋण उठाउने विधेयक, २०८० | २०८०/०३/३१ |

त्यसैगरी, सभाको छैटौं अधिवेशन अवधिमा सरकारी विधेयकको रुपमा संकृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले दर्ता गरेको प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ र सभाको एघारौं अधिवेशन अवधिमा सरकारी विधेयकको रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दर्ता गरेको कोभिड-१९ संकट व्यवस्थापन विधेयक, २०७८ यसै अवधिमा फिर्ता भएको छ।

## १.२ संसदीय समितिका कामकारबाही

संघीय संसदका दुवै सभाअन्तर्गत रहेका १६ वटा विषयगत समितिहरूबाट मिति २०८० साल बैशाखदेखि २०८० साल असारसम्ममा भएका क्रियाकलापहरू देहाय बमोजिम प्रस्तुत गरिएको छः-

## १.२.१ प्रतिनिधि सभा अन्तर्गतका समितिका गतिविधि

प्रतिनिधि सभामा १० वटा विषयगत समितिहरू रहेका छन्। यस अवधिमा समितिहरूले गरेका निर्णय तथा निर्देशनहरू देहाय बमोजिम रहेका छन्:-

## १.२.१.१ अर्थ समिति

**अर्थ समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

- आ.व २०८०/८१ को लागि प्रस्तुत हुने बजेटका सिद्धान्त र प्राथमिकताका सन्दर्भमा दुवै सभाका माननीय सदस्यहरुले राख्नुभएको धारणा तथा सुझावहरुको मुख्य मुख्य बुँदा संग्रहित प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा प्रेषित गरिएको ।
- मिति २०८०/०१/१५ मा समिति गठन पश्चात २०८० असार मसान्तसम्म जम्मा ७ वटा बैठक सम्पन्न भएको र उक्त बैठक र समितिको कामकारवाही सम्बन्धी संक्षिप्त व्यहोरा निम्नानुसार रहेको छः-

| बैठकको मिति र समय | कार्यवाही/निर्णयहरु |
|---|---|
| २०८०/०२/०२<br>बिहान ९ बजे | • समितिका माननीय सदस्यहरुबीच परिचयात्मक कार्यक्रमका साथै समितिको कार्यक्षेत्रका बारेमा छलफल र समितिको आगामी कार्यदिशाको विषयमा माननीय सदस्यहरुको धारणा व्यक्त।<br>• माननीय अर्थमन्त्रीलाई समितिमा आमन्त्रण गरी मुलुकको अर्थतन्त्रको विद्यमान अवस्था, यसमा देखिएका समस्या र तिनका समाधानको लागि सरकारले गरिरहेका कार्यहरुको बारेमा जानकारी लिन माननीय अर्थ मन्त्रीको समय लिई आगामी बैठकमा आमन्त्रण गर्ने निर्णय। |
| २०८०/०२/०६<br>बिहान ९ बजे | • बैठकमा छलफल भएको विषयमा माननीय अर्थमन्त्रीलाई लिखित सुझाव दिन चाहने माननीय सदस्यलाई आफ्नो सुझाव २०८०/०२/०७ गते |

| | |
|---|---|
| | कार्यालय समयभित्र लिखित रुपमा समिति सचिवालयमा उपलब्ध गराउनु अनुरोध।<br>• माननीय सदस्यहरुबाट प्राप्त सुझावहरु एकीकृत गरी अर्थ मन्त्रालयमा पठाउन समिति सचिवलाई निर्देशन। |
| २०८०/०२/१४<br>बिहान ९ बजे | • समितिको बैठकमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतले आ-आफ्नो कार्यक्षेत्र सम्बन्धमा जानकारी प्रस्तुत।<br>• बैठकमा विस्तृत छलफल हुन नसकेकाले आगामी बैठकहरुमा थप छलफल गर्दै जाने निर्णय । |
| २०८०/०२/२९<br>बिहान १० बजे | • नेपाल धितोपत्र बोर्डबाट नयाँ स्टक एक्सचेन्ज र नयाँ धितोपत्र दलाल व्यवसायीका लागि अनुमति प्रदान गर्न भए गरेका काम कारबाही सम्बन्धमा पूँजीबजारका विभिन्न पक्ष समेटेर समितिको प्रतिवेदन मिति २०७७/०३/३० को पत्रबाट त्यस बोर्डलाई कार्यान्वयनका लागि पठाइएको पृष्ठभूमिमा हालसम्म भएका कामकारबाही र समितिको निर्देशन कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्न आवश्यक कागजात र विवरण ५ दिनभित्र समितिमा आइपुग्ने गरी उपलब्ध गराई समितिको कामकारबाहीमा सहयोग पुऱ्याउन अर्थ मन्त्रालय र नेपाल धितोपत्र बोर्डलाई अनुरोध।<br>• नेपाल धितोपत्र बोर्डबाट मिति २०८०/०२/१२ को धितोपत्र बजार सञ्चालन तथा धितोपत्र दलाल व्यवसायीको अनुमति सम्बन्धमा त्यहाँबाट प्राप्त पत्रानुसार "नेपालको धितोपत्र बजार तथा लगानीकर्ताको हितलाई हेरी थप एउटा सम्म स्टक एक्सचेन्ज स्थापना गर्न अनुमति प्रदान गर्न उपयुक्त हुने देखिएको र धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमति सम्बन्धमा "पूर्वाधार तयार गरेको जानकारी गराएका सात वटा संस्थालाई अनुमति प्रदान गरिसकेको" र केही दिनपछि थप एघार गरी जम्मा अठार वटा संस्थालाई अनुमति प्रदान गरेको समाचारमा समितिको आज बसेको बैठकमा |

| | |
|---|---|
| | समितिका माननीय सदस्यहरुबीच छलफल।<br>• समितिबाट विस्तृत अध्ययन गरी अर्को निर्णय नभएसम्मका लागि नयाँ स्टक एक्सचेन्जको स्थापना सम्बन्धी कामकारवाही अगाडि नबढाउन नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जलाई निर्देशन दिने निर्णय।<br>• धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमति प्रदान गरिएको सम्बन्धमा न्यूनतम मापदण्ड पूरा गरे नगरेको विषयमा समितिले छानबिन गरी निष्कर्षमा नपुगेसम्म इजाजत सम्बन्धी सम्पूर्ण प्रक्रिया तत्काल स्थगन गर्न नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जलाई निर्देशन दिने निर्णय।<br>• आगामी बैठकमा अर्थ मन्त्रालय र नेपाल धितोपत्र बोर्डका पदाधिकारीहरुसँग उल्लिखित विषयमा विस्तृत छलफल गर्ने निर्णय। |
| २०८०/०३/०५<br>बिहान ८ बजे | • समितिको मिति २०८०/०२/२९ को निर्णयानुसार नेपाल धितोपत्र बोर्डका अध्यक्षले धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमति प्रदान गरिएको सम्बन्धमा जानकारी प्रस्तुत र सो सम्बन्धमा समितिमा बृहत छलफल।<br>• समितिको मिति २०८० जेठ २९ गतेको निर्णयबाट स्थगन गरिएको धितोपत्र दलाल तथा धितोपत्र व्यापारी इजाजत प्रक्रिया सुचारु गर्न अर्थ मन्त्रालय मार्फत नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिने निर्णय।<br>• धितोपत्र दलाल र धितोपत्र व्यापारीलाई अनुमतिपत्र दिँदा मापदण्ड पुगेको विषयमा अनुमतिपत्र दिने निकाय सतर्क हुन अर्थ मन्त्रालय मार्फत नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिने निर्णय। |
| २०८०/०३/१९<br>बिहान ८ बजे | • समितिको बैठकमा मुलुकको विद्यमान आर्थिक अवस्था (२०८० जेठ सम्म) र बजेट कार्यान्वयनको अवस्था सम्बन्धमा राजश्व सचिवले समितिका माननिय सदस्यहरुलाई जानकारी प्रस्तुत।<br>• समितिका माननीय सदस्यबाट उठान भएका विभन्न प्रश्न र जिज्ञासाहरु |

| | |
|---|---|
| | सम्बन्धमा माननीय अर्थ मन्त्रीले जवाफ प्रस्तुत। |
| २०८०/०३/२१<br>बिहान ८ बजे | • समितिको बैठकमा कृषि तथा पशुपन्छी विकास मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री, अर्थ मन्त्रालय र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतसँग कृषकलाई आवश्यक पर्ने मलको तत्काल सहज र पर्याप्त उपलब्धता सुनिश्चित गर्न र सो समस्याको दिर्घकालीन समाधानका लागि छलफल।<br>• कृषकलाई आवश्यक पर्ने मलको तत्काल सहज र पर्याप्त उपलब्धता सुनिश्चित गर्न र वितरण प्रणालीमा सुधार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने निर्णय।<br>• बैठकमा भएको छलफलमा सबै समस्याका विषयमा पर्याप्त जवाफ आउन नसकेको र यसका लागि आगामी बैठकहरूमा थप छलफल आवश्यक देखिएको सन्दर्भमा सम्बन्धित मन्त्रालयलाई आगामी बैठकमा थप तयारीसाथ विशेषतः देहायबमोजिम प्रश्नमा जवाफ र ठोस प्रस्तावसहित उपस्थित हुन निर्देशन दिने निर्णय।<br>क. मागभन्दा निकै कम आपूर्ति भइरहेकोमा माग बमोजिम आपूर्ति गर्नुपर्ने जिम्मा कसको हो?<br>ख. रासायनिक मल G-to-G model मा आपूर्ति गर्नमा के बाधा छ? पेट्रोलियम पदार्थ जसरी नै सबै माग धान्ने गरी G-to-G आपूर्ति गर्दा सरकारले कति अनुदान दिनुपर्छ? यसलाई कसरी viable र sustainable प्रणालीका रूपमा विकास गर्न सकिन्छ?<br>ग. मल कारखाना स्थापना र सञ्चालन सरकारले गर्ने कि निजी क्षेत्रलाई दिने? निजी क्षेत्रलाई दिने हो भने के-कस्ता शर्त राखेर दिने?<br>घ. हाल भइरहेको परम्परागत जैविक मल उत्पादनमा बढोत्तरी गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्य सम्बद्ध निकायको भूमिका के हुन सक्छ? |

| | |
|---|---|
| | ङ. आवश्यकताभन्दा कम मल आपूर्ति भएको र आपूर्ति भएजति मलको वितरण समेत समयमा हुन नसकेको र सही ठाउँमा नपुगेको समस्याको समाधान कसरी गर्न सकिन्छ? |

## १.२.१.२ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

**अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

२०८०/०२/०२ गते बसेको समितिको प्रथम बैठकमा समितिका माननीय सदस्यहरु, समितिका पदेन सदस्यहरु माननीय परराष्ट्र मन्त्री र माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं समिति सचिवालयका कर्मचारीहरुबीच परिचयात्मक कार्यक्रम सम्पन्न भयो । त्यसपश्चात् समिति सचिवले समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार तथा समितिमा प्राप्त विधेयकका सम्बन्धमा जानकारी गराउनुभयो ।

समिति बैठकमा माननीय सदस्यहरुले निर्माणाधीन निजगढ अन्तर्राष्ट्रिय बिमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल, नेपालको परराष्ट्र नीति एवं अन्तर्राष्ट्रिय सम्बन्ध, सीमा समस्या, भूतपूर्व गोर्खा सैनिकका समस्या, नागरिक उड्डयन, पर्यटन प्रवर्द्धन लगायतका विषयहरुमा आ-आफ्ना धारणा एवं जिज्ञासा राख्नुभयो र आएका जिज्ञासाहरुका सम्बन्धमा सम्बन्धित मन्त्रीहरुले सम्बोधन गर्नुभयो।

त्यसपश्चात् समितिको जिम्मेवारी सुव्यवस्थित ढंगले सञ्चालन गर्न तथा समितिका कामकारवाहीलाई व्यवस्थित तुल्याउन समितिको कार्यविधिको मस्यौदा तयार गर्न समिति सचिवालयलाई निर्देश गर्ने निर्णय भयो ।

- २०८०/०३/०५ गते बसेको समितिको बैठकमा माननीय परराष्ट्र मन्त्री ले सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणका सम्बन्धमा जानकारी गराउनु भयो । त्यसपश्चात् समिति बैठकमा माननीय सदस्यहरुले सम्माननीय प्रधानमन्त्री को भारत भ्रमणका विषयमा आ-आफ्ना धारणा एवं जिज्ञासा राख्नुभयो र मा. मन्त्रीले उक्त जिज्ञासाको सम्बोधन गर्नुभयो।

- २०८०/०३/०६ गते बसेको समितिको बैठकमा राहदानीको व्यवस्थापन सम्बन्धमा परराष्ट्र मन्त्रालयका माननीय मन्त्री, सचिव र राहदानी विभागका महानिर्देशकसँग छलफल भयो। छलफलमा माननीय मन्त्री, सचिव र महानिर्देशकले हाल भैरहेको राहदानी व्यवस्थापनका विविध पक्षबारे समितिलाई जानकारी गराउनु भयो। बैठकमा माननीय सदस्यहरुले राहदानीको व्यवस्थापन सम्बन्धमा मन्त्रालय एवं विभागका कामकारवाहीबारे आ-आफ्ना धारणा एवं जिज्ञासा राख्नुभयो। प्राप्त जिज्ञासाहरुका सम्बन्धमा माननीय मन्त्री, सचिव र महानिर्देशकले सम्बोधन गर्नुभयो।
- २०८०/०३/२५ गते बसेको समितिको बैठकमा स्वदेश तथा विदेशमा रहेका नेपालीहरुले सरल र सहज तरिकाले राहदानी प्राप्त गर्न नसकेको भन्ने जनगुनासो आएको सम्बन्धमा समितिमा छलफल हुँदा पर्याप्त जनशक्तिको अभावका कारण राहदानी वितरणको कार्यलाई व्यवस्थित गर्न नसकिएको भन्ने माननीय परराष्ट्र मन्त्रीको जवाफ समेतलाई मध्यनजर गरी परराष्ट्र मन्त्रालयले यथाशीघ्र आवश्यक दक्ष जनशक्तिको व्यवस्था गरी स्वदेश तथा विदेशमा बस्ने नेपालीहरुले सरल र सहज ढंगले राहदानी प्राप्त गर्ने व्यवस्था मिलाउन मन्त्रालयलाई निर्देशन दिने निर्णय भयो । साथै, अगामी बैठकमा परराष्ट्र मन्त्रालयले नेपालको भू-राजनीतिक सन्तुलन र असंलग्न परराष्ट्र नीतिका सम्बन्धमा समितिलाई जानकारी गराउने निर्णय भयो ।

## १.२.१.३ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

**उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

**मितिः** २०८०/०२/०२

**बैठक संख्याः ०१**

- समितिका सबै माननीय सदस्यहरुलाई समितिको पहिलो बैठकमा स्वागत एवं परिचयात्मक कार्यक्रम गर्दै समितिका कार्यक्षेत्रका विषयमा छलफल भयो ।
- संघीय संसद, प्रतिनिधि सभाको पहिलो कार्यकालमा गठन भएको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट विगत ५ बर्षे कार्यकालमा सम्पादन भएका कामकारबाही र अनुभव आदानप्रदान गर्नका लागि एउटा सहजीकरण कार्यक्रम गर्ने निर्णय भयो।

**मितिः २०८०/०२/१६**

**बैठक संख्याः २**

- बैठकमा समिति सचिवालयबाट तयार भएको मस्यौदा आन्तरिक कार्यविधि, २०८० माथि भएको छलफलका आधारमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आन्तरिक कार्यविधि,२०८० परिमार्जन सहित सर्वसम्मत रुपमा पारित गरियो ।

**मितिः २०८०/०२/३१**

**बैठक संख्याः ३**

- विगत लामो समयदेखि समस्याको रुपमा रहेको चिनी उद्योग र उखु किसानहरुका बारेमा भएका समस्या र समाधानका उपाय खोजी गरी समितिमा प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको उपसमिति गठन गर्ने :
    - उपसमितिको नामः चिनी उद्योग तथा उखु किसानहरुका समस्या समाधान र सुझाव उपसमिति
    - उपसमितिका सदस्यहरुको नामावली
        १. संयोजक, माननीय श्री कृष्ण कुमार श्रेष्ठ
        २. सदस्य, माननीय श्री कान्तिका सेजुवाल
        ३. सदस्य, माननीय श्री गणेश पराजुली
        ४. सदस्य, माननीय श्री राम शंकर यादव
        ५. सदस्य, माननीय श्री सूर्यमान तामाङ (दोङ)
    - कार्यादेश : चिनी उद्योग र उखु किसानका समस्याका बारेमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।
    - कार्यावधि : कार्य प्रारम्भ गरेको मितिले ३० दिन
- समितिको काम कर्तव्य र अधिकारका सम्बन्धमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ को उपनियम (१) को खण्ड (ज) मा भएको व्यवस्था अनुरुप समितिमा प्राप्त

विभिन्न उजुरी उपर छलफल हुँदा सो सम्बन्धमा समितिका आगामी बैठकमा सम्बन्धित सरोकारवाला पक्ष र सम्बन्धित मन्त्रालयका पदाधिकारीहरु समेतलाई सहभागी बनाई छलफल गर्ने र समितिमा प्राप्त हुने उजुरी/गुनासाका बारेमा समिति सचिवालयले विषयवस्तुको गाम्भिर्यताका आधारमा उजुरीको प्रतिलिपि जानकारीका लागि सम्बन्धित मन्त्रालयमा पठाउने ।

**मितिः २०८०/०३/१९**
**बैठक संख्याः ०४**

- नेपाल सुनचाँदी व्यवसायी महासंघबाट करको दर परिवर्तनका सम्बन्धमा सो महासंघबाट प्राप्त निवेदनमाथि नेपाल सुनचाँदी व्यवसायी महासंघ, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री र सचिव सहितको समितिको बैठकमा छलफल भयो । उक्त छलफलमा सुनचाँदी व्यवसायको हालको समग्र अवस्थाका सम्बन्धमा समितिले थप गहन अध्ययन, छलफल गर्नुपर्ने भएकाले नेपाल सुनचाँदी व्यवसायी महासंघबाट सुनचाँदी व्यवसायको हालको समग्र अवस्था, समस्या र समाधानका उपाय समेत उल्लेख गरिएको आधिकारिक लिखित धारणा र विवरण यथाशीघ्र समितिमा माग गर्ने र सरोकार पक्षसँग थप छलफल गर्ने ।
- प्रतिनिधि सभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा रही कार्य गर्नु भएका पूर्व माननीय सदस्यहरु श्री प्रकाश रसाईली स्नेही र श्री विन्दा पाण्डेले विगतको ५ बर्षे कार्यकालमा समितिबाट भए गरेका कामकारबाही, कार्यसम्पादन गर्दा आइपरेका समस्या, काम गर्ने क्रममा सिकेका सिकाइ, समितिले गरेका कामकारबाही र यस समितिले गर्नु पर्ने कामहरु लगायतका अनुभवहरु प्रस्तुत गर्नुभयो ।

**मितिः २०८०/०३/२२**
**बैठक संख्याः ५**

- बैठकमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट भएगरेका काम कारबाही र मन्त्रालयका भावी कार्ययोजनाका बारेमा समितिमा जानकारी दिनुभयो

**चिनी उद्योग तथा उखु किसानहरुका समस्या समाधान र सुझाव उपसमितिबाट भएका कामकारबाही सम्बन्धी विवरणः**

**मितिः २०८०/०३/०५**

**बैठक संख्याः ०१**

- चिनी उद्योग तथा उखु किसानहरुका समस्या समाधानका सम्बन्धमा उपसमितिले छलफलका लागि मिति २०८० असार ८ गते शुक्रबारका दिन अपरान्ह ३:०० बजे नेपाल उखु उत्पादक महासंघका प्रतिनिधि र सोही दिन अपरान्ह ४:०० बजे नेपाल चिनी उत्पादक महासंघका प्रतिनिधिसँग छलफल गर्ने निर्णय भयो ।
- उपसमितिले अध्ययनका क्रममा यही मिति २०८० असार १७ देखि २१ गते सम्म उखु उत्पादनका लागि पकेट क्षेत्र मानिने तराईका बारा, पर्सा, रौतहट, सर्लाही र महोत्तरी जिल्लामा रहेका चिनी मिल र उखु कृषि क्षेत्रको स्थलगत अनुगमन गर्ने साथै स्थलगत अध्ययनका क्रममा उपसमितिले सो क्षेत्रका उखु किसान, चिनी उद्योगी व्यवसायी, चिनी मिलमा कार्यरत मजदुर र अन्य सरोकारवाला पक्षसँग अन्तरक्रिया र छलफल समेत गर्ने निर्णय भयो ।

**मितिः २०८०/०३/०८**

**बैठक संख्याः ०२**

- उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति अन्तर्गत गठित चिनी उद्योग तथा उखु किसानहरुका समस्या समाधान र सुझाव उपसमितिको बैठक समितिका संयोजक माननीय श्री कृष्ण कुमार श्रेष्ठको संयोजकत्वमा बस्यो । बैठकमा नेपाल उखु उत्पादक महासंघका प्रतिनिधिहरुसँग उखुको उत्पादक र उखु किसानहरुका समस्याका बारेमा छलफल गरियो ।

**मितिः २०८०/०३/०८ (दोस्रो)**

**बैठक संख्याः ०३**

- यस समिति अन्तर्गत गठित चिनी उद्योग तथा उखु किसानहरुका समस्या समाधान र सुझाव उपसमितिको बैठक समितिका संयोजक माननीय श्री कृष्ण कुमार श्रेष्ठको संयोजकत्वमा

बस्यो । बैठकमा नेपाल चिनी उत्पादक महासंघका प्रतिनिधिहरुसँग चिनी उद्योगका बारेमा विस्तृत रुपमा छलफल गरियो ।

- उपसमितिले अध्ययनका क्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग देहायका विषयमा विवरण माग गर्ने र उपसमितिको आगामी बैठकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री, सचिव सहित नार्कका पदाधिकारीसँग उखु खेतीका बारेमा छलफल गर्ने निर्णय गरियो :
    - उखु खेतीको प्रर्वद्धनका लागि आ.व. २०७९/८० मा नेपाल सरकारबाट उखु किसानहरूलाई उपलब्ध गराइएको उखु उत्पादन प्रवर्द्धन खर्च -अनुदानको विस्तृत विवरण र आगामी आ.व. २०८०/८१ लागि विनियोजित बजेट र सोबाट अनुमानित लाभान्वित संख्या र उत्पादन ।
    - उखु खेतीको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि नेपाल सरकारले अवलम्बन गरेका योजनाहरुको विस्तृत विवरण ।
    - उखु खेतीका लागि आवश्यक पर्ने गुणस्तरीय बीउ विजनको व्यवस्थापन, रासायनिक मल र यान्त्रीकरणका लागि मन्त्रालयबाट भएका कामकारबाहीको विस्तृत विवरण ।
    - उखुको समर्थन मूल्य तोक्ने सम्बन्धमा भएको कामकारबाही सम्बन्धी विस्तृत विवरण।

**मितिः २०८०/०३/२८**

**बैठक संख्याः ०४**

- चिनी उद्योग तथा उखु किसानहरुका समस्या समाधान र सुझाव उपसमितिको बैठक समितिका संयोजक माननीय श्री कृष्ण कुमार श्रेष्ठको संयोजकत्वमा बस्यो । बैठकमा उखु खेतीको प्रर्वद्धनका लागि आ.व. २०७९/८० मा नेपाल सरकारबाट उखु किसानहरूलाई उपलब्ध गराइएको उखु उत्पादन प्रर्वद्धन खर्च -अनुदानको विस्तृत विवरण र आगामी आ.व. २०८०/८१ लागि विनियोजित बजेट र सोबाट अनुमानित लाभान्वित संख्या र उत्पादन, उखु खेतीको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि नेपाल सरकारले अवलम्बन गरेका योजनाहरुको विवरण, उखु खेतीका लागि आवश्यक पर्ने गुणस्तरीय बीउ विजनको व्यवस्थापन, रासायनिक मल र यान्त्रीकरणका लागि मन्त्रालयबाट भएगरेका कामकारबाही र उखुको

समर्थन मूल्य तोक्ने सम्बन्धमा भएको काम कारबाही सम्बन्धमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मा, राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रमका संयोजक डा. दिलाराज यादव, कृषि अनुसन्धान निर्देशानलयका निर्देशक डा. विश्वेश्वरप्रसाद यादव र नेपाल कृषि अनुसन्धान परिषद्का प्रतिनिधि बैज्ञानिक श्री कपिल पौडेलसँग छलफल गरियो ।

- उपसमितिले अध्ययनका क्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग देहायका विषयमा विवरण माग गरी उपसमितिको आगामी बैठकमा मन्त्रालयका पदाधिकारीसँग उखु खेतीका बारेमा छलफल गर्ने निर्णय गरियो :
    - चिनी उद्योगहरुको २५ कि.मी. रेडियसन (कमाण्ड एरिया) तोक्ने सम्बन्धमा मन्त्रालयबाट भएको अध्ययन, काम कारबाही र निर्णय सम्बन्धी विस्तृत विवरण ।
    - नेपाली चिनी उद्योगको संरक्षण सम्वर्द्धनका लागि नेपालमा बार्षिक रुपमा खपत हुने चिनी स्वदेशी उद्योगबाट उत्पादन भएको चिनीले अपुग भएको अवस्थामा मात्र नेपालमा चिनीको आयात गर्नुपर्ने विषयका सम्बन्धमा र नेपाली चिनी उद्योगबाट उत्पादित चिनी नेपाल सरकारले सिधै खरिद गर्ने सम्बन्धमा मन्त्रालयबाट भएको कामकारबाही सम्बन्धी विवरण ।
    - चिनी उद्योगबाट उत्पादन हुने वाह्य प्रोडक्ट (सह-उत्पादन) मोलासिस तथा इथानोल, उखुको खोष्टा वा बगास, उर्जा वा विद्युत र प्रेसमड लगायतका उत्पादनहरुको बहुउपयोग गर्ने सम्बन्धमा तहाँ मन्त्रालयको कार्ययोजना सम्बन्धी विवरण ।
    - उखु खेतीको प्रवर्द्धनका लागि नेपाल सरकारबाट उखु किसानहरूलाई हालसम्म उपलब्ध नगराइएको आ.व. २०७९/८० को उखु उत्पादन प्रवर्द्धन खर्च अनुदानका सम्बन्धमा र आगामी आ.व. २०८०/८१ को समेत एकैपटक भुक्तानी गर्ने सम्बन्धमा मन्त्रालयको धारणा ।

## १.२.१.४ कानून, न्याय तथा मानव अधिकार समिति

**कानून, न्याय तथा मानवअधिकार समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

**समितिको निर्णय/कार्यहरू**

| क्र.सं. | मिति | निर्णयहरू |
|---|---|---|
| १. | २०८०/०२/०२ | १. उपस्थित हुनुभएका समितिका माननीय सदस्यहरूबीच परिचयात्मक कार्यक्रम तथा शुभकामना आदानप्रदान भयो ।साथै कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री उदयराज सापकोटा र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरूको सहभागिता रह्यो।<br>२. समिति सचिवालयले यस समितिको कार्यविधि समितिको आगामी बैठकमा प्रस्ताव गर्ने ।<br>३. समितिको कार्यक्षेत्र, समितिमा प्राप्त विधेयक र समितिको कामकारबाहीका विषयमा समितिका माननीय सदस्यहरू र माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री बीचमा छलफल भयो । यस विषयमा समितिको आगामी बैठकहरूमा थप छलफल गर्ने निर्णय भयो । |

| | | |
|---|---|---|
| २. | २०८०/०२/०४ | १. समितिको अगिल्लो बैठकको निर्णयअनुसार समिति सचिवालयको तर्फबाट समितिको सचिवले प्रस्ताव गरेको समितिको मस्यौदा कार्यविधिमाथि छलफल भयो । समितिका माननीय सदस्यहरूबाट प्राप्त महत्त्वपूर्ण सुझावलाई समावेश गरेर प्रस्तावित कार्यविधिलाई परिमार्जनसहित पारित गर्ने निर्णय भयो ।<br>२. समितिमा दफावार छलफलका लागि प्राप्त भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ भयो । विधेयक प्रस्तुतकर्ता माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले विधेयकक सम्बन्धमा भनाइ राख्नुभयो । यस विधेयकक सम्बन्धमा थप छलफल गर्न मिति २०८० साल जेठ ५ गते शुक्रवार बजे समितिको बैठक बस्ने निर्णय भयो ।<br>३. समितिका माननीय सदस्य महेश कुमार बर्तौलाले शिक्षाको विषयमा सरकार गम्भीर हुनुपर्ने र नेपालको संविधानमा उल्लिखित शिक्षासम्बन्धी मौलिक हकको कार्यान्वयनको सम्बन्धमा समितिमा छलफल गर्नुपर्ने भन्ने विषय राख्नुभयो । नेपालको संविधानको धारा ३१ मा रहेको शिक्षासम्बन्धी मौलिक हकको कार्यान्वयनका सम्बन्धमा नेपाल सरकारले गरेका पहल कदमी र उपलब्धिका सम्बन्धमा छलफल गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय भयो । |

| | | |
|---|---|---|
| ३. | २०८०/०२/०५ | १. समितिमा दफावार छलफलका लागि प्राप्त भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल भयो। विधेयक प्रस्तुतकर्ता माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ र मन्त्रालयका सचिव श्री धनराज ज्ञवाली छलफलमा सहभागी हुनुभयो । यस विधेयकका सम्बन्धमा संशोधनकर्ता तथा सरोकारवालाहरूसँग छलफल गरी दफावार छलफलसमेत गरेर उपसमितिले कार्य प्रारम्भ गरेको तीन साताभित्र समितिसमक्ष प्रतिवेदन पेस गर्न देहायबमोजिमका माननीय सदस्यहरू रहनुभएको ११ सदस्यीय उपसमिति गठन गर्नेः-<br>(१) मा. गोमा लाभ (सापकोटा)<br>(२) मा. जीवन परियार<br>(३) मा.ध्रुव बहादुर प्रधान<br>(४) मा. पूर्णबहादुर घर्ती<br>(५) मा. महेश कुमार बर्तौला<br>(६) मा. रन्जु कुमारी झा<br>(७) मा. रमेश लेखक<br>(८) मा. शेर बहादुर कुँवर<br>(९) मा. सन्तोष परियार<br>(१०) मा. सुवास चन्द्र नेम्वाङ<br>(११) मा. सुशिला थिङ<br>उपसमितिले आफ्नो संयोजक आफै चयन गर्न सक्ने र उपसमितिले आफ्नो कार्यविधि आफै निर्माणसमेत गर्न सक्ने निर्णय भयो ।<br>२. समितिमा दफावार छलफलका लागि प्राप्त भएको सम्पत्ति |

| | | |
|---|---|---|
| | | शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्न मिति २०८० साल जेठ ८ गते सोमवार बिहान ८:०० बजे समितिको बैठक बस्ने निर्णय भयो । |
| ४. | २०८०/०२/०८ | १. समितिमा दफावार छलफलका लागि प्राप्त भएको सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ भयो । विधेयक प्रस्तुतकर्ता माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले विधेयकको सम्बन्धमा सरकारको तर्फबाट आफ्नो भनाइ राख्नुभयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री उदयराज सापकोटा; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री धनराज ज्ञवाली र विषय विज्ञ डा. हरि कुमार नेपालसमेतले विधेयकका सम्बन्धमा भनाइ राख्नुभयो । यस विधेयकका सम्बन्धमा समितिको आगामी बैठकहरूमा थप छलफल गर्ने निर्णय भयो । |

**बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल गर्न गठित उपसमितिको निर्णय**

| .सं. | मिति | निर्णयहरू |
|---|---|---|
| १. | २०८०/०२/११ | १. बैठकमा उपसमितिको संयोजक चयन गर्ने र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई आमन्त्रण गर्ने सम्बन्धमा छलफल सम्बन्धमा छलफल भयो ।<br>२. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूसँग छलफल गर्न उपसमितिको बैठक मिति २०८० साल जेठ १४ गते दिउँसो २:०० बजे र १५ गते बिहान ११:३० बजे नयाँ बानेश्वारस्थित संसद भवनको शङ्कर हलमा बस्ने निर्णय भयो । |
| २. | २०८०/०२/१४ | १. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूसँग संशोधनका विषयमा छलफल भयो । छलफलमा विधेयकका संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूमध्ये माननीय श्री मैना कार्की, माननीय श्री चित्र बहादुर के.सी., माननीय श्री गोकुल प्रसाद बाँस्कोटा, माननीय श्री रघुजी पन्त, माननीय श्री अम्मर बहादुर थापा, माननीय श्री विद्या भट्टराई, माननीय |

| | | |
|---|---|---|
| | | श्री दामोदर बैरागी, माननीय श्री गणेश पराजुली, माननीय श्री लक्ष्मी तिवारी, माननीय श्री मेटमणि चौधरी, माननीय श्री पदम गिरी र माननीय श्री अशोक चौधरीले संशोधन प्रस्तावका विषयमा आआफ्ना धारणा राख्नुभयो ।<br>२. विधेयकका संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूमध्ये छलफलमा सहभागी हुन बाँकी माननीय सदस्यहरूसँग उपसमितिको मिति २०८० साल जेठ १५ गते बिहान ११:३० बजे संसद भवन (शङ्कर हल), नयाँ बानेश्वरमा बस्ने बैठकमा छलफल गर्ने निर्णय भयो । |
| ३. | २०८०/०२/१४ | १. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूसँग संशोधनका विषयमा छलफल भयो । छलफलमा विधेयकका संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूमध्ये माननीय श्री अर्जुन नरसिंह के. सी., माननीय श्री संजय कुमार गौतम, माननीय श्री भानुभक्त जोशी, माननीय श्री हित बहादुर तामाङ, माननीय श्री प्रदिप पौडेल, माननीय श्री रुपा सो. शी (चौधरी) र माननीय श्री राजेन्द्र प्रसाद पाण्डेले संशोधन प्रस्तावका विषयमा आआफ्ना धारणा राख्नुभयो ।<br>२. उपसमितिको अर्को बैठकमा विधेयकका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूसँग छलफल गर्ने । |
| ४. | २०८०/०२/२१ | १. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूसँग छलफल भयो । छलफलमा विधेयकका |

| | | |
|---|---|---|
| | | सम्बन्धमा आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगर, माननीय सदस्य डा. सूर्य ढुङ्गेल, माननीय सदस्य श्री मनोज दुवाडी र माननीय सदस्य श्री लिली थपाले आआफ्ना धारणा राख्नुभयो ।<br>२. उपसमितिको अर्को बैठकमा विधेयकका सम्बन्धमा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पूर्वअध्यक्षहरूसँग छलफल गर्ने । |
| ५. | २०८०/०२/२३ | १. सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा सत्य निरुपण तथा मेलमिलाप आयोगका पूर्वपदाधिकारीहरूसँग छलफल भयो । छलफलमा विधेयकका सम्बन्धमा आयोगका पूर्वअध्यक्ष श्री सूर्यकिरण गुरुङ र श्री गणेशदत्त भट्टले आआफ्ना धारणा राख्नुभयो ।<br>त्यसै गरी द्वन्द्व पीडित एवम् प्रतिनिधि सभाका सदस्य श्री मैना कार्की र संविधानसभा सदस्य एवम् द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय सञ्जालका अध्यक्ष श्री देवी खड्काले समेत विधेयकका सम्बन्धमा आआफ्ना धारणा राख्नुभयो। |
| . | २०८०/०२/३० | १. सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा सरोकारवाला (द्वन्द्व पीडितसँग सम्बन्धित संघ संस्थाहरू) सँग छलफल भयो। छलफलमा विधेयकका सम्बन्धमा संविधानसभा सदस्य श्री एकराज भण्डारी (संयोजक, बेपत्ता योद्धा परिवार समाज नेपाल), श्री कल्याण बुढाथोकी (का.वा. अध्यक्ष, द्वन्द्व पीडित साझा चौतारी), श्री |

| | | |
|---|---|---|
| | | सुशीला चौधरी (महासचिव, द्वन्द्व पीडित महिला सञ्जाल), श्री रामचन्द्र वि.क. (कोषाध्यक्ष, अपाङ्गता भएका द्वन्द्व पीडितहरूको राष्ट्रिय सञ्जाल), श्री गोपाल शाह (अध्यक्ष, द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल), श्री बब्लु लामा (अध्यक्ष, न्यायका लागि द्वन्द्व पीडित समाज), श्री भोजराज तिमल्सिना (अध्यक्ष, नेपालमा माओवादी पीडित संघ), श्री सुमन अधिकारी (अध्यक्ष, द्वन्द्व पीडित टुहुरा समाज नेपाल) र श्री रामकुमार भण्डारी (संयोजक, सामाजिक न्याय समिति) ले आआफ्ना धारणा राख्नुभयो । |
| ७. | २०८०/०२/३१ | १. सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा सरोकारवाला (द्वन्द्व पीडित सुरक्षाकर्मीका परिवारसँग सम्बन्धित संघ संस्थाहरू) र सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयका विज्ञहरूसँग छुट्टाछुट्टै छलफल भयो ।<br><br>छलफलमा विधेयकका सम्बन्धमा सरोकारवाला (द्वन्द्व पीडित सुरक्षाकर्मीका परिवारसँग सम्बन्धित संघ संस्थाहरू) को तर्फबाट श्री मिश्रादेवी बस्नेत (सदस्य, अमर अशक्त प्रहरी संघ नेपाल), श्री शोभा वि.सी. (अध्यक्ष, सैनिक एकल महिला तथा घाइते परिवार संघ), श्री ममता नागाल (सचिव, अमर सशस्त्र परिवार तथा अशक्त घाइते परिवार संघ), श्री कोमल बहादुर राउत (अध्यक्ष, पूर्व सुरक्षाकर्मी परिषद् नेपाल), श्री वसन्तराज पोखरेल (अध्यक्ष, घाइते तथा अपाङ्ग भू.पू. सुरक्षाकर्मी संघ), श्री रिता कार्की (अध्यक्ष, सैनिक वीरगती परिवार तथा एकल महिला परिवार), श्री रणवीर लावती (सदस्य, द्वन्द्व पीडित सुरक्षाकर्मी सङ्गठन), श्री अम्बिका कार्की (सदस्य, अमर प्रहरी परिवार), श्री राधा पाण्डे (उपाध्यक्ष, उपत्यका अमर प्रहरी), श्री कमला कार्की (उपाध्यक्ष, अनुसन्धान अमर प्रहरी) ले आआफ्ना धारणा |

| | | |
|---|---|---|
| | | राख्नुभयो ।<br><br>त्यसै गरी सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयका विज्ञहरूमध्येबाट छलफलमा विधेयकका सम्बन्धमा डा. मिनेन्द्र रिजाल (पूर्व मन्त्री एवम् नेपाली काँग्रेसका नेता), श्री खिमलाल देवकोटा (संविधानसभा सदस्य एवम् वरिष्ठ अधिवक्ता), श्री गोविन्द शर्मा बन्दी (पूर्व कानून, न्याय तथा संसदीय मामिला मन्त्री), श्री सि. बि. गुरुङ (नेपाली सेनाको पूर्व अधिकृत), श्री पवन पाण्डे (नेपाली सेनाको पूर्व अधिकृत), श्री सतिस राज मैनाली (अधिवक्ता) र श्री राजन कुइँकेलले आआफ्ना धारणा राख्नुभयो ।<br><br>२. समितिको मिति २०८०/०२/०५ को बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा संशोधनकर्ता तथा सरोकारवालासँग छलफल गरी दफावार छलफलसमेत गरेर उपसमितिले कार्य प्रारम्भ गरेको तीन साताभित्र समितिसमक्ष प्रतिवेदन पेस गर्न यस उपसमितिलाई कार्यदेश प्राप्त भएको थियो । उपसमितिले मिति २०८०/०२/११ का दिन पहिलो बैठक बसी कार्य प्रारम्भ गरी निरन्तर कामकारबाही अगि बढाए तापनि सदनमा प्रस्तुत भएको नेपाल सरकारको नीति तथा कार्यक्रम र राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको छलफलमा सहभागी हुनुपर्ने अवस्थाका कारण उपसमितिलाई प्राप्त समय सीमाभित्र कार्य सम्पन्न हुन नसकेका कारण उपसमितिले हालसम्म सम्पन्न गरेका कामकारबाहीको प्रतिवेदनसहित बाँकी कार्य गर्नका लागि उपयुक्त समय अवधि थप गर्न समितिसमक्ष अनुरोध गर्ने निर्णय भयो । |

### १.२.१.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति

**कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

**समितिको बैठक सम्बन्धी विवरणः**

**बैठक संख्याः ०१**
**मितिः २०८०।०२।०२**

१. समितिको कार्यक्षेत्र (कृषि तथा पशुपंछी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित विषयमा रहेका सम्भावना, समस्या तथा सामाधानका उपायका सम्बन्धमा उपस्थित माननीय सदस्य हरुले आ-आफ्नो धारणा राख्नुभयो।

२. समितिको आगामी बैठकमा छलफलसँग सम्बन्धित मन्त्रालयका माननीय मन्त्री, सचिव लगायतका पदाधिकारीहरुलाई समितिमा आमन्त्रण गरी छलफल गर्ने,

३. स्वदेशमा उत्पादित तरकारीको पूर्ण उपयोग गर्न तरकारी आयातमा न्यूनीकरण गर्ने र तरकारीको गुणस्तर परीक्षण गरेर मात्र आयात तथा बिक्री वितरण गर्ने व्यवस्था अनिवार्य रुपमा लागू गर्न सरकारको ध्यानाकर्षण गर्ने ।

**बैठक संख्याः ०२**

**मितिः २०८०।०२।३१**

१. कृषकलाई आवश्यक पर्ने उन्नत विउ विजन, मल, किटनाशक औषधी समयमा नै उपलब्ध गराउने र हाल असिना, हावाहुरी लगायतका प्राकृतिक प्रकोपबाट कृषकलाई पर्न गएको क्षतिको मूल्याङ्कन गरी तत्काल राहत उपलब्ध गराउन कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने,

२. समितिको आगामी बैठकमा कृषि तथा पशुपंछी विकास, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल गर्न माननीय मन्त्री, सचिव लगायतका पदाधिकारीलाई आमन्त्रण गर्ने ।

**बैठक संख्याः ०३**

**मितिः २०८०।०३।०७**

१. कृषकहरुलाई आवश्यक पर्ने रासायनिक मल समयमा नै उपलब्ध गराउने व्यवस्था गर्न र वितरण कार्यलाई न्यायोचित र व्यवस्थित गर्न कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने,

२. पशु चौपायमा देखा परेको लम्पी स्किन लगायतका सरुवा रोगको रोकथाम गर्ने कार्य तत्काल प्रभावकारी रुपमा गर्न कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने,

३. नेपाल सरकारको आ.ब. २०८०/८१ को बजेट वक्तव्यमार्फत् दुग्ध विकास बोर्ड र कपास विकास समिति खारेज गर्ने निर्णयबाट लाखौं किसान तथा उपभोक्तालाई मर्का पर्न जाने देखिएको छ । सरकारको उक्त निर्णयबाट उल्लिखित निकायहबाट सम्पादन हुने कार्यहरुः नीति तथा योजना तर्जुमा, उत्पादित वस्तुको न्यूनतम् समर्थन मूल्य निर्धारण तथा सिफारिस, उत्पादन तथा उत्पादकत्व वृद्धि, वस्तुको गुणस्तर सुधार तथा परीक्षण, जनशक्ति व्यवस्थापन, आयात निर्यात प्रोटोकल तयार तथा बजार व्यवस्थापन, अध्ययन तथा अनुसन्धान, नवीनतम् प्रविधि विकास, औद्योगिक क्षेत्रलाई चाहिने कच्चा पदार्थको लागि आवश्यक धागो तथा कपडा उत्पादन गर्ने कार्य, प्रादेशिक स्तरमा आवश्यक समन्वय तथा सहकार्य लगायत समग्र किसान, उपभोक्ता र स्वदेशी उद्योगीहरुको हित प्रवर्द्धन गर्ने विषयमा पर्याप्त वैकल्पिक व्यवस्थाको सुनिश्चितता भएको नदेखिएकाले सरकारको उक्त निर्णय हाललाई कार्यान्वयन नगर्न/नगराउन नेपाल सरकार, अर्थ मन्त्रालय र कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने ।

**बैठक संख्याः ०४**

**मितिः २०८०।०३।१८**

१. माननीय सदस्यहरुबाट प्राप्त सुझाबहरु समेटी कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आन्तरिक कार्यविधि, २०८० सर्वसम्मतिले पारित गर्ने,

**बैठक संख्याः ०५**

**मितिः २०८०।०३।२१**

१. वन क्षेत्रको समग्र व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुने कार्यको भूमिकामा दोहोरोपना रहँदा आपसी समन्वयमा कार्य गर्न समस्या परेको सन्दर्भमा आवश्यक अध्ययन गरी यस सम्बन्धी विषयमा रहेका समस्या लिखित रुपमा तयार गरी यस समितिमा पेश गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने,

२. सरकारी, निजी, सामुदायिक, साझेदारी, कबुलीयती लगायत वन क्षेत्रमा रहेका ढलापडा-सुखाखडा रुख समेतको लागत तयार गरी उचित सदुपयोग हुनेगरी सहज रुपमा बिक्री वितरण तथा प्रयोग हुने व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने,

३. काठको चोरी निकासी तथा तस्करी बढेर गएकाले यसको रोकथाम गर्ने कार्य कडाइका साथ गरी वन क्षेत्रको संरक्षण र प्रवर्धन गर्न र वन पैदावरको आयले राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने आवश्यक कार्य गर्न/गराउन तथा काठको आयातलाई निरुत्साहित हुने गरी नीतिगत रुपमा पहल गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने,

४. चुरे क्षेत्रको दोहन हुने कार्य बढेर गएकाले यसको रोकथाम प्रभावकारी रुपमा गरी प्राकृतिक प्रकोप भू-क्षय, बाढिपहिरो, तथा डुबानबाट जनधनको क्षति न्यूनीकरण गरी प्रकृतिको संरक्षण गर्न र जडिबुटी खेतीको संरक्षण, प्रवर्धन तथा निकासी गरी यसको आयले अर्थतन्त्रमा योगदान पुऱ्याउने गरी कार्य गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने,

५. जंगली जनावर बाघ, भालु, हात्ती, बाँदर लगायतले गाउँघरका किसानका खेती नष्ट गर्ने, मानिसलाई आक्रमण गरी ज्यान लिने, आतंक फैलाउने जस्ता बिकराल समस्याले गाउँघर एवं राष्ट्रिय निकुन्ज तथा मध्यवर्ती क्षेत्र आसपासका जनतालाई आक्रान्त बनाएकाले यसको रोकथाम

तथा नियन्त्रण गर्न र जंगली जनावरको समेत संरक्षण गर्न उचित नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने,

६. कुनै आयोजना/परियोजना तथा निर्माण कार्य गर्दा EIA तथा IEE लगायतको वातावरणीय प्रभाव मूल्यांकन गर्ने कार्य निर्धारित समयमानै सम्पन्न गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

**बैठक संख्याः ०६**

**मितिः २०८०।०३।२८**

१. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहेका विविध समस्या र यसको समाधानका लागि गर्नु पर्ने आवश्यक विषय समितिमा लिखित रुपमा पेश गर्ने र उल्लिखित समस्या समाधान गर्ने सम्बन्धमा समिति, मन्त्रालय र अन्य सरोकारवाला निकायसँग व्यापक रुपमा छलफल गर्न एक आवासीय कार्यक्रम गर्ने व्यवस्था मिलाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने,

२. सुकुम्बासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोबास रहेका व्यक्तिहरुको जग्गाको हदबन्दी लगायतका समस्या समाधान गर्ने कार्यसँग सरोकार राख्ने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय बाहेकका निकायहरु जस्तैः वन तथा वातावरण मन्त्रालय, भूमि आयोग समेतलाई समितिको अर्को बैठकमा बोलाई छलफल गर्ने,

३. निश्चित मापदण्डका आधारमा गरिब परिचयपत्र वितरण गर्ने कार्यलाई व्यवस्थित गरी सबै गरिबीको रेखामुनि रहेका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्ने कार्य यथाशक्य चाँडो सम्पन्न गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने,

४. जग्गाको न्यूनतम् मूल्याङ्कन, गुठी जग्गाको व्यवस्थापन तथा मोही बाँडफाँड, जग्गाको वर्गीकरण, चक्लाबन्दी, भूमिहिन दलित र सुकुम्बासी पहिचान, मालपोत तथा भूमिसुधार तथा नापी कार्यालयबाट सम्पादन हुने कार्यको प्रभावकारी व्यवस्थापन तथा विचौलियाहरुको नियन्त्रण र सहकारीमा ठगी हुने कामको अन्त्य गर्न नीतिगत व्यवस्थासहित प्रभावकारी रुपमा सम्पादन हुने व्यवस्था मिलाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने ।

३. **समितिमा विधेयकको अवस्थाः** यस अवधिमा समितिमा **खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७** विचाराधिन अवस्थामा रहेको छ ।

## १.२.१.६ महिला तथा सामाजिक समिति

**महिला तथा सामाजिक समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

**समितिको बैठकसम्बन्धी विवरणः**

**मिति २०८०।०२।०२ गतेः**

समितिको कार्यविधि मस्यौदा निर्माण गरी आगामी बैठकमा पेश गर्नमा लागि समिति सचिवालयलाई निर्देश गरियो ।आगामी बैठकमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र आदिवासी तथा जनजाति आयोगद्वारा विगतमा गरिएका कार्यक्रम, विनियोजित बजेट, रकमान्तरको अवस्था साथै भावी दिनमा गरिने कार्यक्रम तथा प्रस्तावित बजेटको सम्बन्धमा छलफल गर्न आमन्त्रण गर्ने निर्णय गरियो ।

**मिति २०८०/०२/१६ गतेः**

समिति सचिवालयबाट समिति समक्ष पेश भएको समितिको प्रस्तावित कार्यविधिमाथि व्यापक छलफल गरी पारित गरियो ।राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोगको प्रस्तुतिमाथि छलफल गरी सुधारको लागि पुन वैठक बस्ने तथा समस्या समाधान एवं सुझाव दिने निर्णय गरियो ।आगामी बैठकमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगद्वारा विगतमा सम्पादन गरिएका कार्यक्रम, विनियोजित बजेट रकमान्तरको अवस्था साथै भावी दिनमा गरिने कार्यक्रम तथा प्रस्तावित बजेटको सम्बन्धमा प्रस्तुतिका लागि क्रमशः आमन्त्रण गर्ने गर्ने निर्णय गरियो ।

**मिति २०८०।०२।१९ गतेः**

राष्ट्रिय महिला आयोगको प्रस्तुतिमाथि छलफल गरी सुधारको लागि पुनः वैठक बस्ने तथा समस्या समाधान एवं सुझाव दिने निर्णय गरियो ।आगामी बैठकमा राष्ट्रिय समावेशी आयोग र मधेशी आयोगलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**मिति २०८०।०२।३० गतेः**

राष्ट्रिय समावेशी आयोग र थारु आयोगको प्रस्तुतिमाथि छलफल गरी सुधारको लागि पुनः बैठक बस्ने तथा समस्या समाधान एवं सुझाव दिने निर्णय गरियो ।यस समितिमा कार्यरत उपसचिव श्री नागेन्द्र प्रसाद चौधरी र नायब सुब्बा श्री विशाल अर्याललाई ७ वटा आयोगहरुको प्रगति प्रतिवेदन सम्बन्धित आयोगसँगको समन्वयमा तयार गरी समितिमा पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो । आगामी बैठकमा क्रमशः मुस्लिम आयोग र मधेशी आयोगलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**मिति २०८०।०२।३१ गतेः**

मुस्लिम आयोगको प्रस्तुतिमाथि छलफलबाट देखिएका विद्यमान समस्या समाधान गर्नका आयोगसँगको समन्वयमा परिमार्जित प्रतिवेदन तयार गरी पुनः छलफल गर्ने निर्णय गरियो ।आगामी बैठकमा मधेशी आयोगलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**मिति २०८०।०३।०७ गतेः**

राष्ट्रिय बाल अधिकार परिषद्को प्रस्तुतिमाथि छलफल ।मधेशी आयोगको प्रस्तुतिमाथि छलफल गरी थप छलफल गर्न पुनः बैठक बस्ने तथा समस्या समाधान एवं सुझाव दिने निर्णय गरियो ।

**मिति २०८०।०३।२१ गतेः**

बियोण्ड बेइजिङ्ग कमिटीको प्रस्तुतिमाथि व्यापक छलफल भयो ।आगामी बैठकमा निर्वाचन सम्बन्धी कानूनलाई संसोधन र एकिकरण गर्न बनेको विधेयकमाथि छलफल गर्ने निर्णय गरियो ।महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समाज कल्याण परिषद्, नेपाल रेडक्रस सोसाइटी र सिड कमिटी लाई क्रमशः छलफलको लागि आमन्त्रण गर्ने निर्णय गरियो।दाइजो र यौनिक हिंसा पिडित महिलाहरुको सहयोगका लागि गृह मन्त्रालयमा निःशुल्क हेल्प लाइन स्थापना गर्न माननीय गृह मन्त्रीलाई अनुरोध गरियो।

**मिति २०८०।०३।२६ गतेः**

प्रस्तावित निर्वाचन व्यवस्थापन विधेयकमाथि संविधानसभा सदस्य तथा प्रतिनिधिसभाका पूर्व सदस्य डा. विन्दा पाण्डेको प्रस्तुतिमाथि व्यापक छलफल गरियो। आगामी बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई छलफलको लागि आमन्त्रण गर्ने निर्णय गरियो।

## १.२.१.८ पूर्वाधार विकास समिति

**पूर्वाधार विकास समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

२०८० साल बैशाख १ गतेदेखि २०८० साल असार मसान्तसम्म यस समितिका २०८०।०२।०२ गते, २०८०।०२।१६ गते, २०८०।०२।३१ गते, २०८०।०३।०४ गते, २०८०।०३।०७ गते, २०८०।०३।२० गते गरी जम्मा ६ वटा बैठक र समितिको आन्तरिक कार्यविधि निर्माण उपसमितिको बैठक २०८०/०२/२२ गते बसेको थियो। समितिका बैठकबाट गरिएका मुख्य मुख्य निर्णय तथा निर्देशन निम्नानुसार रहेका छन् :

**पहिलो बैठक २०८०/०२/०२ गतेः** समितिका जेष्ठ सदस्य माननीय लालविर चौधरीको सभापतित्वमा बस्यो।बैठकमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको उपस्थिति भएको थियो। समितिको बैठकबाट देहायको निर्णय भयो :-

१. समितिको कार्यक्षेत्र भित्रका मन्त्रालय र मातहत निकायहरुअन्तर्गत सञ्चालित आयोजनाहरुको विद्यमान अवस्था तथा आयोजना सम्पन्न गर्ने कार्ययोजना सहितको विस्तृत विवरण १० दिनभित्र माग गर्ने,

२. प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ को उपनियम ७ बमोजिम समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित ढंगले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिकाको खाका समिति सचिवालयले तयार गरी समितिको आगामी बैठकमा पेश गर्ने ।

**दोस्रो बैठक २०८०।०२।१६ गतेः** समितिका जेष्ठ सदस्य माननीय लालविर चौधरीको सभापतित्वमा बसेको उक्त बैठकमा माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव, माननीय उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको उपस्थिति रहेको थियो ।

**बैठकका निर्णयः** सचिवालयले पेश गरेको समितिको आन्तरिक कार्यविधि, २०८० माथि छलफलका क्रममा उठेका विषयवस्तुलाई समेटी पुनः समितिमा पेश गर्न ७ दिनको अवधि दिई देहाय बमोजिमको एक उपसमिति गठन गर्ने :-

- संयोजक - लालविर चौधरी
- सदस्य - मा. डा. चन्द्र कान्त राउत
- सदस्य - मा. ठाकुर प्रसाद गैरे
- सदस्य - मा. निशा डाँगी
- सदस्य - मा. प्रदिप पौडेल
- सदस्य - मा. मावध सापकोटा
- सदस्य - मा. विना लामा
- सदस्य - मा. सुशीला श्रेष्ठ

**तेस्रो बैठक २०८०।०२।३१ गतेः** समितिका जेष्ठ सदस्य माननीय लालविर चौधरीको सभापतित्वमा बस्यो ।उक्त बैठकमा माननीय उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको उपस्थिति भएको थियो ।

बैठकको निर्णय :

१. उपसमितिले पेश गरेको आन्तरिक कार्यविधि २०८०, संशोधन सहित सर्वसम्मतिले पारित भयो।

२. समिति सम्बद्व भौतिक पूर्वधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र खानेपानी मन्त्रालयको आ.व. २०८०/०८१ को व्यय अनुमान र सोको जिल्लागत विवरण सम्बन्धमा आगामी बैठकहरुमा छलफल गर्ने र बैठकमा सम्बद्व मन्त्रालयका माननीय मन्त्री तथा सचिवहरुलाई आमन्त्रण गर्ने।

**चौथो बैठक २०८०।०३।०४ गतेः** समितिका जेष्ठ सदस्य माननीय लालविर चौधरीको सभापतित्वमा बस्यो। बैठकमा माननीय उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला, माननीय भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री नन्दा चपाई, र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सचिव श्री केशव कुमार शर्माको उपस्थिति भएको थियो ।

**बैठकको निर्णय :**

कोशी प्रदेशको ताप्लेजुङ, पाँचथर, तेह्रथुम, संखुवासभा लगायतका जिल्लाहरुमा अविरल वर्षाको कारण सृजित बाढी पहिरोले मानवीय क्षतिकासाथै सडक, पुल, बेलब्रिज विविध विकास आयोजना र मानव बसोबास क्षेत्रहरुमा ठूलो क्षति भएको सम्बन्धमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त बाढी पहिरोमा परी जीवन गुमाउनेहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै सोक सन्तप्त परिवारहरु प्रति गहिरो समवेदना व्यक्त गर्दछ। साथै बाढी पहिरोबाट प्रभावित व्यक्तिहरुको यथार्थ लगत संकलन गरी पीडित परिवारलाई राहत/क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेहरुको शिघ्र उद्दार गरी उपचारको प्रवन्ध गर्न, विस्थापित परिवारको गाँस, बासको उचित व्यवस्थापन गर्न गृह मन्त्रालयलाई र क्षति पुगेका सडक, पुल, बेलब्रिज लगायतका भौतिक संरचनाहरुलाई तत्काल मर्मत सम्भार गरी अवरुद्ध सडक सञ्चालन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गरेको।

**समितिको पाँचौ बैठक २०८०।०३।०७ गतेः** समितिका जेष्ठ सदस्य माननीय लालविर चौधरीको सभापतित्वमा बसेको उक्त बैठकमा माननीय उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत, भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री नन्दा चपाई, उर्जा सचिव श्री दिनेश कुमार घिमिरे, जलस्रोत तथा सिँचाई सचिव श्री गोपाल प्रसाद सिग्देल नेपाल विद्युत प्राधिकरणका महानिर्देशक कुलमान घिसिङको उपस्थिति रहेको थियो ।

**बैठकका निर्णयः-**

बैठकमा उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र मातहतका निकायको आ.व. २०८०/८१ को व्यय अनुमान र सोको जिल्लागत विवरण सम्बन्धमा छलफल भयो ।

**२०८०।०३।२० गतेः** समितिका जेष्ठ सदस्य माननीय लालविर चौधरीको सभापतित्वमा बसेको उक्त बैठकमा माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव, माननीय सहरी विकास मन्त्री सीता गुरुङ, सहरी विकास मन्त्रालयका सचिव रविन्द्रनाथ श्रेष्ठ, बाग्मती सुधार आयोजनाका अध्यक्ष उद्धव प्रसाद तिमिल्सिना, बाग्मती सुधार आयोजना प्रमुख रवीन्द्र बोहोराको उपस्थिति रहयो ।

**बैठकका निर्णयः-**

१. बागमती र यसका सहायक तथा उपसहायक नदीहरुमा रहेका अव्यवस्थित बसोबासी एवम् सुकुम्बासी बस्ती ६ महिना भित्र व्यवस्थापन गरी उक्त स्थान खाली गर्न सहरी विकास मन्त्रालयलाई निर्देशन गर्ने।

२. समितिले उपयुक्त समयमा अधिकार सम्पन्न बाग्मती सभ्याता एकीकृत विकास समितिको हालसम्मको काम कारबाहीको स्थलगत अवलोकन गर्ने।

३. आर्थिक वर्ष २०६५/६६ को आर्थिक ऐनको व्यवस्थाबाट बाग्मती र यसका सहायक तथा बाग्मती सभ्यतालाई बचाउन तथा काठमाडौंलाई बस्न लायक सहर बनाउन काठमाडौं उपत्यकाका १८ वटा नगरपालिकाहरुबाट घरजग्गा पास गर्दा दिइने थप ०.५ प्रतिशत शुल्क अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिको कोषमा जम्मा गर्न नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देशन दिने।

४. सम्माननीय प्रधानमन्त्री पुष्षकमल दाहालद्धारा मिति २०८० जेठ १७ गतेदेखि २० गते सम्म भएको मित्र राष्ट्र भारत भ्रमणको क्रममा आगामी १० वर्षभित्र १० हजार मेगावाट विद्युत किन्ने सम्बन्धमा भएको सहमति सात दिन भित्र माग गर्ने।

५. नेपाल र मित्र राष्ट्र बंगलादेश बीच क्रस वोर्डर विद्युत व्यापार सम्बन्धमा हालसम्म भएको प्रगती माग गर्ने।

समितिको आन्तरिक कार्यविधि निर्माण उपसमितिको बैठक २०८०/०२/२२ गते माननीय लालविर चौधरीको संयोजकत्वमा बस्यो। उक्त बैठकले समितिको आन्तरिक कार्यविधि, २०८० पारित गरी उक्त आन्तरिक कार्यविधि सम्बन्धी प्रतिवेदन समितिको आगामी बैठकमा पेश गर्ने निर्णय गऱ्यो।

## १.२.१.९ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको पहिलो बैठक समितिको ज्येष्ठ सदस्य माननीय प्रा. डा कालुराम राईको सभापतित्वमा बस्यो । आजको बैठकमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेत र माननीय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बुको उपस्थितिमा देहाय बमोजिमको निर्णय भयोः-

१. समितिको ज्येष्ठ सदस्य माननीय प्रा. डा. कालुराम राईले समितिका माननीय सदस्यहरुलाई समितिमा स्वागत गर्नुभयो।

२. समितिको बैठकमा उपस्थित माननीय सदस्यहरु तथा समिति सचिवालयका कर्मचारीहरु बीच परिचय आदान प्रदान भए पश्चात समितिका आगामी कामकारवाहीका सम्बन्धमा सामान्य छलफल भयो र समितिका सभापतिले समितिका कार्यक्षेत्रका सम्बन्धमा जानकारी गराउनुभयो।

**समितिको मिति २०८०/०२/१६ गते**

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिको ज्येष्ठ सदस्य माननीय प्रा.० डा कालुराम राईको सभापतित्वमा बस्यो। यस बैठकमा देहाय बमोजिमको निर्णय भयोः-

१ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रस्तावित कार्यविधि, २०८० मा सुझाव लिन समितिमा रहेका सबै दलको प्रतिनिधित्व हुने गरी सदस्यहरुबाट प्रा.प्त सुझाव कार्यविधिमा समावेश गरी अर्को बैठकमा पेश गर्ने ।

२ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सदस्य डा. चन्द्रकान्त भण्डारीको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।

**समितिको मिति २०८०/०२/२१ गते**

१. शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको कार्यविधि, २०८० निर्माणका लागि मा. बद्रीप्रसाद पाण्डेको संयोजकत्वमा गठित मा विद्या भट्टराई, मा. भानुभक्त जोशी र मा. डा. तोसिमा कार्कीको कार्यदललाई अनुमोदन गर्ने ।

२. उपर्युक्त कार्यदलले सुझावसहित पेश गरेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको कार्यविधि, २०८० लाई पारित गर्ने ।

**समितिको मिति २०८०/०२/२९ गते**

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिको ज्येष्ठ सदस्य माननीय प्रा. डा . कालुराम राईको सभापतित्वमा बसी देहाय बमोजिमको निर्णय भयोः-

१ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको कार्यक्षेत्रअन्तर्गत पर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका मन्त्री, सचिव एवम् विज्ञहरुलाई समितिमा आमन्त्रण गरी तत् तत् मन्त्रालयको अवस्था एवम् चुनौतिबारे जानकारी लिने र यथोचित निर्देशन दिने ।

२ समितिमा प्रा.स विधेयकहरु सम्बन्धमा आगामी दिनमा अनुकूल समयमा छलफल अगाडि बढाउने ।

३ यस समितिमा शिक्षा र स्वास्थ्यसम्बन्धी प्रा.स उजुरी सम्बन्धमा सरोकारवालासँग छलफल गर्ने ।

**समितिको मिति २०८०/०२/३१ गते**

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिको ज्येष्ठ सदस्य माननीय प्रा. डा. कालुराम राईको सभापतित्वमा बसी माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बहादुर बस्नेत समेतको उपस्थितिमा देहायबमोजिमको निर्णय भयोः-

१. समितिले स्वास्थ्य क्षेत्रको अवस्था, दादुरा, बर्नलगायतका चुनैतिबारे मन्त्रालयका मा. मन्त्री तथा पदाधिकारी र प्रा.विधिकबाट जानकारी लियो । मन्त्रालयमा बजेट न्यून रहेको तथा दरबन्दी संख्या अपुग रहेको सम्बन्धमा समेत छलफल भयो।

२. स्वास्थ्य क्षेत्रमा पहुँच तथा गुणस्तर सुधारको लागि आवश्यक पहल कदमी लिने साथै सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन निर्देशन दिने निर्णय भयो।

**समितिको मिति २०८०/०३/१४ गते**

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिको ज्येष्ठ सदस्य माननीय प्रा. डा. कालुराम राईको सभापतित्वमा बस्यो । वैठकमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा समेतको उपस्थिति थियो। उक्त वैठकमा देहाय बमोजिमको निर्णय भयोः-

१ समितिले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको वर्तमान अवस्था, समस्या एवं चुनौतिबारे जानकारी लिनुका साथै आगामी दिनमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सवलीकरणको लागि आवश्यक पैरवी गर्ने।

२ समितिले आवश्यकता ठहर गरेको विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन दिने ।

३ समितिको अर्को वैठकमा युवा तथा खेलकुद मन्त्रालयलाई आमन्त्रण गर्ने ।

**समितिको मिति २०८०/०३/२८ गते**

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिको ज्येष्ठ सदस्य माननीय प्रा. डा. कालुराम राईको सभापतित्वमा बसी देहाय बमोजिमको निर्णय भयो । आजको बैठकमा माननीय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बुको समेत उपस्थिति थियो ।

१. समितिले युवा तथा खेलकुद मन्त्रालयको वर्तमान अवस्था, चुनौती तथा समस्याबारे जानकारी लियो । आगामी दिनमा युवालाई खेलप्रति आकर्षण बढाउन र युवा पलायन रोक्ने दिशामा पैरवी गर्ने निर्णय गरियो ।

२. समितिले आवश्यक ठानेको विषयमा युवा तथा खेलकुद विकासको सन्दर्भमा मन्त्रालयलाई सुझाव एवं निर्देशन दिने ।

३. समितिको अर्को बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई आमन्त्रण गरी छलफल गर्ने।

## १.२.१.१० सार्वजनिक लेखा समिति

**सार्वजनिक लेखा समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

१. समितिका माननीय सदस्यहरुबीच स्वागत तथा परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।

२. समितिको कार्यक्षेत्रमाथि समिति सचिवले जानकारी गराउनुभयो ।

३. समितिको आगामी बैठकमा समितिको कार्यक्षेत्रको विषय तथा बेरुजु न्यूनीकरण, भ्रष्टाचार नियन्त्रण, वित्तीय जवाफदेहिता र आर्थिक अनुशासन कायम गर्ने गरी पारदर्शिता, निष्पक्षताका साथ एकताबद्ध र प्रतिबद्ध भएर समितिको नियमित रुपमा बैठक सञ्चालन गर्ने र बेथिति न्यूनीकरण गरी आम जनमानसमा समितिको विश्वास अभिवृद्धि गर्ने लगायतका विषयमा माननीय सदस्यहरुले आ-आफ्ना भनाई राख्नुभयो ।

**समितिको दोस्रो बैठक २०८०/०२/०५ गतेः**

१. समितिको बैठकमा माननीय महालेखापरीक्षकले तीनै तहको बेरुजु, सार्वजनिक वित्त तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको कार्यान्वयनको अवस्थाका बारेमा माननीय सदस्यहरुलाई जानकारी गराउनुभयो ।

२. उपरोक्त विषयका अतिरिक्त आगामी दिनमा नेपालमा सुशासन कायम गर्न सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउने सुझाव प्रस्तुत गर्दै समितिका माननीय सदस्यहरुबाट उठान भएका जिज्ञासाहरुको सम्बोधन गर्नुभयो ।

**समितिको तेस्रो बैठक २०८०/०२/०७ गते**

१. समितिको आजको बैठकमा माननीय महालेखापरीक्षकसँग वित्तीय जवाफदेहिता, आर्थिक अनुशासन र बेरुजुको विद्यमान अवस्था लगायतका समसामयिक विषयमा अघिल्लो बैठकमा भएको छलफललाई निरन्तरता दिइयो ।उक्त बैठकमा माननीय महालेखापरीक्षले उल्लिखित विषयमा सुधार गर्न शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक प्रशासन र सुशासन, सार्वजनिक वित्त व्यवस्थापन, बिकास व्यवस्थापन लगायतका महत्वपूर्ण विधा र पक्षमा सुधार गर्नुपर्ने तथा बढ्दो बेरुजुको अंश घटाई सरकारको वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि गर्न खर्च गर्ने कार्यमा संलग्न कर्मचारी र पदाधिकारीको कार्यसम्पादनलाई

बेरुजुसँग आबद्ध गरी जवाफदेही बनाउनुपर्ने, संवैधानिक निकाय लगायतका राज्यका महत्वपूर्ण राजनीतिक नियुक्तिमा बेरुजु फस्यौंटसहित निजको विगतको कार्यसम्पादन प्रभावकारिता हेरिनुपर्ने जस्ता विषयमा सुझावहरु प्रस्तुत गर्दै समितिका माननीय सदस्यहरुबाट उठान भएका जिज्ञासाहरुको सम्बोधन गर्नुभयो ।

**समितिको चौंथो बैठक २०८०/०२/१७ गते**

१. समितिको बैठकमा अघिल्लो कार्यकाल (२०७६ सालदेखि २०७९ सम्म) र २०८० सालपछि समितिमा दर्ता भएका उजुरीमध्ये के कस्ता उजुरीलाई समितिमा छलफलमा लैजाने भन्ने विषयमा माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्दै उजुरीको वर्गीकरण गरी समितिको कार्यक्षेत्रसँग सम्बन्धित र महत्वपूर्ण उजुरीमात्र समितिमा छलफल गर्नुपर्ने सम्बन्धमा आजको समितिको छलफल केन्द्रित भयो।

२. समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित रुपमा सञ्चालन गर्न समितिको बैठक सञ्चालनसम्बन्धी आन्तरिक कार्यविधिको मस्यौदा बनाई समितिको आगामी बैठकमा पेश गर्न माननीय राजेन्द्र कुमार के.सी.को संयोजकत्वमा देहाय बमोजिमका माननीय सदस्यहरु रहने गरी ५ (पाँच) सदस्यीय उपसमिति गठन गरियो।

१. माननीय राजेन्द्र कुमार के.सी. - संयोजक

२. माननीय डा. अमरेश कुमार सिंह -सदस्य

३. सदस्य माननीय ऋषिकेश पोखरेल - सदस्य

४. माननीय रामकृष्ण यादव -सदस्य

५. माननीय हरि ढकाल - सदस्य

## १.२.२ राष्ट्रिय सभा अन्तर्गतका समितिका गतिविधि

राष्ट्रिय सभामा ४ वटा विषयगत समितिहरू रहेका छन्। ती समितिहरूका क्रियाकलाप, निर्णय तथा निर्देशन देहायबमोजिम प्रस्तुत गरिएको छः-

## १.२.२.१ दिगो विकास तथा सुशासन समिति

### दिगो विकास तथा सुशासन समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः

यस अवधिमा समितिका ११ वटा वैठक बसेका छन् । बैठकका मुख्य क्रियाकलाप, निर्णय तथा दिइएका निर्देशनहरु निम्नानुसार रहेका छन्।

**मितिः २०८०/०१/१३ गते**

समितिको निर्णय/निर्देशनको कार्यान्वयनको अवस्थाको वारेमा छलफल र विविध कार्यसूचीमा समितिका माननीय सदस्यहरु, नीति अनुसन्धान प्रतिष्ठान सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छन् -

"समितिको निर्णय/निर्देशनको कार्यान्वयनको प्रभावकारिता बढाउने सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानको अनुसन्धान टोलीसँग अन्तर्क्रियात्मक छलफल भयो।"

**मितिः २०८०/०१/२८ गते**

किसानहरुलाई कृषि मल र वीउविजन समयमा नै उपलब्ध गराउने, कृषिजन्य वस्तुहरुको माग र आपूर्तिको सन्तुलन, बजार ब्यवस्थापन, मूल्य निर्धारण लगायतका समस्या समाधान गर्ने, कृषि अनुदान, उखु किसानको समस्या, बर्ड फ्लुको प्रकोपको समयमा नष्ट गरिएको कुखुरा, हाँसको क्षतिपूर्ति लगायतका समस्या समाधान गर्ने सम्बन्धमा र विविध कार्यसूचीमा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल, समितिका माननीय सदस्यहरु, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र पशु सेवा विभागको सहभागितामा बसेको समितिको बैठकबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय गरियोः

१. मलको व्यवस्थापन गर्न माग अनुसार समयमा नै आगामी बर्षको समेत प्रक्षेपण गरी कार्ययोजना बनाई खरिद गर्ने, विदेशबाट गरिने मल ढुवानी प्रक्रियाको समयमा नै

व्यवस्था मिलाई ढुवानी गर्ने, भण्डारण गर्ने, मलको वितरण न्यायोचित गर्न प्रयोग गरिएको सूत्रमा पुनरावलोकन गरी वितरण व्यवस्था प्रभावकारी बनाउने, मलको मूल्यमा उतारचढाव भएको अवस्थामा कृषकहरुलाई राहत प्रदान गर्न अनुदानको व्यवस्था गर्ने र आन्तरिक नियन्त्रण तथा अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन निर्देशन दिने।

२. तरकारी, फलफूल र खाद्यान्नको बीउ बिजनको व्यवस्था गर्ने, कृषिजन्य वस्तुको समयमा नै मूल्य निर्धारण गरी बजार व्यवस्थापनलाई व्यवस्थित गर्ने, आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने र रैथाने जातिको संरक्षण गर्ने व्यवस्था गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने।

३. विदेशबाट आयात हुने कृषिजन्य उत्पादनलाई उद्योग, वाणिज्य मन्त्रालय र अर्थ मन्त्रालयसँग समन्वय गरी क्वारेन्टाईन परीक्षणलाई व्यवस्थित गर्ने, कृषिजन्य वस्तुको आन्तरिक उत्पादन मूल्यांकन गरी आयात नियन्त्रण गर्ने र विदेश निर्यात गर्ने कृषिजन्य वस्तुको गुणस्तर परीक्षण, प्याटेन्ट आदिको व्यवस्था गर्न निर्देशन दिने।

४. उखु किसानलाई प्रदान गरिने अनुदान व्यवस्थित गर्ने र वर्डफ्लुका कारण दिनुपर्ने क्षतिपूर्ति समयमै उपलब्ध गराउन निर्देशन दिने।

५. कृषि क्षेत्रको जनशक्ति व्यवस्थाका लागि आवश्यक बजेट वृद्धि गर्ने, कृषिजन्य उद्योगका लागि सहुलियतपूर्ण ऋण व्यवस्था गर्ने र अनलाइन प्रणालीबाट कृषि सम्बन्धी बिमा उपलब्ध गराउने व्यवस्था मिलाउन निर्देशन दिने।

६. वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरी कृषि क्षेत्रमा यान्त्रिकरण, जनशक्ति व्यवस्था र उत्पादन प्रवर्द्धन गर्न निर्देशन दिने।

७. कृषिको विकास र व्यवस्थापनलाई व्यवस्थित गर्न कृषि विधेयक सदनमा पेश गर्न निर्देशन दिने।

**मितिः २०८०/०१/२९ गते**

शैक्षिक सत्र २०८० को लागि सामुदायिक विद्यालयहरुमा पाठ्यपुस्तक उपलब्धताको समीक्षा, नेपालको संविधान अनुरुप संघीय शिक्षा ऐन तथा संघीय शिक्षा नीति, विद्यालयको पाठ्यक्रममा मनोपरामर्श सम्बन्धी ब्यवस्था, त्रिभुवन विश्वविद्यालय लगायत नेपालका अन्य विश्वविद्यालयबाट लिइने परीक्षा सम्बन्धमा भएका अनियमितता, ढिलासुस्ती तथा गैरजिम्मेवार क्रियाकलापको नियन्त्रण, विश्वविद्यालयको ब्यवस्थापनका लागि एकीकृत विधेयक(छाता विधेयक) प्रस्तुत गर्ने र विविध कार्यसूचीमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राई, समितिका माननीय सदस्यहरु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र जनक शिक्षा सामग्री केन्द्र लि. को सहभागितामा बसेको समितिको बैठकबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई देहाय बमोजिम निर्देशनहरु दिने निर्णय गरियो -

१. शिक्षा क्षेत्रमा देखिएका समस्यालाई निरुपण गरी प्रभावकारी रुपमा शैक्षिक व्यवस्थापन गर्न नेपालको संविधान अनुरुप संघीय शिक्षा विधेयक यथाशीघ्र सदनमा पेश गर्न निर्देशन दिने।

२. नेपालमा सञ्चालित विभिन्न विश्वविद्यालयहरुका फरक फरक प्रा.वधान रहेका ऐनहरु कार्यान्वयनमा रहँदा प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन हुन नसकेकाले सबै विश्वविद्यालयहरुको सञ्चालन, नियमन, व्यवस्थापन एवं अनुगमनलाई प्रभावकारी रुपमा ब्यवस्थित गर्न एकीकृत उच्च शिक्षा विधेयक (छाता विधेयक) यथाशीघ्र सदनमा पेश गर्न निर्देशन दिने।

३. त्रिभुवन विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयहरुको लागि अनिवार्य रुपमा शैक्षिक क्यालेण्डर बनाई लागु गरी समयमै पढाई र परीक्षा सञ्चालन एवं नतिजा प्रकाशन व्यवस्था मिलाउन निर्देशन दिने।

४. आत्महत्या तथा मनोसामाजिक समस्या नियन्त्रण गर्न शैक्षिक पाठ्यक्रममा मनोपरामर्शका विषयवस्तु समावेश गर्ने, शिक्षक तालिम प्रदान गर्ने र मनोसामाजिक परामर्श केन्द्रहरु स्थापना गर्न निर्देशन दिने।

५. यस शैक्षिक वर्षमा जस्तै आगामी वर्षमा समेत समयमा नै पाठ्यपुस्तक प्रकाशन र वितरण व्यवस्था प्रभावकारी बनाउन कार्य योजना बनाई लागु गर्न र छपाइका लागि चाहिने कागज खरिद प्रक्रिया समयमा नै गर्न निर्देशन दिने।

**मितिः २०८०/०२/०१ गते**

मनोसामाजिक अपाङ्गताको दृष्टिकोणबाट विद्यमान कानूनमा रहेका विभेदकारी व्यवस्थाहरु हटाउने सम्बन्धमा र विविध कार्यसूचीमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ, समितिका माननीय सदस्यहरु, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय लगायतको सहभागितामा बसेको समितिको बैठकबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई देहाय बमोजिम निर्देशनहरु दिने निर्णय गरियोः

१. संसदमा विधेयक प्रस्तुत गर्दा मनोसामाजिक दृष्टिले अपाङ्गता भएका व्यक्ति उपर विभेद हुने शब्दहरु हटाई आवश्यक परेमा सम्मानजनक रुपमा प्रा.वधानहरु राख्ने व्यवस्था गर्न निर्देशन दिने।

२. विगतमा निर्माण भएका ऐन, नियम तथा निर्देशन, कार्यविधि लगायतका बिषयमा रहेका मनोसामाजिक दृष्टिबाट उल्लिखित विभेदकारी शब्दावलीहरु हटाई सुधार गर्न अध्ययन गरी विधेयक प्रस्तुत गर्न निर्देशन दिने।

३. मौलिक हक सम्बन्धी ऐनहरुमा व्यवस्था भए अनुरुप निर्माण गर्नुपर्ने नियमावली र आवश्यक कानून बनाई लागू गर्न निर्देशन दिने।

**मितिः २०८०/०२/०२ गते**

दिगो विकास लक्ष्य कार्यान्वयनमा अपाङ्गता भएका व्यक्तिहरुको अवस्था सम्बन्धमा, दिगो विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा लैंगिक समानता हासिल गर्न सबै महिला किशोरी तथा बालबालिका विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा, मानव वेचविखन, शोषणको अन्त्य गर्ने एवं बालविबाह, कम उमेरमा विवाह, जबर्जस्ती विवाह अन्त्य गर्ने, सवै निर्णायक तहहमा महिलाहरुको सहभागिता र समान अवसरको सुनिश्चितता गर्ने लगायतका विषयहरु सम्बन्धी कार्यसूचीमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्य, राष्ट्रिय महिला आयोगका अध्यक्ष मा. कमला पराजुली, समितिका माननीय सदस्यहरु, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, अन्तर पार्टी महिला सञ्जाल लगायतको सहभागितामा बसेको समितिको बैठकबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई देहाय बमोजिम निर्देशनहरु दिने निर्णय गरियोः

१. आर्थिक, सामाजिक, शैक्षिक एवं सांस्कृतिक दृष्टिले पिछडिएका वर्ग लक्षित कार्यक्रम र रणनीति कार्यान्वयन गरी महिला, अल्पसंख्यक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण गर्न एवं सवै प्रकारका विभेद नियन्त्रण गर्न र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा एवं सहयोगी सेवा उपलब्ध गराउन निर्देशन दिने।

२. महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, बालबालिका र लैगिक तथा यौनिक अल्पसंख्यकको तथ्याङ्क संकलन गर्ने एवं विश्लेषण गरी उनीहरुको हितमा कार्य गर्न सेफ हाउस, एकद्धार संकट व्यवस्थापन केन्द्र लगायतका आवश्यक क्षेत्रहरुको व्यवस्थापन गर्न निर्देशन दिने।

३. बाल विवाह, अनमेल विवाह, बहुविवाह, मानव बेचविखन नियन्त्रण गर्न आवश्यक नीतिगत, कानूनी तथा दण्डात्मक व्यवस्था गरी लागू गर्न निर्देशन दिने।

४. CEDAW प्रतिवेदन समयमा नै तयार गरी छलफलमा ल्याउन र दिगो विकास लक्ष्यहरुको कार्यान्वयन गर्दा Gender Equality and Social Inclusion (GESI) रणनीतिमा अपाङ्गता समेतलाइ समेटी Gender Equality, Disability and Social Inclusion (GEDSI) रणनीति तयार गरी लागू गर्न निर्देशन दिने।

**मितिः २०८०/०२/३२ गते**

समितिको प्रगति समीक्षा र आगामी कार्ययोजना सम्बन्धी कार्यसूचीमा समितिका माननीय सदस्यहरुको सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छनः

१. समितिको आ.व. ०७९/०८० को कार्ययोजनाको कार्यप्रगतिको वारेमा समिक्षा गरियो।

२. समितिको आगामी बैठकमा निम्न विषयहरुमा छलफल गर्ने निर्णय गरियो।

क. राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति, समस्या र समस्या समाधानका लागि गरिएका पहल लगायतका विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आमन्त्रण गरी छलफल गर्ने।

ख. दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा विभिन्न राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी एवं सामाजिक संघसंस्थासँग छलफल गर्ने।

ग. नेपालमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी विषयहरुमा मा. उपप्रधानमन्त्री एवं गृहमन्त्रीलाई आमन्त्रण गरी छलफल गर्ने।

**मितिः २०८०/०३/०३ गते**

राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति, समस्या लगायत विवरणका सम्बन्धमा छलफल र विविध कार्यसूचीमा समितिका माननीय सदस्यहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छन् :

निर्धारित समयमा नै सम्पन्न गर्ने उद्देश्यले राष्ट्रिय गौरवका आयोजनाहरुमा देखा परेका समस्या समाधान गर्न "आयोजना विशेष" को कार्ययोजना तयार गरी समितिमा छलफलका लागि पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिने।

१. राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका लागि आवश्यक नीतिगत सुधार तथा समन्वयका संयन्त्र निर्माण गरी समितिमा जानकारी दिने।

**मितिः २०८०/०३/०४ गते**

दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा विभिन्न राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी एवं सामाजिक संघसंस्थासँग छलफल र विविध कार्यसूचीमा समितिका माननीय सदस्यहरु, गैसस महासंघ नेपाल, दिगो विकास मञ्च, सामुदायिक वन उपभोक्ता महासंघ, एशिया दलित अधिकार मञ्च, प्लान इन्टरनेशनल नेपाल, डि.जेड.आई. फाउन्डेशन, वियोण्ड बेइजिङ कमिटी लगायतका सरोकारवाला संघसंस्थाहरुको ,सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छन् -

१. दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा विभिन्न राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी एवं सामाजिक संघसंस्थाबाट भएका गतिविधिहरु/कार्यक्रमहरु, कार्यक्रमको उपलब्धि,समस्या एवं समस्या समाधानका लागि गर्नुपर्ने पहल लगायतका विषयहरुमा छलफल गरियो।

२. मिति २०८०।०३।०३ गते काठमाडौंको कालीमाटी स्थित फलफूल तथा तरकारी बजारको सडकमा गोलभेंडा फालिएको घटनाप्रति समितिको गम्भीर ध्यानाकर्षण भएको छ।गोलभेंडा सडकमा फाल्नु परेको कारण, यस घटना किसान, उपभोक्ता र व्यवसायीको

हितमा रहे नरहेको स्थिति र यस्तो कार्य प्रचलित कानून बमोजिम दण्डनीय भए नभएको विषयमा सत्यतथ्य पत्ता लगाउन प्रचलित कानून बमोजिम छानविन गरी/गराई समितिमा प्रतिवेदन पठाउन र दोषी भए कानुन बमोजिम कारवाही गरी जानकारी गराउन गृह मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने।

३. कृषिजन्य उत्पादनहरु सडकमा फाल्ने यस्ता प्रकृतिका घटनाहरु आगामी दिनमा नहुनका लागि आवश्यक पहलकदमी गर्न गृह मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने।

**मितिः २०८०/०३/०७ गते**

नेपालमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी विषयहरुमा माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायण काजी श्रेष्ठ, समितिका माननीय सदस्यहरु र गृह मन्त्रालयको सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छन् -

१. वाढी, पहिरो लगायतका विपद्हरुको जोखिम न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभ तथा यसको व्यवस्थापनको लागि पूर्व तयारी, जोखिममा परेका व्यक्ति/परिवारको लागि पुनर्स्थापना र पुनर्निर्माण कार्य प्रभावकारी बनाउन गृह मन्त्रालयलाई निर्देशन दिने।

२. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ११ (थ) बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रा.धिकरण मातहतमा राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न समितिको मिति २०७९/०३/२९ गतेको बैठकबाट गृह मन्त्रालयलाई दिएको निर्देशन कार्यान्वयनको लागि पुनः निर्देशन दिने।

३. हालै पूर्वी पहाडी क्षेत्र लगायतका स्थानहरुमा वाढी पहिरोले पुऱ्याएको क्षति आँकलन गरी राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्य प्रभावकारी बनाउन गृह मन्त्रालयलाई निर्देशन दिने।

**मितिः २०८०/०३/१२ गते**

समितिको निर्देशन कार्यान्वयनको अवस्थाको वारेमा नीति अनुसन्धान प्रतिष्ठानबाट गरिएको अध्ययन प्रतिवेदन मस्यौदामा छलफल र विविध कार्यसूचीमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाको प्रमुख आतिथ्य र राष्ट्रिय सभाका माननीय उपाध्यक्ष उर्मिला अर्यालको विशेष आतिथ्य एवं विधायन व्यवस्थापन समितिका माननीय सभापति, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका माननीय सभापति, समितिका माननीय सदस्यहरु लगायतको सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छन्ः

१. समितिको बैठकमा समुपस्थित भई समितिको कामकारवाहीलाई मार्ग निर्देशन दिनु भएकोमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना र माननीय उपाध्यक्ष उर्मिला अर्याललाई हार्दिक धन्यवाद ज्ञापन गरियो।

२. समितिको निर्देशनको कार्यान्वयनको सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानबाट गरिएको अध्ययन प्रतिवेदनको मस्यौदा अध्ययन टोलीका संयोजक खिमलाल देवकोटाबाट प्रस्तुत भई छलफल गरियो। छलफलमा उठेका विषय र मस्यौदा प्रतिवेदन उपर प्रा.स सुझाव सहित अध्ययन प्रतिवदेन पेश गर्न नीति अनुसन्धान प्रतिष्ठानलाई अनुरोध गर्ने निर्णय गरियो।

**मितिः २०८०/०३/१३ गते**

स्वास्थ्य बिमा कार्यक्रमको वर्तमान स्थिति, कार्यान्वयनमा परेका समस्या र समाधानका लागि गरिएका प्रयास, मनोसामाजिक परामर्श र मानसिक स्वास्थ्य उपचारका लागि गरेका व्यवस्था र दिगो विकास लक्ष्य नं. ३ (स्वस्थ र समृद्ध जीवनस्तर) को कार्यान्वयनको अवस्था सम्बन्धी कार्यसूचीमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बहादुर बस्नेत, समितिका माननीय सदस्यहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य बीमा वोर्ड, स्वास्थ्य सेवा विभागको सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छन्ः

**देहायः-**

१. स्वास्थ्य बिमा कार्यक्रममा देखा परेका नीतिगत, व्यवस्थापकीय समस्या समाधान गरी गुणस्तरीय स्वास्थ्य सेवा, औषधी आपूर्ति, उपचार प्रक्रिया सरल बनाई दक्ष जनशक्तिको व्यवस्था गरी सवै स्थानीय तहसम्म पहुँच विस्तार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।

२. सुर्तीजन्य पदार्थमा लगाउने कर वृद्धि गरी त्यसबाट संकलित रकम स्वास्थ्य उपचार, जनस्वास्थ्य सेवाका कार्यक्रममा खर्च गर्ने व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने।

३. मानसिक स्वास्थ्य उपचार सम्बन्धमा मनोसामाजिक परामर्शदाता, स्वास्थ्य विशेषज्ञ सेवा विस्तार गर्न, शिक्षाको पाठ्यक्रममा समावेश गर्न र विभेदजन्य शब्द र प्रा.वधानलाई हटाउन उपयुक्त कानूनी/नीतिगत व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने।

४. दिगो विकास लक्ष्य प्रा.प्तिका लागि निर्धारण गरिएका सूचकहरुमा प्रगति हासिल गर्ने गरी नीतिगत, संस्थागत र व्यवस्थापकीय सुधार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने।

## १.२.२.२ विधायन व्यवस्थापन समिति

### विधायन व्यवस्थापन समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः

मिति २०८० वैशाख १ गतेदेखि २०८० असार मसान्तसम्ममा १८ पटक समिति बैठक बसेको थियो। यस अवधिमा भएका मुख्य कार्यहरू निम्नानुसार रहेका छन्:-

**मिति २०८० वैशाख २५ गते**

समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रको सभापतित्वमा बसेको समितिको आजको बैठकमा समितिको सभापति पदको लागि एक मात्र उम्मेदवारी परेकाले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५० को उपनियम (४) बमोजिम समितिका सदस्य माननीय जयन्तीदेवी राई समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भयो।

**मिति २०८० वैशाख ३१ गते सभापतिको निर्वाचन**

समितिको बैठकमा कार्य परामर्श उपसमिति गठन, उपसमितिको कार्य प्रगति र उपसमितिको समयावधि थप गर्ने सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो:-

**निर्णयः**

१. समितिको बैठकमा छलफल हुने कार्यसूची समेतका कार्यहरूको तयारी, अन्य मन्त्रालय, संसदीय समिति तथा निकायसँगको समन्वय लगायतका नियमित कार्यहरू गर्नका लागि उपसमितिको आवश्यकता महसुस गरी यसपूर्व कार्य परामर्श उपसमिति गठन गरिएकोमा समितिका तत्कालीन माननीय सभापति डा. बेदुराम भुसाल नेपाल सरकारको मन्त्री नियुक्त हुनुभएसँगै निष्क्रिय भएको हुँदा देहाय बमोजिम कार्य परामर्श उपसमिति गठन गर्नेः-

क. माननीय सभापति जयन्ती देवी राई - संयोजक

ख. माननीय सदस्य अनिता देवकोटा - सदस्य

ग. माननीय सदस्य गंगाकुमारी वेलवासे - सदस्य

घ. माननीय सदस्य प्रमिला कुमारी - सदस्य

ङ. माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ - सदस्य

२. समितिद्वारा गठित समितिको निर्देशन कार्यान्वयन अवस्थाको अध्ययन उपसमितिका माननीय संयोजक देवेन्द्र दाहाल र संविधान अनुसार बन्न बाँकी कानूनहरूको अध्ययन उपसमितिका माननीय संयोजक अनिता देवकोटाद्वारा उपसमितिका हालसम्मको प्रगतिबारे बैठकमा प्रस्तुति भयो।

३. समितिद्वारा गठित दुवै अध्ययन उपसमितिहरूका लागि थप समय आवश्यक पर्ने देखिएको हुँदा २०८० जेष्ठ १५ गतेसम्मका लागि म्याद थप गर्ने ।

४. समितिका नवनिर्वाचित माननीय सभापति जयन्ती देवी राईलाई समितिका तर्फबाट हार्दिक बधाई तथा कार्यकाल सफलताको लागि शुभकामना प्रदान गर्ने ।

**मिति २०८० जेठ ०२ गते**

समितिको बैठकमा निम्न बमोजिम निर्णय भयोः-

**<u>निर्णयः</u>**

१. समितिमा विचाराधीन अवस्थामा रहेको नेपाल विश्वविद्यालय विधेयक, २०७९ को सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय मन्त्री र सचिव एवं कानून न्याय तथा संसदीय मामिला मन्त्रालयलाई आमन्त्रण गरी आगामी बैठकमा दफावार छलफल प्रारम्भ गर्ने।

२. समितिका सचिव श्री मनोजकुमार गिरीको बुवा पुष्पराज गिरीको आजै निधन भएको हुँदा देहायको शोक प्रस्ताव पारितः-

"विधायन व्यवस्थापन समितिका सचिव श्री मनोजकुमार गिरीको पुज्यनीय पिता पुष्पराज गिरीको ९० वर्षको उमेरमा मिति २०८०।०१।३१ मा निधन भएको हुँदा यस समिति दिवङ्गत पुष्पराज गिरीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदन प्रकट गर्दछ।"

**मिति २०८० जेठ ०३ गते**

समितिको बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, संशोधन प्रस्तावका प्रस्तोता माननीय सदस्यहरु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव र सम्बद्ध कर्मचारी, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीहरू लगायतको उपस्थितिमा राष्ट्रिय सभामा उत्पत्ति भई समितिमा प्रा.प्त नेपाल विश्वविद्यालय विधेयक, २०७९ को सम्बन्धमा दफावार छलफल प्रा.रम्भ।

**मिति २०८० जेठ ०४ गते**

समितिको बैठकमा नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा छलफल।

**मिति २०८० जेठ ०८ गते**

समितिको बैठकमा कोभिड-१९ संकट व्यवस्थापन विधेयक, २०७८ फिर्ता सम्बन्धमा छलफल भयो। र बैठकले सबैखाले महामारी एवं संक्रामक रोगलाई सम्बोधन गर्ने छुट्टै विधेयक तर्जुमाको क्रममा रहेको व्यहोरा समेत सम्बन्धित मन्त्रालयबाट समितिमा जानकारी प्रा.प्त भएको सन्दर्भमा प्रस्तुत कोभिड-१९ संकट व्यवस्थापन विधेयक, २०७८ फिर्ता गर्ने सम्बन्धमा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम फिर्ता हुन राष्ट्रिय सभाको बैठकमा प्रतिवेदन पेश गर्ने।

**मिति २०८० जेठ १६ गते**

समितिको बैठकमा नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, राज्यमन्त्री, संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरु, सम्बन्धित मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारी लगायतको उपस्थितिमा दफावार छलफल भयो।

**मिति २०८० जेठ १७ गते**

समितिको बैठकमा राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक, २०७९ माथि प्रा.रम्भिक छलफल भयो। छलफलमा विधेयक प्रस्तोता माननीय सदस्यहरु लगायत माननीय सदस्यहरुबाट यस विधेयकलाई आगामी दिनमा कसरी अघि बढाउन उपयुक्त हुने भन्ने सम्बन्धमा आ-आफ्ना धारणा राखु भयो

**मिति २०८० जेठ १८ गते**

समितिको बैठकमा नेपाल विश्वविद्यालय विधेयक, २०७९ सम्बन्धमा विधेयकको दफा ७ देखि दफा १६ सम्म दफावार छलफल सम्पन्न भयो।

**मिति २०८० जेठ १९ गते**

समितिको बैठकमा नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारी लगायतको उपस्थितिमा दफावार छलफल सम्पन्न भयो। साथै बैठकले सम्बन्धित मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग समन्वय गरी नेपाल विश्वविद्यालय विधेयक, २०७९ सम्बन्धी प्रतिवेदन यथाशीघ्र तयार गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय गऱ्यो।

**मिति २०८० जेठ २५ गते**

समितिको बैठकमा समिति अन्तर्गत गठित "समितिको निर्देशन, सुझाव कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति" र "संविधान अनुसार बन्न बाँकी कानूनहरूको अध्ययन उपसमिति" का प्रतिवेदनहरु सम्बन्धित उपसमितिका संयोजकद्वय क्रमशः माननीय देवेन्द्र दाहाल र माननीय अनिता देवकोटाले समितिमा पेश गर्नु भयो। प्रतिवेदनका सम्बन्धमा समितिको आगामी बैठकमा पृष्ठपोषण प्रा.प्त गर्ने प्रयोजनार्थ माननीय सदस्यहरुलाई उक्त प्रतिवेदनहरु अध्ययनका लागि वितरण भयो ।

**मिति २०८० जेठ २९ गते**

समितिको बैठकमा नेपाल विश्वविद्यालय विधेयक, २०७९ को मस्यौदा प्रतिवेदनमाथि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारी लगायतको उपस्थितिमा मस्यौदा प्रतिवेदनमाथि छलफल सम्पन्न भयो। छलफल पश्चात् उक्त प्रतिवेदनलाई पारित गर्ने र राष्ट्रिय सभाको आगामी बैठकमा पेश गर्ने निर्णय भयो।

**मिति २०८० जेठ ३२ गते**

समितिको बैठकमा संविधान अनुसार बन्न बाँकी कानूनहरू पहिचान उपसमितिको प्रतिवेदनमाथि छलफल सम्पन्न भयो । छलफल पश्चात् उक्त प्रतिवेदनलाई परिमार्जन सहित पारित गर्ने निर्णय भयो।

**मिति २०८० असार ०१ गते**

समितिको बैठकमा समितिका निर्देशन, सुझाव कार्यान्वयन अवस्था अध्ययन अनुगमन उपसमितिको प्रतिवेदनमाथि छलफल सम्पन्न भयो। छलफल पश्चात उक्त प्रतिवेदनलाई पारित गर्ने निर्णय भयो।

**मिति २०८० असार ११ गते**

समितिको बैठकमा समितिका तर्फबाट प्रदेश तथा स्थानीय तहको कानून निर्माण प्रक्रिया एवं अभ्यासका सम्बन्धमा स्थलगत अध्ययन, अनुगमन गर्ने र समितिका तर्फबाट ऐन कार्यान्वयन मापन गर्ने सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयोः-

**निर्णयः**

१. मिति २०८०/०३/१३ गते २:०० बजे भक्तपुर नगरपालिकाको कानून निर्माण प्रक्रिया एवं अभ्यासका सम्बन्धमा समितिका माननीय सदस्यहरुबाट स्थलगत अध्ययन, अनुगमन गर्ने।

२. मिति २०८०/०३/१४ देखि १६ गतेसम्म देहाय बमोजिमका माननीय सदस्यहरुबाट देहायका निकायहरूको स्थलगत अध्ययन, अनुगमन एवं अन्तर्क्रिया गर्नेः-

क) चौबिसे गाउँपालिका, धनकुटा।

- माननीय सदस्य अनिता देवकोटा
- माननीय सदस्य गंगा कुमारी बेल्वासे
- माननीय सदस्य तारामान स्वाँर
- माननीय सदस्य देवेन्द्र दाहाल
- माननीय सदस्य भगवती न्यौपाने
- माननीय सदस्य राधेश्याम पासवान
- सचिवालयका तर्फबाट शाखा अधिकृत प्रकाश ज्ञवाली

ख) पोखरा महानगरपालिका, कास्की।

- माननीय सभापति जयन्ती देवी राई
- माननीय सदस्य उदय बहादुर बोहोरा
- माननीय सदस्य खिमलाल देवकोटा
- माननीय सदस्य नारायण दत्त मिश्र
- माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ
- माननीय सदस्य सुरेशकुमार आले मगर
- सचिवालयका तर्फबाट शाखा अधिकृत सुनिल सुवाल

३. समितिले निकट आगामी दिनमा विद्यमान पर्यावरण तथा वातावरण संरक्षण सम्बन्धी कानूनको कार्यान्वयन मापन सम्बन्धी कार्य गर्ने।

**मिति २०८० असार १२ गते**

समितिको बैठकमा समितिका तर्फबाट प्रदेश तथा स्थानीय तहको कानून निर्माण प्रक्रिया एवं अभ्यासका सम्बन्धमा स्थलगत अध्ययन, अनुगमन गर्ने प्रयोजनका लागि समिति सचिवालयद्वारा तयार पारिएको प्रश्नावलीको मस्यौदामाथि छलफल भयो । छलफलमा माननीय सदस्यहरूले दिनुभएको सुझाव सहितको परिमार्जित प्रश्नावली स्वीकृत भयो।

**मिति २०८० असार १३ गते**

समितिको बैठकमा मिति २०८०/०३/११ को निर्णयानुसार आजै दिनको १:०० बजे भक्तपुर नगरपालिकामा अध्ययन अनुगमनका लागि प्रस्थान गर्नुअघि स्थलगत अध्ययन, अनुगमन गर्दा ध्यान दिनु पर्ने विषयवस्तुहरुका सम्बन्धमा पूर्वतयारी स्वरूप छलफल भयो।

**मिति २०८० असार २५ गते**

समितिको बैठकमा समितिका तर्फबाट मिति २०८०/०३/११ को बैठकद्वारा निर्धारित स्थानीय तहका कानून निर्माण प्रक्रिया एवं अभ्यासका सम्बन्धमा स्थलगत अध्ययन, अनुगमन कार्यको समीक्षा भयो। छलफलमा माननीय सदस्यहरूले स्थानीय तहमा कानून निर्माण प्रक्रिया र सान्दर्भिक अन्य विषयवस्तुको सम्बन्धमा धारणा राख्नुभयो। सबै अध्ययन, अनुगमनका विषयवस्तु समेटी प्रतिवेदन मस्यौदा गर्न समिति सचिवालयलाई निर्देशन गर्ने निर्णय भयो।

## १.२.२.३ प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

**प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

यस  अवधिमा समितिका १३ वटा बैठक बसेका छन् । बैठकका मुख्य क्रियाकलाप, निर्णय तथा दिइएका निर्देशनहरू निम्नानुसार रहेका छन् :-

**२०८० बैशाख ११ गते**

१. मिति २०७९ चैत २८ गतेदेखि मिति २०८० बैशाख ३ गतेसम्म कर्णाली प्रदेश जुम्ला जिल्लाको सिंजा गाउँपालिका र मुगु जिल्लाको सदरमुकाम गमगढीमा आयोजना गरिएको प्रत्यायोजित विधायन सम्बन्धी विचार एवं अनुभव आदान प्रदान कार्यक्रममाथि छलफल एवं समिक्षा हुँदा कार्यक्रमबाट सम्बन्धित स्थानीय निकायका जनप्रतिनिधिहरूले प्रत्यायोजित विधायन सम्बन्धी विषयलाई चासो एवं महत्वका साथ लिएको र समष्टीगत रूपमा कार्यक्रम उपलब्धिमूलक रहेको कुरा माननीय सदस्यहरूले बताउनु भएको।

२. कार्यक्रम आयोजनाको सिलसिलामा जुम्ला, मुगु र सुर्खेत जिल्लामा रहेका ऐतिहासिक, धार्मिक एवं पर्यटकीय स्थलहरू तातोपानी, पाण्डव गुफा, चन्दननाथ मन्दिर, रारा ताल,

काँक्रेविहार, देउती बज्यै, बुलबुले ताल लगायतका स्थलहरूको अवलोकनबाट देखिएका विषयहरूका सम्बन्धमा छलफल भई उक्त विषयहरूका सम्बन्धमा सम्बद्ध निकायका पदाधिकारीहरूलाई समितिको बैठकमा आमन्त्रण गरी छलफल गर्न उपयुक्त हुने साथै जुम्ला जिल्लामा अवस्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको अवलोकन पश्चात् प्रतिष्ठानसँग सम्बन्धित विविध विषयहरूका बारेमा जानकारी लिइएको।

३. संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) ले यस समितिलाई सहयोग गर्न चाहेको तथा उक्त संस्था र संघीय संसद सचिवालयबीच सहयोग आदान प्रदान गर्ने सम्बन्धमा समझदारी समेत भैसकेको परिप्रेक्षमा उक्त संस्थाले समितिलाई सहयोग गर्ने सम्बन्धमा कार्यक्रम तयार गरी आवश्यक प्रक्रिया अगाडि बढाउन समिति सचिवालयलाई जिम्मा दिने।

**२०८० बैशाख १७ गते**

- लाजिम्पाटस्थित डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयको स्थलगत अध्ययन अवलोकन गर्ने र अध्ययन अवलोकनबाट देखिएका विषयहरूका सम्बन्धमा समितिको आगामी बैठकमा छलफल गर्ने।

**२०८० बैशाख २७ गते**

१. मिति २०८० बैशाख १७ गते गरिएको लाजिम्पाटस्थित डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयको स्थलगत अध्ययन अवलोकनबाट देखिएका विषयहरूमाथि छलफल पश्चात् नेपाल सरकार मातहत रहेका नेपाल राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय र डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय सहित तिनवटै पुस्तकालयहरूको स्थलगत अध्ययन अवलोकनबाट देखिएका विषयहरूका सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई आमन्त्रण गरी छलफल गर्ने।

१. समितिको मिति २०७९/०४/०५ गते पारित समितिको कार्ययोजनामा उल्लिखित प्रत्यायोजित विधायन, सरकारी आश्वासन र राष्ट्रिय महत्वका अभिलेख दस्तावेजहरुको संरक्षण सम्बन्धी विषयमा सातै प्रदेशका प्रदेश सभा सदस्यहरू साथै स्थानीय तहका प्रतिनिधिहरूसँग अध्ययन र अनुभवको आदानप्रदान गर्ने कार्यक्रम अन्तर्गत मिति २०८० जेठ महिनाको दोश्रो हप्ता मधेश प्रदेश र सोही महिनाको अन्तिम हप्ता सुदूरपश्चिम प्रदेशमा कार्यक्रम आयोजना गर्ने र कार्यक्रममा सहभागी हुनुहुने माननीय सदस्यहरूको संख्या र नाम चयनका लागि माननीय

सभापति र कार्यक्रम सम्बन्धी आवश्यक अन्य व्यवस्था मिलाउनका लागि समिति सचिवालयलाई जिम्मेवारी दिने।

२. पुरानो प्रतिनिधि सभा भवन (ग्यालरी बैठक) लाई संसदीय संग्रहालयको रूपमा विकास गर्ने सम्बन्धमा समितिको मिति २०७९।१२।०९ गते बसेको बैठकको निर्णयानुसार शहरी विकास मन्त्रालयलाई दिइएको निर्देशन र सिंहदरवारस्थित पुतली बगैंचामा निर्माणाधीन नयाँ संघीय संसद भवन परिसरमा निर्माण भैरहेको पुस्तकालय भवनको स्थलगत अध्ययन अवलोकनबाट देखिएका विषयहरूका सम्बन्धमा तहाँ मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरूको उपस्थितिमा मिति २०७९।१०।१९ गते बसेको समिति बैठकको निर्णयानुसार गरिएको पत्राचारको सम्बन्धमा हालसम्म कुनै पनि जानकारी समितिमा प्राप्त हुन नआएको हुँदा उक्त पत्रहरू मार्फत गरिएको निर्देशन एवं सुझाव कार्यान्वयनको प्रगति विवरणका सम्बन्धमा शहरी विकास मन्त्रालयका सचिवसँग छलफल गर्ने।

**२०८० जेठ ४ गते**

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीसँग नेपाल राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय र डा. डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालयको स्थलगत अध्ययन अवलोकनबाट देखिएका विषयहरुका सम्बन्धमा छलफल हुँदा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्रोतका हिसाबले सरकारको प्राथमिकतामा पर्न नसकेको, राष्ट्रिय पुस्तक नीति तर्जुमाका लागि अर्थ मन्त्रालयबाट सहमति प्राप्त नभएको, नेपाल राष्ट्रिय पुस्तकालयलाई नेपाल डिजिटल लाईब्रेरीको रूपमा विकास गर्न एशियाली विकास बैंकसँग सहकार्य गर्ने प्रक्रिया प्रारम्भ भएको, पुस्तकालयसँग सम्बन्धित नीतिगत, अल्पकालिन र दीर्घकालिन योजना निर्माण आवश्यक भएको, लागतको हिसाबले पुस्तकालयलाई प्राथमिकतामा पार्न नसकिएको, संसदीय समितिको सुझाव एवं निर्देशनलाई पालना गर्ने सचिव श्री सुवेदीले बताउनु भएको।

२. माननीय सदस्यहरूले डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन (आदेश) २०६० नै प्रत्यायोजित विधायन भएको र प्रत्यायोजित विधायन अन्तर्गत नियमावली तर्जुमा गर्नु सिद्धान्ततः नमिल्ने, पुस्तकालय सम्बन्धी विधेयक चाँडो भन्दा चाँडो ल्याइनुपर्ने, पुस्तकालयको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट छुट्याइनुपर्ने, पुस्तकालयमा कार्यरत कर्मचारीहरूका लागि समय सापेक्ष तालिमको व्यवस्था गरिनुपर्ने, नेपाल राष्ट्रिय पुस्तकालय र डा. डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालयको नयाँ भवन

निर्माणसँग सम्बन्धित कानूनी अड्चन छिटो भन्दा छिटो फुकाइनुपर्ने, केशर महल परिसरभित्र अलपत्र अवस्थामा रहेका सरकारी कागजातको कानून बमोजिम व्यवस्थापन गरिनुपर्ने, पुस्तकालयमा रहेका हस्तलिखित ग्रन्थहरू, पुराना र महत्वपूर्ण पुस्तकहरूको डिजिटलाइजेसन गरिनुपर्ने लगायतका विषयमा मन्त्रालयले ध्यान दिनुपर्ने कुरा बताउनु भएको।

३. पुस्तक, पत्रपत्रिकाहरू सार्वजनिक रूपले पढ्न, प्राचीन हस्तलिखित ग्रन्थहरू, मुलुकका महत्वपूर्ण अभिलेख/दस्तावेजहरूको सुरक्षित संरक्षण र व्यवस्थापन गरिने स्थान पुस्तकालयको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका निम्ति स्पष्ट कानूनी व्यवस्था हुनुपर्ने साथै कानूनको अभावमा पुस्तकालयको संचालन, व्यवस्थापन र सेवा प्रवाहमा देखिएको समस्यालाई ध्यानमा राख्दै पुस्तकालय सम्बन्धी कानून निर्माण भैनसकेको वर्तमान परिप्रेक्ष्यमा सो सम्बन्धी विधेयक चाँडो भन्दा चाँडो संघीय संसदमा दर्ता गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिइएको।

४. नेपाल राष्ट्रिय पुस्तकालय र डा. डिल्लीरमण—कल्याणी रेग्मी स्मारक पुस्तकालयले विगत केही समयदेखि नयाँ भवन निर्माण सम्बन्धी विषयमा सामना गर्नु परेको प्रक्रियागत एवं कानूनी जटिलता/अड्चनका कारण पुस्तकालयको सेवा प्रवाहमा परेको समस्या समाधानार्थ विद्यमान कानूनी जटिलता/अड्चन फुकाउन साथै डा. डिल्लीरमण—कल्याणी रेग्मी स्मारक पुस्तकालयको ४ वटा भवनहरूमध्ये मूल भवनको मौजूदा स्वरूपमै र अन्य भवनहरूको वर्तमान समय र आवश्यकता अनुसार पुनः निर्माणको व्यवस्था मिलाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई लेखी पठाइएको।

५. राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापन सम्बन्धी उपसमिति संयोजकको जिम्मेवारी सोही उपसमितिका सदस्य माननीय श्री गोपाल भट्टराईलाई दिने र सदस्यमा प्रत्यायोजित व्यवस्थापन अध्ययन उपसमितिका सदस्य माननीय श्री गोमादेवी तिमल्सिनालाई थप गर्ने।

**२०८० जेठ १८ गते**

१. राष्ट्रिय अभिलेखालयका महानिर्देशक श्री सौभाग्य प्रधानाङ्गले मुलुकको महत्वपूर्ण अभिलेख/दस्तावेजहरुको संरक्षण तथा व्यवस्थापनका सम्बन्धमा राष्ट्रिय अभिलेखालयबाट भैरहेको कार्यहरू, सामना गर्नु परेका समस्या लगायतका विषयहरूमा प्रस्तुतीकरण गर्नुभएको।

२५ वर्ष पुराना अभिलेखहरू राष्ट्रिय अभिलेखालयमा पठाउनुपर्ने कानूनी व्यवस्था

रहेको, अभिलेखालयमा वि. सं. १८६९ सम्मको कागजात संकलनमा रहेको, सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ मा संशोधनको आवश्यकता भएको, केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ अन्तर्गत बनेको नियमावली अनुसार पनि अभिलेखहरू अभिलेखालयमा प्राप्त हुन आएको, सन्धि सम्झौता सम्बन्धी ऐन संशोधन हुनुपर्ने, पछिल्लो समयमा भएका सन्धि/सम्झौताहरू अभिलेखालयमा प्राप्त हुन नआएको, वि. सं. १९८० अघिका सन्धि सम्झौताहरू कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा नरहेको, व्यक्तिसँग भएको सन्धि/सम्झौताहरू सरकारी निकायमा ल्याउने कानूनी व्यवस्थाको अभाव रहेको, नियमित र कानूनमा भएको व्यवस्था अनुसार अभिलेखल प्रा.प्त हुन नआएको, अभिलेख उपलब्ध गराइ दिनका लागि प्रत्येक ६/६ महिनामा सरकारी निकायहरूमा पत्राचार गर्दा पनि जवाफ प्रा.प्त हुन नआएको, सन् १९६७ पछि जर्मन सरकारको सहयोगमा एसिड बेष्ट र पोलिष्टर बेष्ट गरी दुई किसिमका करिब १, ८२, ००० वटा माइक्रोफिल्मिङ्ग गरिएको, अभिलेखालयको सङ्गठन तथा व्यवस्थापन गर्दा १०० जनाको दरबन्दी आवश्यक भएको भनी निष्कर्ष निकालिएतापनि ३७ जनाको दरबन्दीमा सीमित गरिएको, बजेट अभावको कारण महत्वपूर्ण कार्यहरू हुन नसकेको, मन्त्रिपरिषद्को निर्णय अभिलेखालयमा प्रा.प्त हुन नआएको महानिर्देशक श्री प्रधानाङ्गले बताउनु भएको।

२. छलफलको क्रममा माननीय सदस्यहरूले इतिहासको संरक्षण जरूरी भएकाले अभिलेखालयको अत्यन्त ठूलो महत्व रहेको, मुलुकको इतिहासको संरक्षण गर्न पछि हट्न नहुने, राष्ट्रको गौरबलाई संरक्षण गर्न सबैजना लाग्नु पर्ने, समय सापेक्ष कानूनी व्यवस्था र आवश्यक बजेट व्यवस्थापनमा समितिको सहयोग रहने, प्रत्येक मन्त्रालयमा अभिलेख अधिकृतको व्यवस्था गरिनुपर्ने विषयमा पुनः छलफल गर्न उपयुक्त हुने बताउनु भएको।

**२०८० जेठ २९ गते**

१. प्रत्यायोजित विधायन अध्ययन उपसमितिका संयोजक मा. तुलसा कुमारी दाहालले प्रत्यायोजित विधायनको दृष्टिबाट गठन आदेशहरूको अध्ययन प्रतिवेदन, २०७९ को अध्ययन तथा छलफलबाट देखिएका विषयहरू समेटी तयार गरिएको उपसमितिको प्रतिवेदन पेश गर्नुभएपछि उक्त प्रतिवदेनमाथि छलफल गरिएको।

छलफलमा माननीय सदस्यहरूले गठन आदेश आफैंमा प्रत्यायोजित विधायन भएतापनि यस अन्तर्गत थुप्रै सहायक कानूनहरू निर्माण भएबाट बेथितिले प्रश्रय पाएको, आफू

अनुकूल कानूनको निर्माण गर्ने परिपाटी विकास भएको, कानूनी शासनको अनुभूत गर्न नसकिएको, विकास समितिहरू उद्देश्य अनुरूप सञ्चालन भएको नपाइएको, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अवलम्बन गरी सकिएको वर्तमान अवस्थामा वि. सं. २०१३ सालकै ऐन कायम रहेको, गठन आदेश सम्बन्धी छुट्टै कानूनको आवश्यकता देखिएको बताउनु भएको। छलफल समाप्त भएपछि प्रा.प्त सुझावहरू सहित प्रत्यायोजित विधायन अध्ययन उपसमितिको प्रतिवेदन पारित गरिएको।

२. मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अवलम्बन गरिसकिएको वर्तमान अवस्थामा विकास समिति ऐन, २०१३ अन्तर्गत जारी प्रत्यायोजित विधायन निर्माणमा देखिएको बेथिति हटाउन, समय सापेक्ष कानून बनाई हाल देखिएको समस्या न्यूनीकरण गर्न साथै प्रत्यायोजित विधायनको दृष्टिबाट गठन आदेशहरूको अध्ययन प्रतिवेदन, २०७९ को अध्ययन तथा छलफलबाट देखिएका विषयहरूका सम्बन्धमा छलफल गर्न समितिको मिति २०८० जेठ ३१ गते बस्ने बैठकमा नेपाल सरकारका मुख्य सचिवलाई आमन्त्रण गर्ने निर्णय भएको।

### २०८० जेठ ३१ गते

१. नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (कानून) श्री उदयराज सापकोटासँग प्रत्यायोजित विधायनको दृष्टिले गठन आदेशहरुको अध्ययनबाट देखिएका विषयहरुका सम्बन्धमा छलफल गरिएको।

मुख्य सचिव श्री बैरागीले ऐन बनाउने एकाधिकार संसदमा नै निहीत रहेको, ऐन नबनेको विशेष अवस्थामा गाह्रो साह्रो फुकाउन सरकारले कानूनहरू बनाउने गरेको, मन्त्रालयबाट जारी हुने प्रत्यायोजित विधायनहरू कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सहमति पश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको विधेयक समितिमा छलफल भएपछि मात्र जारी हुने प्रक्रियागत व्यवस्था रहेको, वि.सं. २०७५ सालमा नै सबै प्रकारका बोर्डहरू खारेज गर्ने निर्णय भैसकेको, विद्यमान कानूनहरूमा आवश्यकता अनुसार सुधारको प्रयास गर्ने, प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजन गर्न नहुने विषयमा नीतिगत सहमति रहेको, हाल कायम रहेका गठन आदेशहरूको एकमुष्ट विवरण समितिमा पठाउने, संसदीय समितिबाट प्रा.प्त हुने सुझाव/निर्देशनलाई कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको।

विकास समितिहरू विकास कार्यसँग नै सम्बन्धित हुनुपर्ने, आवश्यकता अनुसार मात्र विकास समितिहरू गठन गर्नुपर्ने विषयमा दुईमत नरहेको, वैकल्पिक ऊर्जा तथा लगानी प्रवर्द्धन केन्द्र सम्बन्धी ऐन ल्याउने तयारी भैरहेको, हाल नगरपालिका स्तरमा समेत विकास समितिहरू गठन गर्ने अभ्यास शुरू भैसकेको, सिद्धान्ततः नमिलेका कानूनी विषयहरूमा सुधार गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (कानून) श्री उदयराज सापकोटासँग बताउनु भएको।

२. विकास समितिको नाममा गठन आदेशहरू ऐनको रूपमा नै जारी भएको, संसदको कानून निर्माणको एकल अधिकारलाई कार्यपालिकाले हनन् गरेको देखिएको, प्रत्यायोजित विधायन निर्माणमा देखिएको बेथिति अप्रत्यक्ष रूपमा आर्थिक दोहन भएको, आवश्यक गठन आदेशका सम्बन्धमा ऐन बनाएर अगाडि बढ्नु पर्ने, एकै प्रकृतिका गठन आदेशका लागि छाता ऐन बनाइनु पर्ने, आवश्यकता अनुसार केही गठन आदेशलाई निश्चित अवधि तोकी जारी गरिनुपर्ने, परिवर्तित वर्तमान समयमा गठन आदेशको सट्टा ऐन बनाएर जानुपर्ने माननीय सदस्यहरूले बताउनु भएको।

३. छलफल पश्चात् प्रत्यायोजित विधायनको दृष्टिबाट गठन आदेशहरूको अध्ययन प्रतिवेदन, २०७९ को अध्ययन तथा छलफलबाट देखिएका विषयहरू सम्बन्धी प्रत्यायोजित विधायन अध्ययन उपसमितिको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाउने निर्णय भएको।

**२०८० असार ७ गते**

१. राष्ट्रिय सभा अन्तर्गत गठित अन्य विषयगत समितिहरू दिगो विकास तथा सुशासन समिति, विधायन व्यवस्थापन समिति र राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति र माननीय सदस्यहरूलाई आमन्त्रण गरिएकोमा विधायन व्यवस्थापन समितिका माननीय सभापति र माननीय सदस्यहरू, अन्य विषयगत समितिका माननीय सदस्यहरूको सहभागितामा आमन्त्रित संविधान सभा सदस्य श्री राधेश्याम अधिकारीले प्रत्यायोजित विधायनको सैद्धान्तिक तथा व्यवहारिक पक्षका बारेमा प्रस्तुतीकरण गर्नुभएको।

प्रत्यायोजित विधायनको परीक्षण गर्दा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५३ मा भएको व्यवस्थालाई महत्वका साथ लिइनुपर्ने, संविधानको मर्म र भावना अनुसार ऐनहरू बन्न नसकेको र ऐनको भावना अनुसार प्रत्यायोजित विधायनहरू बन्न नसकेको अवस्था रहेको, स्रोत कानूनको आधार प्रत्यायोजित विधायनको सबैभन्दा महत्वपूर्ण विषय भएको, तजबिजी अधिकारको अत्यधिक दुरूपयोग हुने गरेको, प्रत्यायोजित व्यवस्थापनको सिद्धान्त बमोजिम तर्जुमा नभएका प्रत्यायोजित विधायनहरू परिमार्जनका लागि निर्देशन दिन सकिने र त्यसबाट पनि काम हुन सकेन भने सो को व्यहोरा सहितको प्रतिवेदन राष्ट्रिय सभामा पेश गर्न सकिने संविधान सभा सदस्य श्री अधिकारीले बताउनु भएको।

दण्ड, सजाय, कर उठाउने विषय, ऐनद्वारा स्थापना हुने संस्था, संस्थामा रहने व्यक्तिहरू, संस्थाको काम, कर्तव्य र अधिकार, परीक्षा प्रणाली जस्ता सारभूत विषयहरू प्रत्यायोजित विधायनमा राखिन नहुने, सकेसम्म कम मात्र अधिकार प्रत्यायोजन गरिनु पर्ने, संसदमा नीतिमाथि छलफल हुनुपर्ने आवश्यकता देखिएको, भूत प्रभावी कानून बनाउन नहुने, प्रा.विधिक विषयहरूमा मात्र नियमावली बाहेक निर्देशिका, कार्यविधि, मापदण्ड जस्ता प्रत्यायोजित विधायनहरू निर्माण गर्न सकिने, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको विधेयक समितिले राम्ररी अध्ययन नगरिदिंदा प्रत्यायोजित विधायन निर्माणमा बेथिति बढ्न गएको, संसदमा दर्ता हुने प्रत्येक विधेयकमा आर्थिक टिप्पणी, प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी र व्याख्यात्मक टिप्पणीको अनिवार्य उल्लेख हुनुपर्ने बताउनु भएको।

२. बैठकमा सहभागी हुनुभएका समितिका माननीय सभापतिहरू, माननीय सदस्यहरूले विधेयक सँगै नियमावली र आवश्यक अन्य प्रत्यायोजित विधायनहरू पनि सँगसँगै दर्ता गर्ने व्यवस्था मिलाउन भनिएकोमा सो हुन नसकिरहेको, राष्ट्रिय सभा नियमावली २०७५ को नियम ९७ मा भएको व्यवस्थालाई सक्रियतापूर्वक कार्यान्वयन गर्नुपर्ने देखिएको, विभिन्न विषयगत समितिका विषय क्षेत्रहरूलाई प्रा.थमिकतामा राखी यो समिति र अन्य समितिहरू अगाडि बढ्नुपर्ने आवश्यक भएको, अन्तर समिति छलफल ज्यादै महत्वपूर्ण रहेको, प्रत्यायोजित विधायन व्यवस्थापनको विषय यो समिति र विधायन व्यवस्थापन समितिसँग प्रत्यक्ष सरोकार रहेको, यस्तो छलफललाई आगामी दिनमा पनि निरन्तरता दिन आवश्यक रहेको कुरा बताउनु भएको।

**२०८० असार ८ गते**

१. आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यमा व्यक्त महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित बुँदा नं. ८५ मा "घरेलु हिंसामा परेका बेवारिसे महिलालाई संरक्षण गर्न भक्तपुरको सूर्यविनायकमा मङ्गला-साहना पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ" र बुँदा नं. ९१ मा "काठमाण्डौको गोठाटारमा अस्पतालको सुविधा सहित ५ सय क्षमताको ज्येष्ठ नागरिक आवास निर्माण गर्न आवश्यक रकम व्यवस्था गरेको छु" भन्ने सरकारी आश्वासन कार्यान्वयनको स्थलगत अध्ययन अवलोकन तथा अनुगमन/निरीक्षण कार्यक्रमको समिक्षा गर्नुका साथै मिति २०८०।०३।०७ गते बसेको समितिको बैठकमा राष्ट्रिय सभाका अन्य विषयगत समितिका माननीय सभापति र सदस्यहरूको उपस्थितिमा संविधान सभा सदस्य श्री राधेश्याम अधिकारीबाट प्रत्यायोजित विधायनको सैद्धान्तिक तथा व्यवहारिक पक्ष विषयक प्रस्तुतीकरण पश्चात् भएको कार्यक्रमको समिक्षा गरिएको।

समग्रमा तीनवटै कार्यक्रम महत्वपूर्ण र उपलव्धिमूलक रहेको, गत वर्ष नै भक्तपुरको सूर्यविनायकमा मङ्गला-साहना पुनर्स्थापना केन्द्र निर्माण गर्ने भनिएता पनि निर्माण कार्यमा सुस्तता देखिएको, ज्येष्ठ नागरिक आवास निर्माणका लागि पशुपति क्षेत्र विकास कोषबाट काठमाडौंको गोठाटारमा जग्गा प्रदान गरिएको भनिए तापनि जग्गाको रेखाङ्कन हुन बाँकी रहेको, आवास निर्माण कार्यमा सम्बद्ध निकायहरूबीच समन्वयको अभाव रहेको, सुशासन कायम गर्न, भ्रष्टाचार नियन्त्रण गर्ने कार्यका लागि प्रत्यायोजित विधायन व्यवस्थापनको विषय अति नै आवश्यक रहेको माननीय सदस्यहरूले बताउनु भएको।

२. उल्लिखित सरकारी आश्वासन कार्यान्वयन अवस्थाको स्थलगत अध्ययन अवलोकन तथा अनुगमन/निरीक्षणबाट देखिएका विषयहरूका सम्बन्धमा थप स्पष्ट हुन आवश्यक देखिएकाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शहरी विकास मन्त्रालय एवं सम्बद्ध निकायका पदाधिकारीहरूसँग समितिको आगामी बैठकहरूमा क्रमशः छलफल गर्दै जाने निर्णय गरिएको।

३. सरकारी आश्वासन अध्ययन उपसमितिका संयोजक माननीय विना पोखरेलले उपसमितिको मिति २०८०।०३।०४ गते बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यमा व्यक्त महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित बुँदा ८८ को "बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराई बहुआयामिक विकास गर्न झापाको दमकमा गुणस्तरीय शिक्षा सहितको चिल्ड्रेन प्याराडाइज स्थापना गरिनेछ" भन्ने र

बुँदा ८९ को " मोरङ्ग, भक्तपुर, कास्की र बाँके जिल्लामा सरकारीस्तरबाट बालसुधार गृह सञ्चालन गरिनेछ । तनहुँको ढकालटारमा व्यवस्थित बालसुधार गृह निर्माण गर्न बजेट व्यवस्था गरेको छु" भन्ने सरकारी आश्वासनमध्ये मोरङ्गमा सञ्चालित बालसुधार गृह र तनहुँको ढकालटारमा निर्माणाधीन बालसुधार गृहको स्थलगत रूपमै अध्ययन अवलोकन तथा अनुगमन/निरीक्षण गर्ने सम्बन्धी प्रस्ताव समिति समक्ष पेश गर्नु भएको।

**२०८० असार ११ गते**

१. बैठकमा सरकारी आश्वासन अध्ययन उपसमितिको मिति २०८०।०३।०४ गते बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यमा व्यक्त महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित बुँदा ८८ को "बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराई बहुआयामिक विकास गर्न झापाको दमकमा गुणस्तरीय शिक्षा सहितको चिल्ड्रेन प्याराडाइज स्थापना गरिनेछ" भन्ने र बुँदा ८९ को "मोरङ्ग, भक्तपुर, कास्की र बाँके जिल्लामा सरकारीस्तरबाट बालसुधार गृह सञ्चालन गरिनेछ। तनहुँको ढकालटारमा व्यवस्थित बालसुधार गृह निर्माण गर्न बजेट व्यवस्था गरेको छु।" भन्ने सरकारी आश्वासनको कार्यान्वयन अवस्थाको स्थलगत रूपमै अध्ययन अवलोकन तथा अनुगमन/निरीक्षण कार्यका लागि समिति समक्ष पेश भएको प्रस्तावका बारेमा छलफल भए पश्चात् छलफल मिति २०८० आषाढ १२ गतेदेखि १४ गतेसम्म मोरङ्गको विराटनगरमा सञ्चालित बाल सुधार गृह तथा झापाको दमकस्थित चिल्ड्रेन प्याराडाइज र मिति २०८० आषाढ १७ र १८ गते तनहुँको ढकालटारस्थित बालसुधार गृहको स्थलगत रूपमै अध्ययन अवलोकन तथा अनुगमन/निरीक्षण गर्ने साथै तनहुँको आँबुखैरेनी गाउँपालिकामा पालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू लगायत स्थानीय निकायका जनप्रतिनिधिहरूसँग प्रत्यायोजित विधायनका सम्बन्धमा विचार एवं अनुभवको आदानप्रदान सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने निर्णय भएको।

**२०८० असार ३१ गते**

१. माननीय अर्थमन्त्रीले संघीय संसदको संयुक्त बैठकमा पेश गर्नु भएको आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यमा व्यक्त महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित बुँदा नं. ८ मा रहेको "बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराई बहुआयामिक विकास गर्न झापाको दमकमा गुणस्तरीय शिक्षा सहितको चिल्ड्रेन

प्याराडाइज स्थापना गरिनेछ।" र बुँदा नं. ८९ "मोरङ्ग, भक्तपुर, कास्की र बाँके जिल्लामा सरकारीस्तरबाट बालसुधार गृह सञ्चालन गरिनेछ। तनहुँको ढकालटारमा व्यवस्थित बालसुधार गृह निर्माण गर्न बजेट व्यवस्था गरेको छु।" भन्ने सरकारी आश्वासन कार्यान्वयन अवस्थाको स्थलगत अध्ययन अवलोकन तथा अनुगमन निरीक्षण एवं झापा जिल्लाको दमक नगरपालिका र तनहुँ जिल्लाको गाउँपालिकामा भएको प्रत्यायोजित विधायन सम्बन्धी विचार एवं अनुभव आदानप्रदान कार्यक्रमको समिक्षा गरिएको।

२. मोरङ्गको विराटनगरमा सञ्चालित बालसुधार गृहमा स्थानाभावको कारण क्षमताभन्दा वढी बालकहरू एउटै सुधार गृहमा राख्नुपर्ने बाध्यता देखिएको, भौतिक संरचना र आवश्यक बजेटको अभाव रहेको साथै तनहुँको ढकालटारमा निर्माण भैरहेको बालसुधार गृहका सम्बन्धमा संघीय मन्त्रालय र स्थानीय तहबीच कुनै प्रकारको समन्वय भएको नदेखिएको, सुधार गृह निर्माण कार्यक्रम बहुवर्षीय योजनामा पर्न नसकेका कारण निर्माण कार्य समयमै सम्पन्न हुन सक्ने नदेखिएको, झापा जिल्लाको दमक नगर कार्यपालिकाको कार्यालयमा भएको प्रत्यायोजित विधायन सम्बन्धी विचार एवं अनुभव आदानप्रदान सम्बन्धी कार्यक्रम सोचे अनुरूप हुन नसकेतापनि तनहुँको आँबुखैरेनी गाउँपालिकाको कार्यालयमा भएको कार्यक्रम तुलनात्मक रूपमा धेरै उपलब्धीमूलक भएको बताउनु भएको।

३. सम्माननीय प्रधानमन्धी श्री पुष्पकमल दाहाल प्रचण्डकी जीवनसंगिनी श्री सीता दाहालको मिति २०८० आषाढ २७ गते निधन भएकोमा शोक प्रस्ताव पारित गरिएको।

४. स्थलगत अध्ययन अवलोकन तथा अनुगमन निरीक्षणवाट देखिएका विषयहरूका सम्बन्धमा समितिको बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री र सचिवलाई आमन्त्रण गरी छलफल गर्ने।

**समिति अन्तर्गत गठन भएका उपसमितिहरुबाट सम्पादन भएका मुख्य कार्यहरुः**

- **प्रत्यायोजित व्यवस्थापन अध्ययन उपसमिति**

  ✓ सङ्घीय संसद सचिवालय प्रत्यायोजित व्यवस्थापन अध्ययन शाखाद्वारा अध्ययन गरी समिति समक्ष पेश गरिएको प्रत्यायोजित विधायनको दृष्टिमा गठन आदेशको अध्ययन प्रतिवेदन २०७८-०९० माथि उपसमितिका विभिन्न बैठकहरूमा छलफल गरी तयार गरिएको प्रतिवेदन समिति समक्ष पेश भएको।

- **सरकारी आश्वासन अध्ययन उपसमिति**
    - ✓ आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यमा व्यक्त सरकारी आश्वासनहरूको चयन गरी अध्ययन तथा छलफल गरिएको र केही आश्वासन कार्यान्वयन अवस्थाको स्थलगत रूपमै अवलोकन एवं अनुगमन/निरीक्षण गरिएको।
- **राष्ट्रिय महत्त्वका दस्तावेज अभिलेख व्यवस्थापन अध्ययन उपसमिति**
    - ✓ सरकार मातहत रहेका नेपाल राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय र डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयको अध्ययन अवलोकन गरी देखिएका विषयहरूका सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवसँग छलफल गर्न समिति समक्ष अनुरोध गरिएको।

## १.२.२.४ राष्ट्रिय सरोकार तथा समन्वय समिति

**राष्ट्रिय सरोकार तथा समन्वय समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

**मिति २०८०/०१/१४ गते**

(१) राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०८०/०१/१४ गते बसेको बैठकमा समितिको निर्णय बमोजिम राष्ट्रिय गौरवका आयोजनाहरु राष्ट्रपति चुरे संरक्षण कार्यक्रम मोरङ्ग- झापा खण्ड, हुलाकी राजमार्ग झापा- सुनसरी खण्ड, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, रेल्वे तथा मेट्रो विकास आयोजना, काठमाण्डौं तराई-मधेश द्रुतमार्गको मिति २०८०/०१/०५ गतेदेखि गरेको मिति २०८०/०१/११ गतेसम्म संसदीय भ्रमण टोलीले गरेको स्थलगत अध्ययन, अनुगमन एवं अन्तरक्रियाका सम्बन्धमा माननीय सदस्यहरुले आयोजनाको हालको अवस्था बारेमा जानकारी गराउनु भयो र समितिले विभिन्न मितिमा दिएका निर्देशन कार्यान्वयन प्रगति सम्बन्धमा समिक्षात्मक छलफल भयो।

**मिति २०८०/०२/०२ गते**

(१) समितिको मिति २०८०/०२/०२ गतेको बैठक राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यूको गरिमामय समुपस्थितिमा सम्पन्न भयो।

(२) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवको आयोजनाहरु रेल्वे तथा मेट्रो विकास आयोजना, हुलाकी लोकमार्ग, पुष्पलाल मध्य पहाडी लोकमार्ग, उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग, उत्तर- दक्षिण (कोशी करीडोर) लोकमार्ग, निर्माणाधीन मुग्लीन- पोखरा र नारायणघाट- बुटवल सडक खण्डको हालसम्मको कार्यान्वयन अवस्था, प्रगति, समस्या र चुनौतिका सम्बन्धमा भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, सचिव, सडक विभाग, आयोजना निर्देशनालयका प्रमुखहरुसँग छलफल भयो।

(३) सम्माननीय अध्यक्षज्यूबाट राष्ट्रिय गौरवको आयोजनाहरु र निर्माणाधीन आँबुखैरेनी- पोखरा र नारायणघाट बुटवल सडक खण्डको काम कारवाहीलाई प्रभावकारी वनाउन भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, आयोजनाका प्रमुखहरु, सम्वन्धित निर्माण व्यवसायीलाई समयमै

निर्माण कार्य सम्पन्न गर्न र समितिले आफ्ना कार्यक्षेत्रभित्रका राष्ट्रिय गौरवको आयोजनाको कामकारवाहिलाई निरन्तर अनुगमन अन्तरक्रिया एवं निगरानी गर्न निर्देशन भयो ।

(४) राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यूको समितिमा गरिमामय उपस्थिति तथा मार्गनिर्देशनका लागि सम्माननीय अध्यक्षज्यूप्रति समितिले हार्दिक धन्यवाद प्रकट गर्ने निर्णय भयो।

**मिति २०८०/०२/१०**

(१) समितिको मिति २०८०/०२/१० गते बसेको बैठकमा राष्ट्रिय गौरवको आयोजना, मेलम्ची खानेपानी आयोजनाको मिति २०८०/०२/०१ गते सोमवारका दिन सम्माननीय अध्यक्षज्यूको गरिमामय समुपस्थितिमा समिति सभापति, समितिका माननीय सदस्यहरु, पत्रकार सहितको सहभागितामा भएको स्थलगत अध्ययन, अनुगमन एवं सरोकारवालासँगको अन्तरक्रिया बाट प्रा.स जानकारी तथा आयोजनाको हालको अवस्था बारेमा छलफल र समितिले विभिन्न मितिमा आयोजनालाई दिएका निर्देशन कार्यान्वयन प्रगति सम्बन्धमा समिक्षात्मक छलफल भयो।

(२) सम्माननीय अध्यक्षज्यूबाट राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानी आयोजनाको मिति २०८०/०२/०१ गते सोमवारका दिन भएको स्थलगत अध्ययन, अनुगमन एवं गरिमामय सहभागिता र सरोकारवालासँगको अन्तरक्रियामा गरिमामय सहभागिता र आयोजनाको सफलताका लागि भएको मार्गनिर्देशनप्रति सम्माननीय अध्यक्षज्यूप्रति हार्दिक धन्यवाद व्यक्त गर्ने निर्णय भयो।

(३) राष्ट्रिय गौरवका आयोजनाहरु उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग, उत्तर दक्षिण (कर्णाली) लोकमार्ग र सुनकोशी मरिन डाईभर्सनको स्थलगत अध्ययन अनुगमन एवं अन्तरक्रिया गर्ने आवश्यक व्यवस्था मिलाउन समिति सचिवालयलाई निर्देशन दिने निर्णय भयो।

(४) यस समितिलाई गतिशील एवं प्रभावकारी बनाउन अमुल्य महत्वपूर्ण भूमिका समतिमा निर्वाह गरी मिति २०८०/०१/१५ गतेको राष्ट्रिय सभाको बैठकबाट यस समितिबाट समिति हेरफेर भई  विधायन व्यवस्थापन समितिमा जानुहुने माननीय सदस्य जयन्ती देवी राईलाई उहाँले समितिमा पुर्याउनु भएको धन्यवाद व्यक्त गर्ने र योगदानको उच्च कदर गर्दै धन्यवाद व्यक्त गर्ने र विधायन व्यवस्थापन समितिमा सभापति पदको जिम्मेवारीको सफलताको कामना गर्ने निर्णय भयो ।

**मिति २०८०/०२/११ गते**

१. समितिको २०८०/०२/११ गते बसेको बैठकमा नेपाल-भारत शान्ति तथा मैत्री सन्धि,१९५० मा पुनरावलोकन गर्नुपर्ने विषय, नेपाल भारत जलस्रोत सम्बन्ध विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायसँग छलफल एवं अन्तरक्रिया सम्पन्न भयो।

**मिति २०८०/०२/१६ गते**

१. बैठकमा राष्ट्रिय सभाका माननीय सदस्यहरु जुरी नेपालका मोहनलाल आचार्यसँग नेपालको संविधानमा रहेका महिला अधिकारसँग सम्बन्धित संवैधानिक व्यवस्था, नेपालको संविधानको धारा ३८ कार्यान्वयनको अवस्था, समस्या र चुनौती, नेपालमा महिला अधिकारसँग सम्बन्धित कानूनी व्यवस्था एवं आगामी रणनीतिका सम्बन्धमा छलफल एवं अन्तरक्रिया सम्पन्न भयो।

**मिति २०८०/०२/१६ गते**

(१) बैठकमा राष्ट्रिय गौरवका आयोजनाहरु राष्ट्रपति चुरे संरक्षण कार्यक्रम मोरङ्ग- झापा खण्ड, हुलाकी राजमार्ग झापा- सुनसरी खण्ड, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, रेल्वे तथा मेट्रो विकास आयोजना, काठमाण्डौं तराई-मधेश द्रुतमार्गको संसदीय भ्रमण टोलीले गरेको स्थलगत अध्ययन, अनुगमन प्रतिवेदन समितिमा पेश भयो।

(२) समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरि आजको बैठक अन्त्य भयो।

**मिति २०८०/०२/१७ गते**

१. बैठकमा मिति २०८०/०२/१६ गते समितिमा पेश भएको राष्ट्रिय गौरवको आयोजना पशुपति क्षेत्र विकासको स्थलगत अनुगमन प्रतिवेदनका सम्बन्धमा छलफल भयो।

२. आजको बैठकमा तहगत राज्य संरचनाको विकासमा समन्वयका सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध तथा समन्वय) सम्बन्धी कानूनको कार्यान्वयन अवस्था समस्या र चुनौतीका सम्बन्धमा छलफल एवं अन्तरक्रिया सम्पन्न भयो।

**मिति २०८०/ ०२/१८ गते**

१. बैठकमा यौनिक तथा लैंगिक अल्पसंख्य समुदायका सम्बन्धमा बनेको डकुमेन्ट्रि निलो पुल संविधान सभा सदस्य सुनिलबाबु पन्तले प्रस्तुत गर्नुभयो। यसैगरी यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको समस्या र समाधानका उपाय सम्बन्धमा राष्ट्रिय सभाका माननीय सदस्यहरु र संविधान सभा सदस्य सुनिलबाबु पन्तसँग छलफल एवं अन्तरक्रिया सम्पन्न भयो।

**मिति २०८०/ ०२/२३ गते**

समितिको मिति २०८०/०२/२३ गते बसेको बैठकमा समितिमा विभिन्न मन्त्रालय/ निकायबाट प्राप्त विवरणका सम्बन्धमा छलफल गर्ने क्रममा महालेखा परिक्षकको कार्यालय, निर्वाचन आयोग, नेपाल र परराष्ट्र मन्त्रालयबाट विभिन्न मितिमा तत् तत् निकायबाट सम्पादन भएका काम कारवाही एवं सो क्रममा आएका समस्या लगायतका विषयमा छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. समितिको आगामी बैठकहरुमा एकिकृत निर्वाचन कानून तर्जुमा, जिल्ला निर्वाचन कार्यालय खारेजीमा आयोगको धारणा र निर्वाचन प्रणालीमा गर्नुपर्ने सुधारका सम्बन्धमा निर्वाचन आयोग नेपालसँग, वैदेशिक रोजगारीका सम्बन्धमा र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग छलफल गर्ने। नेपालमा बढ्दै गएको बेरुजु र सो को न्युनिकरणका लागि गरिनुपर्ने उपाय, संगतिपूर्ण लेखापरिक्षणका लगायतका विषयमा छलफल गर्न महालेखा परिक्षकलाई समितिमा आमन्त्रण गरी छलफल गर्ने निर्णय भयो।

२. आजको बैठकमा राष्ट्रिय गौरवको आयोजना पशुपति क्षेत्र विकास कोषको सम्पत्ति र यसको उपयोग सम्बन्धमा छलफल गर्न कोषको पदाधिकारीलाई समिति बैठकमा आमन्त्रण गर्ने निर्णय भयो।

३. मिति २०७९/०९/०६ गते समितिको कार्ययोजना अनुसार तोकिएका कार्यक्षेत्र अध्ययन गरी सोको प्रतिवेदन समिति समक्ष पेश गर्न राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५२ को उपनियम (५) बमोजिम गठित राष्ट्रिय सुरक्षा ,मानव अधिकार तथा अन्तराष्ट्रिय सम्बन्ध अध्ययन उपसमिति, समन्यायीक विकास एवं राष्ट्रिय सम्पदा अध्ययन उपसमिति र राज्यको तहगत संरचनाको विकासमा समन्वय तथा संवैधानिक आयोग सम्बन्धी बिषय अध्ययन उपसमितिको हालसम्मको काम कारवाही सम्बन्धमा छलफल भयो।

४. राष्ट्रिय सरोकार तथा  समन्वय समितिले आफ्नो कार्य क्षेत्रभित्रको विषयमा अध्ययन अनुगमन गरी सुझाव सहितको सिफारिस र प्रतिवेदन समितिमा पेश गर्न गठित तीन वटा उपसमिति मध्ये "राज्यको तहगत संरचनाको विकासमा समन्वय तथा संवैधानिक आयोग सम्बन्धी बिषय अध्ययन उपसमिति" ले तयार गरेको उपसमितिको प्रतिवेदन माथि छलफल गर्नका साथै उपसमितिको कार्यक्षेत्रभित्रका विषयहरु र राष्ट्रिय गौरवका आयोजनाहरुको पछिल्लो कार्यप्रगति  एवं अवस्थाका सम्बन्धमा विषयविज्ञ समेतको सुझावलाई समावेश गरि प्रतिवेदनलाई अन्तिम रुप दिन तथा समितिको कार्य सम्पादन प्रभावकारीता सम्बन्धमा एक अन्तरक्रिया कार्यक्रम समितिका माननीय सदस्य, समिति सचिवालयका कर्मचारीहरु र विषयविज्ञ सहित सहभागी हुनेगरी २०८० सालको जेठ/असार महिनाभित्र दुई दिने आवासीय अन्तर्क्रिया कार्यक्रमको व्यवस्थापकिय तयारी गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय भयो।

## मिति २०८०/ ०२/२८ गते

१. समितिको मिति २०८०/०२/२८ गते बसेको बैठकमा पूर्व सचिव तथा राष्ट्रिय सुरक्षा विज्ञ आत्माराम पाण्डे, राष्ट्रिय सुरक्षा विज्ञ केशर बहादुर भण्डारी, पूर्व सचिव तथा राष्ट्रिय सुरक्षा विज्ञ खेमराज रेग्मी, राष्ट्रिय सुरक्षा विज्ञ रविराज थापा, राष्ट्रिय सुरक्षा विज्ञ राजेन्द्र बहादुर सिंह, पूर्व सचिव तथा राष्ट्रिय सुरक्षा विज्ञ वामन प्रसाद न्यौपानेसँग नेपालको राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, कानून, संस्थागत संरचना, राष्ट्रिय सुरक्षा ब्यवस्थापनमा देखिएका प्रमुख सवाल, समस्या तथा चुनौती र भावी कार्यदिशा सम्बन्धमा छलफल एवं अन्तरक्रिया सम्पन्न भयो।

२. समितिको आगामी बैठक एकीकृत निर्वाचन कानून तर्जुमा, जिल्ला निर्वाचन कार्यालय खारेजीमा आयोगको धारणा, निर्वाचन प्रणालीमा गर्नुपर्ने सुधारका सम्बन्धमा मिति २०८०/०२/२९ गते दिनको ३:०० बजे बस्ने निर्णय भयो।

## मिति २०८०/ ०२/२९ गते

समितिको यस बैठकमा एकीकृत निर्वाचन कानून तर्जुमा, जिल्ला निर्वाचन कार्यालय खारेजीमा आयोगको धारणा, निर्वाचन प्रणालीमा गर्नुपर्ने सुधारका सम्बन्धमा माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया, माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर र निर्वाचन आयोगका सचिवसँग छलफल भई देहाय बमोजिम निर्णय भयो:-

१. संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको प्रयोजनको

लागि मतदाता नामावली संकलन गर्दा स्थानीय तहबाटै शुरु गर्ने साथै विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चितताको लागि मतदाता नामावली संकलन कार्य विदेशस्थित नेपाली कुटनीतिक नियोग मार्फत गर्न नेपाल सरकार र निर्वाचन आयोग, नेपाललाई निर्देशन दिने ।

२. निर्वाचन प्रणाली सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानसँग छलफल गर्ने।

३. जिल्ला निर्वाचन कार्यालय खारेजी सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालसँग छलफल गर्ने।

४. समितिको मिति २०८०/०२/३० गते बिहान ११:०० बजे बस्ने आगामी बैठकमा राष्ट्रिय गौरवको आयोजना पशुपति क्षेत्र विकास कोषको सम्पत्ती र यसको उपयोग सम्बन्धमा छलफल गर्न कोषको पदाधिकारीसँग छलफल हुने।

## मिति २०८०/ ०२/३० गते

(१) राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०८०/०२/३० गते बसेको बैठकमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवको आयोजना पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. मिलन कुमार थापा, कार्यकारी निर्देशक घनश्याम खतिवडासँग पशुपति क्षेत्रको हालको अवस्था र समितिले विभिन्न मितिमा कोषलाई दिएको निर्देशन कार्यान्वयन प्रगति अवस्था सम्बन्धमा छलफल भयो।

## मिति २०८०/ ०२/३१ गते

समितिको मिति २०६०/०२/३१ गतेको बैठकमा आर्थिक वर्ष २०६०/६१ को बजेट वक्तव्यमा उल्लेखित जिल्ला निर्वाचन कार्यालयहरु खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन इकाइ रहने व्यवस्था सम्बन्धमा सरकारको धारणा र राष्ट्रिय सुरक्षाका सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ, गृह सचिव दिनेश कुमार भट्टराईसँग छलफल भई देहाय बमोजिम निर्णय भयो:

१. नेपालको संविधानको आधारभूत चरित्रको रुपमा संविधानको प्रस्तावनामा अन्य कुराका अतिरिक्त जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको प्रबर्धन गर्दै सो प्रणालीको प्रा.णको रूपमा रहेको बालिग मताधिकार र आवधिक निर्वाचनलाई सुनिश्चित गरेको सन्दर्भमा संघीय संसदमा पेश भएको नेपाल सरकारको आगामी आर्थिक वर्षको राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) मा जिल्ला निर्वाचन कार्यालयहरुको खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन इकाई रहने भनी प्रस्ताव भएको स्वतन्त्र संवैधानिक निकायको कार्यविधानको भावना वमोजिम आवधिक निर्वाचनहरु स्वतन्य, स्वच्छ, निष्पक्ष, विस्वसनीय तवरले सम्पन्न गराउनु पर्ने हुँदा निर्वाचन आयोगसँग परामर्श गरी उक्त

प्रस्तावको पुनरावलोकन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल सरकार गृह मन्त्रालयलाई निर्देशन दिने।

२. नेपालको संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक कर्मचारी र अन्य सहयोग गर्नु नेपाल सरकारको पनि दायित्व रहेकाले निर्वाचन आयोगलाई आवधिक निर्वाचनहरु स्वतन्त्र, स्वच्छ, निष्पक्ष, विश्वसनीय र मर्यादित बातावरणमा सम्पन्न गराउन आवश्यक सहयोग गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल सरकार गृह मन्त्रालयलाई निर्देशन दिने ।

**मिति २०८०/ ०३/०३ गते**

(१) राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०८०/०३/०३ गते बसेको बैठकमा अख्तियार अनुसन्धान आयोगका प्रमुख आयुक्त माननीय प्रेम कुमार राई, आयुक्त माननीय किशोर कुमार सिलवाल, आयुक्त जय बहादुर चन्द, आयुक्त माननीय डा. हरि पौडेल, आयुक्त माननीय डा. सुमित्रा श्रेष्ठ अमात्य र सचिव रामेश्वर दंगालसंग अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भए गरेका काम कारवाहीहरु प्रमुख सवाल, समस्या तथा आयोगका सिफारिस कार्यान्वयन अवस्था भावी कार्ययोजना लगायतका विषयमा छलफल भयो।

**मिति २०८०/ ०३/०५ गते**

(१) राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०८०/०३/०५ गते बसेको बैठकमा समितिक निर्णय बमोजिम राष्ट्रिय गौरवका आयोजना उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्गको हिल्सा- सिमिकोट खण्डको मिति २०८०/०३/०४ गतेको स्थलगत अध्ययन, अनुगमन र समितिको विगत एवं आगामी काम कारवाहीका सम्बन्धमा समिक्षात्मक छलफल भयो।

**मिति २०८०/ ०३/११ गते**

राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०८०/०३/११ गते बसेको बैठकमा देशमा वेरुजुको अवस्था, बेरुजु न्युनीकरण लगायत लेखा परीक्षणका क्रममा गरिएका सिफारिस तथा निर्देशनको कार्यान्वयन अवस्था, लेखापरीक्षणका क्रममा देखिएको समस्या तथा चुनौती, प्रमुख सवाल र भावी कार्ययोजनाका सम्बन्धमा कार्यबाहक महालेखा परीक्षक राममाय कुँवर लगायत सम्बद्ध कर्मचारीसँग छलफल भयो।

**मिति २०८०/ ०३/१२ गते**

१) राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०८०/०३/१२ गते बसेको बैठकमा सार्वजनिक सेवामा समावेशी तथा समानुपातिक प्रतिनिधित्वको अवस्था, लोक सेवा आयोगबाट भएका काम कारवाहीहरु, कार्य सम्पादनको क्रममा देखिएको समस्या तथा चुनौती, प्रमुख सवाल र भावी कार्ययोजनाका सम्बन्धमा लोक सेवा आयोगका अध्यक्ष मा. माधव प्रसाद रेग्मी, सदस्य मा. माधव वेल्वासे, मा. वीर बहादुर राई, मा.दिनेश सिल्वाल, मा. मन्जु कुमारी र सचिव राजकुमार श्रेष्ठसँग छलफल भयो।

**मिति २०८०/०३/१३ गते**

राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०८०/०३/१३ गते बसेको बैठकमा आयोजना व्यवस्थापनमा राष्ट्रिय योजना आयोग र राष्ट्रिय प्रा.कृतिक स्रोत तथा वित्त आयोगबिचको अन्तरसम्बन्ध तथा भूमिका, आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, वित्तीय संघीयता र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको कार्यान्वयन अवस्था, कार्यसम्पादनको क्रममा देखिएका आयोगका समस्या तथा चुनौति प्रमुख सवाल र भावी कार्ययोजना सम्बन्धमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मा. डा. मीन बहादुर श्रेष्ठसँग र राष्ट्रिय प्रा.कृतिक स्रोत ताथ वित्त आयोगका अध्यक्ष मा. बालानन्द पौडेल, सदस्य. मा जुद्धबहादुर  गुरुङ्क,  मा. विपिन राज निरौलासँग छलफल भयो।

**मिति २०८०/ ०३/१७ गते**

समितिको आज मिति २०८०/०३/१७ गते बसेको बैठकमा विभिन्न निकायबाट समितिको कार्यक्षेत्र  भित्रका विषयमा प्रा.स विवरण, स्थलगत अध्ययन अवलोकनका प्रतिवेदन एवं अन्तर्क्रिया कार्यक्रम सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. समितिले मिति २०८०/०२/३२ देखि ०३/०१ गतेसम्म राष्ट्रिय गौरवको आयोजना सुनकोशी मरिन डाईभर्सन स्थलगत अध्ययन अवलोकनका सम्बन्धमा तयार प्रतिवेदन समितिले परिमार्जन सहित पारित गर्यो।

२. समितिको मिति २०८०/०२/२३ गतेको बैठकको निर्णयानुसार समितिको कार्यसम्पादन प्रभावकारिताको सम्बन्धमा २०८० सालको जेठ/असार महिनाभित्र दुई दिने आवासीय अन्तर्क्रिया कार्यक्रम गर्ने निर्णय भएको र सोहि कार्यक्रममा सो विषयका अतिरिक्त देहायका विषयमा  संविधान

सभाका सदस्य माननीय जनकराज जोशीलाई विज्ञका रुपमा आमन्त्रण गरी  समितिको कार्यक्षेत्रमा केन्द्रित रही  छलफल तथा अन्तर्क्रिया गर्ने निर्णय भयोः-

- समितिको कार्यक्षेत्रभित्रका विषयमा समितिका माननीय सदस्यको भूमिका,

- संसदीय  अध्ययन  तथा अनुगमन र निर्देशनलाई प्रभावकारी बनाउन केन्द्रित हुनुपर्ने विषय , प्रक्रिया र तरीका

- संसदीय समितिलाई प्रभावकारी बनाउन सरकारले खेल्ने भूमिका, समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन समिति सदस्य र सचिवालयको भूमिका र

- विभिन्न संवैधानिक आयोगबाट प्राप्त विवरणमा उल्लेख  भएका विषयका सम्बन्धमा समितिले गर्नुपर्ने नीतिगत निर्देशनका विषयमा

३. समितिको कार्यसम्पादन प्रभावकारिता र उपसमितिको प्रारम्भिक मस्यौदा तयारीका लागि एक आवासीय कार्यक्रम सञ्चालनको व्यवस्थापकीय तयारी गर्न समिति सचिवालयलाई निर्देशन दिने ।

## मिति २०८०/ ०३/२४ गते

१. समितिको मिति २०८०/०३/२४ गते बसेको बैठकमा समितिले मिति२०८०/०३/२२-२३ गते ललितपुरको गोदावरीमा समितिको कार्यसम्पादन प्रभावकारीता विषयक अन्तर्किया कार्यक्रमका सम्बन्धमा समिक्षात्मक छलफल भयो ।

२. बैठकमा समितिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भयोः-

"राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको पोखरा-बाग्लुङ् खण्डमा पर्ने कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नम्बर ३ पाउदुरमा गत बर्ष सडक भासिएको ठाँउमा ठेक्का लगाई काम शुरु गरिएको भएपनि काम अत्यन्त ढिला गतिमा भएको हुँदा बर्षाद्को शुरुवातसँगै सडक अवरुद्ध भई पटक -पटक सवारी साधन आवाजजावत गर्न कठिनाई भएको र लामो समयसम्म सडक अवरुद्ध हुँदा यात्रुहरुले सास्ती भोग्नु परेको बिषयमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।ठेक्का अवधि समाप्त हुँदा समेत निर्माण कार्य अधुरो हुन गई समस्याग्रस्त यातायात सुचारु गराउन र निर्माण कार्य सम्पन्न गर्न के कस्ता कार्य अवलम्वन गरिएको छ ? समस्या समाधान गर्न कुनै प्रभावकारी कार्य अवलम्वन गरिएको भए सोको जानकारी गराउन र नगरिएको भए शीघ्र निर्माण कार्य सम्पन्न गर्न

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मन्त्रालयलाई निर्देशन दिने।"

**मिति २०८०/ ०३/३१ गते**

राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०८०/०३/३१ गते बसेको बैठकमा समितिको स्थलगत अनुगमन र विभिन्न मितिमा भएका छलफलको आधारमा नेपाल सरकारलाई दिईने नीतिगत निर्देशन सम्बन्धमा छलफल भई देहाय बमाजिम निर्णय भयोः-

(१) **उत्तर दक्षिण लोकमार्ग (कर्णाली करिडोर) कर्णाली करिडोर**

- हुम्लाको सदरमुकाम सिमीकोटसम्म वि.सं. २०८० चैत मसान्तभित्र राष्ट्रिय सडक सञ्जाल जोड्ने गरी निर्माण कार्य सम्पन्न गर्ने ।
- सडक निर्माण कार्यमा संलग्न कामदारको पारिश्रमिक/ज्याला भुक्तानी गर्दा बैंकबाट गरिने गरिएको र रकम झिक्न सदरमुकामसम्म पुग्न सडकको अभाव भएकाले दुई दिन लाग्ने अवस्था देखिएकोले हुम्लाको सिमिकोटसम्म सडक सञ्जाल नजोडिने अवधिसम्म सम्बन्धित सरोकार निकायहरुसँग समन्वय गरी उनीहरुको पारिश्रमिक/ज्याला नगदमै भुक्तानी गर्ने व्यवस्था मिलाउने।
- जोखिमयुक्त स्थानमा सडक ट्र्याक खोल्ने कार्यमा संलग्न नेपाली सेनाका सकलदर्जालाई मनोवल उच्च राख्न जोखिम भत्ता उपलब्ध गराउने ।

(२) **राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम**

- कर्मचारीको दरबन्दी कम भएको कारण आयोजना संचालनमा कठिनाई भएको भन्ने गुनासो आएकोले आवश्यकताका आधारमा सम्बन्धित क्षेत्रका दक्ष कर्मचारीको व्यवस्था मिलाउने र प्रभावकारी रुपमा कार्य संचालन गर्ने ।

(३) **हुलाकी राजमार्ग**

- राजमार्गको ठाउँ ठाउँमा रहेका पुराना पुलहरु राजमार्गको चौडाईभन्दा साँघुरा भएकाले राजमार्गको मापदण्ड वमोजिम नै साविकका पुलहरुको चौडाई बढाउने ।
- विद्युतीय पोल, खानेपानीको पाईप, ढल व्यवस्थापनमा सरोकारवाला निकाय तथा अन्तर मन्त्रालय समन्वय कायम गरी एकिकृत रुपमा कार्य सञ्चालन गर्ने,

(४) **रेल्वे तथा मेट्रो विकास आयोजना (पूर्व पश्चिम विद्युतीय रेलमार्ग आयोजना)**

**(क) रेल्वे तथा मेट्रो विकास आयोजना (झापा-मोरङ्ग खण्ड)**

- रिक्त दरवन्दी समयमै पदपूर्ती नहुँदा आयोजनाको काममा समस्या आएको भन्ने जानकारी प्रा.प्त हुन आएकाले त्यस्ता रिक्त दरबन्दीमा तत्काल पदपुर्ति गर्ने,
- आयोजनाबाट प्रभावित स्थानीय जनताका घर तथा जग्गाहरुको समय सापेक्ष मूल्यांकन गरी उचित मुआब्जा उपलब्ध गराउने,
- स्वीकृत वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
- आयोजनाका लागि आवश्यक जग्गा रोक्का गर्दा कतिपय जग्गाधनीहरुको ठूलो कित्ता नै रोक्का भएको र बाँकी जग्गा उपरको भोगचलन गर्न नपाएको हुँदा त्यस्ता ठूला ठूला कित्ता हुने जग्गाधनीको लगत संकलन गरी कित्ताकाट गरेर आयोजनाका लागि आवश्यक जग्गाको मुआब्जा दिई रोक्का गर्ने र बाँकी जग्गा फुकुवा गर्ने साथै लामो समयसम्म जग्गा रोक्का गरी मुआब्जाको कार्य ढिला हुने समस्यालाई तत्काल समाधान गर्ने।

**(ख) रेल्वे तथा मेट्रो विकास आयोजना महोत्तरी (सर्लाही- रौतहट खण्ड)**

- हाल जयनगर- जनकपुर- कुर्था- भंगाहासम्म सञ्चालित रेल सेवालाई भंगाहा- बर्दिवाससम्मको बाँकी १७.२ किलोमिटर र बर्दिवास- चोचा (रौतहट)सम्मको ७० किलोमिटर रेल सञ्चालन गर्न शीघ्रताका साथ कार्य गर्ने ।

(५) **काठमाण्डौ-तराई / मधेश द्रुतमार्ग आयोजना**

- काठमाण्डौ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना अन्तर्गत निर्माणाधीन प्याकेज नं. ५ अन्तर्गतको निजगढ खण्डमा आवश्यक पर्ने नदिजन्य सामाग्री लालखोला तथा बकैया खोलाबाट ल्याउन उपयुक्त हुने देखिएकोले आयोजनाको काममा समस्या आउन नदिने गरी सम्वन्धित स्थानीय निकायसँग समन्वय गर्ने,
- आयोजना खण्डमा पर्ने चन्द्रामभिरमा Slope cutting गरि बाटो निर्माण गर्दा बाटोभन्दा माथि रहेको मानवीय बस्तीमा क्षतिपुग्न सक्ने, कटिङ्ग गरिएको भागमा बारम्बार पहिरो जानसक्ने

देखिएकोले उक्त स्थानमा सुरुङ्ग मार्ग निर्माण गर्दा लागत कम हुनुका साथै दिगो हुने देखिएकोले यस सम्वन्धमा तत्काल आवश्यक निर्णय लिने,

- आयोजना खण्डमा पर्ने रामचन्द्रभिरको भू-बनोट अनुसार Slope cutting गरि बाटो निर्माण गर्दा पहिरो नियन्त्रण तथा बागमती नदी नियन्त्रण समेत जटिल हुने भएकोले रामचन्द्रभिरको रेखाङ्कन परिवर्तन गरी बागमती नदीको पुर्वी किनारामा रहेको ललितपुर जिल्लाको सेतोभिर ईलाकामा Tunnel निर्माण गर्दा खर्चमा कटौती, वातावरणीय क्षति न्युन, मानवीय वस्तीमा हुनसक्ने क्षति न्यून भई सडक दूरी छोटिने र दिगो समेत हुने देखिएकोले सो भागमा सुरुङ्ग निर्माण सम्वन्धमा आवश्यक निर्णय लिने,
- खोकना क्षेत्रमा स्थानीयको अवरोधका कारण उक्त क्षेत्रमा सडक निर्माण कार्यले गति पाउन नसकेको हुँदा आयोजनाको काम नै प्रभावित भइरहेकोले सरोकारवाला तथा स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरी तत्काल समस्या समाधन गर्ने,

(६) **सुनकोशी मरिन बहुउद्देश्यीय आयोजना**

- यस आयोजनाको सुरुङ्ग खन्न चीनबाट ल्याइएको Tunnel Boring Machine-TBM ले छिटो सुरुङ्ग खन्ने, एकसाथ तीनवटा कार्य गर्ने र यस आयोजनाको सुरुङ्ग खन्ने कार्य समाप्त भएपश्चात् यस्तै प्रकृतिका अन्य काममा प्रयोग गर्न सके काममा छिटो हुनुका साथै पुनः विदेशबाट मेसिन ल्याउन खर्च र समयका दृष्टिले समेत किफायती हुने देखिएकोले यस सम्वन्धमा आवश्यक निर्णय लिने ,
- आयोजनाको पावर हाउस निर्माण, प्रसारण लाइन निर्माण र मरिन खोला तटवन्ध सम्वन्धी कार्य लगायतका आयोजनासँग सम्वन्धित सबै कार्यहरुलाई सँगसँगै अगाडि बढाउने ।

(७) **मेलम्ची खानेपानी आयोजना**

- हेडवर्क्स निर्माणस्थलसम्मको पहुँच मार्ग र पुलहरुको निर्माण अन्य सरोकारवाला निकायहरुसँगको सहयोग र समन्वयमा यथाशीघ्र सम्पन्न गर्ने,
- Yangri-larke Diversion को निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्न आवश्यक प्रबन्ध गर्ने ,
- काठमाण्डौंमा बाह्रै महिना पानी उपलब्धताको सुनिश्चतता गर्ने,

- मेलम्ची खानेपानी आयोजना क्षेत्रका स्थानीय जनताको उचित गुनासो र मागको समयमै सम्बोधन गर्ने व्यवस्था गर्न ।

मिति २०७९/०९/०६ गते राष्ट्रिय सुरक्षा ,मानव अधिकार तथा अन्तराष्ट्रिय सम्बन्ध अध्ययन उपसमिति, समन्यायीक विकास एवं राष्ट्रिय सम्पदा अध्ययन उपसमिति, राज्यको तहगत संरचनाको विकासमा समन्वय तथा संवैधानिक आयोग सम्बन्धी बिषय अध्ययन उपसमितिको कार्यवधि २०८० साल असार मसान्तसम्म रहेकोमा उक्त उपसमितिहरुको कार्यहरु सम्पन्न भईसकेको अवस्था नरहेकोले उपसमितिका संयोजकहरुले माग गर्नुभए बमोजिमको थप ३ महिना सो तीन वटै उपसमितिहरुको कार्यावधि आगामी २०८० साल असोज मसान्तसम्मको लागि थप गर्ने निर्णय भयो।

## १.२.३ संघीय संसद अन्तर्गतका संयुक्त समितिका गतिविधि

संघीय संसद अन्तर्गत देहाय बमोजिम २ वटा संयुक्त समितिहरू रहेका छन्।

## १.२.३.१ संसदीय सुनुवाई समिति

**संसदीय सुनुवाई समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

२०८० साल वैशाख १ गतेदेखि २०८० साल असार मसान्तसम्म यस समितिका मिति २०८०/०२/१६ गते, मिति २०८०/२/२९, मिति २०८०/२/३१, मिति २०८०/२/३२, र मिति २०८०/०३/१ गते गरी जम्मा ५ बटा बैठकहरु बसेका थिए । समितिका बैठकबाट गरिएका मुख्य मुख्य निर्णय तथा दिइएका निर्देशन निम्नानुसार रहेका छन्ः-

समितिको मिति २०८०/०२/१६ गतेको बैठकले संसदीय सुनुवाइ समितिको कार्यविधिको मस्यौदा, २०८० माथि छलफल भइ परिमार्जन सहित सर्वसम्मतिले पारित भयो । संवैधानिक परिषदबाट नेपालको प्रधान्यायाधीशमा नियुक्तिका लागि श्री हरिकृष्ण कार्कीको नाम सिफारिस भै संसदीय सुनुवाइका लागि समितिमा प्रा.प्त हुन आएकाले प्रस्तावित व्यक्ति उक्त पदका लागि अनुपयुक्त लागेमा दश दिनको म्यादभित्र स्पष्ट आधार खोली समितिमा सूचना वा उजुरी दिन सरकारी सञ्चार माध्यम र इमेल जस्ता विद्युतीय सञ्चारका माध्यमबाट समेत सूचना प्रकाशित गर्ने निर्णय गरिएको ।

समितिको मिति मिति २०८०/२/२९ गतेको बैठकले नेपालको प्रधान न्यायाधीश पदमा

प्रस्तावित श्री हरिकृष्ण कार्की उपर समितिमा प्रा.प्त उजुरी खोली माननीय सदस्यहरुलाई वितरण गर्ने, समितिमा सूचना वा उजुरी दिने उजुरीकर्ताहरुसँग छलफल गर्ने देखि प्रस्तावित प्रधान न्यायाधीशलाई संसदीय सुनुवाइ गर्ने लगायतका कार्यका सम्बन्धमा सचिवालयले पेश गरेको कार्यातालिका परिमार्जन सहित सर्वसम्मतिले पारित भएको । संसदीय सुनुवाइ समितिको कार्यविधि २०८० को दफा १९ बमोजिम प्रस्तावित प्रधानन्यायाधीशबाट प्रा.प्त कार्ययोजना माननीय सदस्यहरुलाई वितरण गरिएको ।

समितिको मिति २०८०/२/३१ गतेको बैठकमा नेपालको प्रधान न्यायाधीशमा प्रस्तावित श्री हरिकृष्ण कार्की उपर समितिमा प्रा.प्त उजुरीका सम्बन्धमा उजूरकर्तासँग व्यक्तिगत तथा सामुहिक रुपमा छलफल गरिएको । समितिको आगामी बैठकमा नेपालको प्रधान न्यायधीशमा प्रस्तावित श्री हरिकृष्ण कार्कीलाई संसदीय सुनुवाइ समितिको कार्यविधि,२०८० को दफा १९ बमोजिम समिति समक्ष आमन्त्रण गरी छलफल गर्ने निर्णय गरिएको ।

समितिको मिति २०८०/२/३२ गतेको बैठकले नेपालको प्रधान न्यायधीशमा प्रस्तावित श्री हरिकृष्ण कार्कीले संसदीय सुनुवाइ समितिको कार्यविधि २०८० को दफा १९ बमोजिम कार्ययोजना र अवधारणा लगायत आफ्नो कुरा समिति समक्ष स्पष्ट पार्नुभएको ।

समितिको मिति २०८०/०३/०१ गतेको बैठकमा प्रस्तावित प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्कीसँग संसदीय सुनुवाइ समितिको कार्यविधि २०८० को दफा १९ बमोजिम संसदीय सुनुवाइ गरिएको । संवैधानिक परिषद्को सचिवालयको प.सं. ०७९/०८०, च.नं. ०७, मिति २०८०/०१/२७ को पत्रानुसार श्री हरिकृष्ण कार्कीलाई नेपालको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाइका लागि प्रा.प्त भएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० तथा संसदीइ सुनुवाइ समितिको कार्यविधि, २०८० बमोजिम समितिले सुनुवाई गर्दा प्रस्तावित व्यक्तिको योग्यता, क्षमता र अनुभव समेतको आधारमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० को नियम २६ को उपनियम (५) बमोजिम प्रस्तावित व्यक्तिलाई नेपालको प्रधान न्यायाधीशको लागि सर्वसम्मतिले अनुमोदन गरिएको ।

### १.२.३.२ राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति

**राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिबाट २०८० साल बैशाखदेखि २०८० साल असारसम्म सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरणः**

- राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको एकीकृत मस्यौदा प्रतिवेदन, २०७९ माथि माननीय सदस्यहरूले दिनु भएको सुझावलाई समावेश गरी आवश्यक परिमार्जन सहित मस्यौदा प्रतिवेदनलाई पारित गर्ने।
- राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन, २०७६ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको एकीकृत प्रतिवेदन, २०७९ माननीय सभापतिले प्रतिनिधि सभामा र राष्ट्रिय सभाबाट यस समितिमा रहनु भएका ज्येष्ठ सदस्य माननीय देवेन्द्र दाहालले राष्ट्रिय सभामा पेश गर्ने।
-

## १.३ संघीय संसदका पदाधिकारीका गतिविधि

### १.३.१ प्रतिनिधि सभाका सम्माननीय सभामुख

**सपथ ग्रहण समारोहमा समुपस्थिति**

२०८०/०१/२०

सम्माननीय सभामुखले राष्ट्रपति भवनमा सरकारमा सहभागी मन्त्रीहरूको सपथ ग्रहणमा सहभागिता जनाउनुभएको ।

२०८०/०१/२०

सम्माननीय सभामुखले राष्ट्रपति भवनमा सरकारमा सहभागी मन्त्री पदको पद तथा गोपनीयताको सपथ ग्रहण समारोहमा समुपस्थिति जनाउनुभएको ।

२०८०/०१/२४

सम्माननीय सभामुखले राष्ट्रपति भवनमा सरकारमा सहभागी मन्त्री पदको पद तथा गोपनीयताको सपथ ग्रहण समारोहमा समुपस्थिति जनाउनुभएको ।

२०८०/०२/०९

सम्माननीय सभामुखले राष्ट्रपति भवनमा सरकारमा सहभागी मन्त्री पदको पद तथा गोपनीयताको सपथ ग्रहण समारोहमा समुपस्थिति जनाउनुभएको ।

**संसदीय गतिविधिः शिष्टाचार भेटघाट**

२०८०/०१/१३

सम्माननीय सभामुख श्री देवराज घिमिरेसँग नेपालका लागि क्युबाका गैरआवसीय राजदूत H.E. Alejandro Simancas Marin ले सभामुख कार्यकक्ष, सिंहदरवारमा शिष्टाचार भेट गर्नुभएको।

२०८०/०१/२१

सम्माननीय सभामुख श्री देवराज घिमिरेसँग नेपालका लागि गणतन्त्र कोरियाका महामहिम राजदूत H.E. Park Chong Suk ले सभामुख कार्यकक्ष सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभएको।

२०८०/०२/३१

सम्माननीय सभामुख देवराज घिमिरेसँग नेपालका लागि दक्षिण कोरियाका नवनियुक्त राजदूत पार्क तइयोङले शिष्टाचार भेट गर्नुभएको।

२०८०/०३/०१

सम्माननीय सभामुख देवराज घिमिरेसँग ट्युनिसियाका गैरआवासीय राजदूत हयात तालबी ईपी बिलेलले भेट गर्नुभएको ।

२०८०/०३/०७

सम्माननीय सभामुख श्री देवराज घिमिरेसँग नेपालका लागि प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका राजदूत श्री जो योङ मेनले बिहीबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

२०८०/०३/२४

सम्माननीय सभामुख देवराज घिमिरेसँग नेपालका लागि कतारका राजदूत युसुफ बिन मोहम्मद अल — हेलले आज सिंहदरबारमा विदाई भेट गर्नुभएको छ ।

२०८०/०३/२६

सम्माननीय सभामुख देवराज घिमिरेसँग आज नेपालका लागि फ्रान्सका राजदूत गिल्स बोरबाओले भेट गर्नुभएको छ ।

सिंहदरवारमा भएको भेटमा नेपाल र फ्रान्सबीचको मैत्रीपूर्ण सम्बन्ध, विकास सहयोग, जनस्तरको सम्बन्ध, लगानी तथा व्यापार लगायतका विषयमा छलफल भएको छ ।

## शुभकामना तथा बधाई

२०८०/०१/०१

सम्माननीय सभामुखले नयाँ वर्ष वि.सं.२०८० को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका नेपालीहरूमा सुख, शान्ति, समृद्धि र आरोग्यताको लागि शुभकामना व्यक्त गर्नुभएको ।

२०८०/०१/२२

सम्माननीय सभामुखले २५६७ औं बुद्धजयन्तिको अवसरमा नेपाली बौद्ध धर्मावलम्बीहरूमा सुख, शान्ति, राष्ट्रिय एकता, सहकार्य र समृद्धिको शुभकामना व्यक्त गर्नुभएको ।

२०८०/०१/२२

सम्माननीय सभामुखले किराँत धर्मावलम्बीहरूको पवित्र एवं महान उभौली पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली किराती दाजुभाइ, दिदिबहिनीहरूमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्नुभयो ।

## विभिन्न निकायबाट आयोजित सभा/समारोह लगायतका कार्यक्रममा सहभागी

२०८०/०१/१९ र २०

सम्माननीय सभामुख श्री महेन्द्र विद्या बोध माध्यामिक विद्यालयको हिरक महोत्सव मूल समारोह समुद्घाटन कार्यक्रममा सहभागी हुनुभएको ।

२०८०/०२/१३

सम्माननीय सभामुख पूर्व सांसद गणेश पण्डितको प्रतिमा अनावरण तथा दुप्चेश्वर आदर्श संस्कृत विद्याश्रम समुद्घाटन गर्न प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको ।

२०८०/०२/१६

सम्माननीय सभामुख श्री झिर्पु माध्यामिक विद्यालयको ६३ औं वार्षिक उत्सव समारोहमा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको ।

२०८०/०२/२७

सम्माननीय सभामुख मदन भण्डारी स्पोर्टस् एकेडेमीद्वारा आयोजित मदन भण्डारी राष्ट्रिय कराँते प्रतियोगितामा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको।

## १.३.२ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष

### १. संसदीय गतिविधिः शिष्टाचार भेट

**२०८० वैशाख २५:** राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग भियतनामका पूर्व गृहमन्त्री एवं नेपाल भियतनाम मैत्री सङ्घका अध्यक्ष एचआर ट्रान आन तुआनले अध्यक्षको  निवास बालुवाटारमा शिष्टाचार भेट गर्नुभएको थियो ।

भेटघाटको क्रममा दुई देशहरुबीच रहेको सांस्कृतिक र ऐतिहासिक समानता, आपसी सहयोग, पर्यटनलगायतका विषयमा छलफल भएको थियो । सम्माननीय अध्यक्षले गौतम बुद्धको जन्मस्थल लुम्बिनी बौद्धमार्गीहरुको पवित्रस्थल रहेको उल्लेख गर्दै गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थलमार्फत नेपाल-भियतनाम सीधा हवाई सम्पर्क स्थापना गर्न सकेमा अझै जनस्तरको सम्बन्ध विकास हुने विश्वास व्यक्त गर्नु भयो । पूर्व गृहमन्त्री तुआनले सिधा हवाई सेवा सुचारु गर्न तथा दुई देशबीच रहेको व्यापार घाटा घटाउनका लागि आवश्यक पहल गर्ने वताउनु भएको थियो ।

**२०८० वैशाख २७:** राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग गणतन्त्र कोरियाका महामहिम राजदूत Park Chong Suk ले सिंहदरबारस्थित अध्यक्षको  कार्यकक्षमा बिदाई तथा शिष्टाचार भेट गर्नुभएको थियो ।

उक्त भेटघाटमा नेपाल र दक्षिण कोरियाबीच रोजगारी, लगानी, संसदीय अनुभव आदाप्रदान, हवाई उडान, पर्यटन लगायतका विविध आयाममा छलफल भएको थियो । भेटमा अध्यक्षले नेपालको आर्थिक तथा सामाजिक विकासमा दक्षिण कोरियाको सहयोग महत्वपूर्ण रहेको उल्लेख गर्दै नेपालको

जलस्रोत, कृषि, पर्यटन र पूर्वाधार विकासका क्षेत्रमा कोरियाली लगानी भित्रिने विश्वास व्यक्त गर्नुभयो ।कोरिया र नेपालबीच मित्रवत सम्बन्ध रहेको चर्चा गर्दै राजदूत पार्कले उर्जा, पर्यटनलगायत दुई पक्षीय सहयोगका क्षेत्रमा लगानी विस्तार गर्न दक्षिण कोरिया तयार रहेको बताउनु भएको थियो ।

**२०८० जेठ २३ गतेः** राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग आणविक हतियार प्रतिबन्ध सन्धि सङ्गठन (CTBTO) का कार्यकारी सचिव Dr. Robert Floyd ले सिंहदरबारस्थित अध्यक्षको कार्यकक्षमा शिष्टाचार भेट गर्नुभएको थियो ।

उक्त भेटघाटमा सम्माननीय अध्यक्षले नेपाल सबै किसिमका आणविक हतियारहरु निःशस्त्रीकरणको पक्षधर भएको उल्लेख गर्नुभयो । सबै प्रकारका हतियारको निःशस्त्रीकरण नेपालको परराष्ट्र नीतिको महत्वपूर्ण पक्षको रुपमा रही आएको चर्चा गर्दै अध्यक्षले नेपाल हात-हतियारको दौडको विरुद्धमा रहेको र सम्पूर्ण निःशस्त्रीकरणको वकालत गरिरहने बताउनु भयो । सो क्रममा सिटिबिटीओका कार्यकारी सचिवले पश्चिम अफ्रिका र दक्षिणपूर्वी एसियाका धेरै देशहरुले सन्धि अनुमोदन गरेको बताउँदै नेपालबाट पनि छिट्टै सन्धि अनुमोदन हुने विश्वास व्यक्त गर्नुभयो ।

**२०८० असार ११ गतेः** राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग नेपालका लागि नवनियुक्त दक्षिण कोरियाका राजदूत पार्क तइयोङले सिंहदरबारस्थित अध्यक्षको कार्यकक्षमा शिष्टाचार भेट गर्नुभएको थियो ।

उक्त भेटघाटमा दुई देशबीचको सम्बन्ध, संसदीय अनुभव आदाप्रदान, हवाई उडान, पर्यटन तथा आर्थिक विकासलगायत विषयमा कुराकानी भएको थियो । भेटघाटमा अध्यक्षले नेपालको आर्थिक विकासमा दक्षिण कोरियाको सहयोग उल्लेखनीय रहेको बताउँदै नेपालको जलस्रोत, कृषि र पर्यटनका क्षेत्रमा कोरियाली लगानी भित्रिने विश्वास व्यक्त गर्नुभयो । कोरियाली पर्यटकको नेपालप्रति आकर्षण रहेकाले आगामी दिनमा पर्यटकको सङ्ख्या दोब्बर वृद्धि गर्ने उद्देश्यसहित काम अघि बढाउनु पर्नेमा जोड दिँदै नेपाल एयरलायन्सको कोरियामा सिधा उडान सुरु गर्न पनि आग्रह गर्नुभयो । कोरियाली संसदमा कोरिया-नेपाल मैत्री समूह गठन भएको जानकारी दिँदै राजदूत तइयोङले नेपाल विश्वकै दोस्रो ठूलो जलस्रोतको देश भएको बताउँदै उनले जलविद्युतलगायत क्षेत्रमा आफ्नो मुलुक लगानी गर्न इच्छुक रहेको पनि जानकारी दिनुभयो ।

**२०८० असार २२ गतेः** राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग नेपालका लागि कतारका राजदूत युसुफ बिन मोहम्मद अल-हेलले सिंहदरबारस्थित अध्यक्षको

कार्यकक्षमा बिदाई तथा शिष्टाचार भेटघाट गर्नुभएको थियो । सो अवसरमा नेपाल र कतारबीच रोजगारी, व्यापार, लगानी, पर्यटन लगायतका विविध क्षेत्रमा अझै फराकिलो र गहिरो द्विपक्षीय सम्बन्धको विकास हुँदै गएकोबारे चर्चा भएको थियो ।

सम्माननीय अध्यक्षले ठूलो सङ्ख्यामा नेपाली नागरिकहरुलाई रोजगारीको अवसर प्रदान गरेकोमा कतार सरकारको प्रशंसा गर्दै कतारको अर्थतन्त्रलाई पनि उकास्न नेपाली कामदारहरुले गरेको योगदानप्रति सन्तुष्टि व्यक्त गर्नुभयो । भेटमा राजदूत हेलले नेपाली श्रमिकले कतारको विकासका लागि पुऱ्याएको योगदानको प्रशंसा गर्दै बढीभन्दा बढी सुविधा उपलब्ध गराउने विषयमा कतार गम्भीर रहेको उल्लेख गर्नुभयो । पोखरालगायतका अन्तर्राष्ट्रिय बिमानस्थलमा सिधा उडानका लागि कतारका एयरलायन्सहरु तयार रहेको समेत राजदूत हेलले जानकारी गराउनु भयो ।

## २. अन्तर्राष्ट्रिय भ्रमणः

**२०८० वैशाख ६ देखि १२ गते सम्मः** रुसको माथिल्लो सभा फेडेरेसन काउन्सिलका अध्यक्ष Valentina Matviyenko को निमन्त्रणामा संघीय संसद्, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले ८ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै रुसी महासंघको औपचारिक भ्रमण गर्नुभएको थियो ।

भ्रमणको क्रममा प्रतिनिधिमण्डलले रुसको माथिल्लो सभा फेडेरेसन काउन्सिलका अध्यक्ष भ्यालेन्टिना माटिभऐन्को, तल्लो सदन स्टेट डुमाका अध्यक्ष एच.ई.भ्याचेस्लाभ भोलोडिन, रुसका उपप्रधानमन्त्री डि.एन. चेर्नीशेन्को, उपविदेशमन्त्री ए.वाई.रुडेन्को, सेन्ट पिटर्सवर्गकको विधायन सभाका उपाध्यक्ष, स्वतन्त्र कमनवेल्थ राष्ट्रहरुको अन्तरव्यवस्थापिका सभाका महासचिव दिमित्रि कोबित्स्कीसँग भेटवार्ता भएको थियो । भ्रमणको क्रममा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष र रुसको माथिल्लो सभा फेडेरेसन काउन्सिलका अध्यक्ष भ्यालेन्टिना माटिभऐन्कोबीच अन्तर-संसदीय सहयोग सम्बन्धी सहमति पत्रमा हस्ताक्षर भएको थियो ।

सम्माननीय अध्यक्ष नेतृत्वको प्रतिनिधिमण्लको भ्रमणबाट एक अर्काको राजनीतिक प्रणाली तथा विधायिकी प्रक्रिया सम्बन्धी बुझाईलाई थप गहन बनाउन, दुई देशका असल अभ्यास, विज्ञता, सूचना एवं संसदीय प्रतिनिधिमण्डल आदानप्रदान तथा जनसम्पर्क प्रवर्द्धन गर्ने र आपसी सहयोग आदानप्रदान लगायत विविध विषयमा छलफल भएको थियो । यसका साथै नेपालसँग सिधा हवाई सेवा पुनः सञ्चालन गर्ने, नेपालको माग भएमा जीटूजी आधारमा रासायनिक मल तथा खाद्यन्न गहुँ

निर्यात गर्न तथा नेपाली विद्यार्थीका लागि छात्रवृत्तिको संख्या बढाउन, नेपालले चाहेमा बाल अस्पतालको स्तरवृद्धि तथा निर्माण गर्न, ललितपुर महानगरपालिका र उलान उडे तथा पोखरा महानगरपालिका र सोची शहरबीच भगिनी सम्बन्ध स्थापना गर्न, व्यापार तथा उद्योगको क्षेत्रमा लगानी बढाउने लगायत विषयमा सहमति भएको थियो ।

**२०८० वैशाख १७ देखि २२ गते सम्मः** कम्बोडियाका प्रधानमन्त्री सम्देक टेको हुनसेनलाई मानार्थ विद्यावारिधी तथा "Patron" of the World Fellowship of Buddhists को उपाधी प्रदान गर्ने कार्यक्रममा विशिष्ठ अतिथाका रुपमा सहभागी हुनभएको थियो । उक्त भ्रमणका क्रममा कम्बोडियाको सिनेटका अध्यक्ष समदेश विभोलेस्ना फेकदेक चे सुम र सम्माननीय अध्यक्ष बीच शिष्टाचार भेटघाट भएको थियो । सम्माननीय अध्यक्ष कम्बोडिया भ्रमण पश्चात दक्षिण कोरियाको सियोलमा आयोजित Peace Summit २०२३ कार्यक्रममा सहभागी हुनुभएको थियो ।

**२०८० जेठ २६ देखि असार ६ गते सम्मः** राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना को नेतृत्वमा संसदीय प्रतिनिधिमण्डलले चीनको औपचारिक भ्रमण गरेको थियो । सम्माननीय अध्यक्षले तिब्बतमा २०२३ जुन १६-१७ सम्म आयोजना भएको पाँचौ चीन तिब्बत पर्यटन तथा सँस्कृति एक्स्पोलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्नुभएको थियो । भ्रमणका क्रममा सम्माननीय अध्यक्ष र चीनको राष्ट्रिय जनकङ्ग्रेसको स्थायी समितिका अध्यक्ष चाओ लिजिकाबीच भएको भेटवार्ताको क्रममा अध्यक्षले काठमाडौं सहित पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल भैरहवामा समेत चीनका विभिन्न शहरबाट सिधा हवाई उडान गर्न आग्रह गर्नुभएको थियो ।

त्यसैगरी सम्माननीय अध्यक्षले भ्रमणका क्रममा चीनियाँ कम्युनिष्ट पार्टि तिब्बतका पार्टी महासचिव वाङ चेङचुङ र सांघाईमा चीनको सांघाई म्युनिसिपल पिपुल्स कङ्ग्रेस स्थायी समितिका अध्यक्ष डोङ युन्हुसँग शिष्टाचार भेट गर्नुभएको थियो । सबै भेटमा नेपाल-चीन नाकामा सहजिकरण, सिधा हवाई उडान, भौतिक पूर्वाधार निर्माणसहित द्विपक्षीय सहयोग र सहकार्यका विभिन्न पक्षमा छलफल भएको थियो ।

सम्माननीय अध्यक्षसहितको नेपाली प्रतिनिधिमण्डल चीनको सिचुवान प्रा.न्तको छेन्दुबाट पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थलका लागि प्रथम पटक उडान भरेको चार्टर्ड बिमानमार्फत असार ६ गते पोखरामा अवतरण गरेको थियो ।

**३. विभिन्न निकायहरुबाट आयोजित सभा/समारोह/गोष्ठी/अन्तर्क्रिया कार्यक्रममा सहभागिताः**

**२०८० वैशाख ५ गतेः** नेपाल वुद्धिचाल महासंघ र लुम्बिनी इभेन्ट म्यानेज्मेन्टको संयुक्त आयोजनामा ले हिमालय होटल, लाजिम्पाट, काठमाडौंमा सञ्चालन भएको नेशनल चेस च्याम्पियनसिप २०२३ को उद्घाटन समारोहमा सहभागी भई प्रतियोगिताको समुद्घाटन गर्नु भएको थियो ।

**२०८० वैशाख १६ गतेः** अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, बुटवलमा आयोजित राष्ट्रिय लोक भजन चुट्का संरक्षण प्रतिष्ठानको तेस्रो केन्द्रीय महाधिवेशन कार्यक्रममा सहभागी हुनु भएको थियो ।

**२०८० वैशाख २४ गतेः** संघीय संसद् सचिवालयमा आयोजित शपथ ग्रहण कार्यक्रममा सम्माननीय अध्यक्षले नवनियुक्त राष्ट्रिय सभा सचिव डा. सुरेन्द्र अर्याललाई राष्ट्रिय सभाको सचिव पदको पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भएको थियो ।

**२०८० वैशाख २६ गतेः** कानून दिवस, २०८० को उपलक्ष्यमा सर्वोच्च अदालतद्वारा अदालत परिसरमा आयोजित चियापान कार्यक्रममा सम्माननीय अध्यक्षले सहभागिता जनाउनु भएको थियो ।

**२०८० वैशाख २९ गतेः** जिल्ला पर्वत मोदी गाउँपालिका वडा नं १ राम्जाको नवनिर्मित भवन उद्घाटन कार्यक्रममा सहभागी हुँदै भवन उद्घाटन गर्नुभएको थियो ।

